# आवधिक विकास योजना

## (आ.व. २०७८/७९ – २०८२/८३)




## समृद्ध लुङग्री - सुखी जनता

# योजना दस्तावेज

लुङग्री गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

किलाचौर, रोल्पा

लुम्बिनी प्रदेश

२०७८

**प्रथम आवधिक विकास योजना**

*प्रतिलिपि अधिकार* © *२०२१*

*प्रकाशक :*

लुङग्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, रोल्पा

*सम्पर्क* :मोवाइल :
ईमेल: lungrimun@gmail.com
वेवसाईट: www.lungrimun.gov.np

*प्राविधिक सहयोगः* सिभिल लिङ्क/श्रेष्ठ/जिओस्पासल जे.भी कन्सल्टेन्सी प्रा.लि, ललितपुर

# आवधिक विकास योजना

(आ.व. २०७८/७९ – २०८२/८३)

# योजना दस्तावेज

समृद्ध लुङग्री - सुखी जनता

लुङग्री गाउँपालिका
कार्यपालिकाको कार्यालय
किलाचौर, रोल्पा
लुम्बिनी प्रदेश
२०७८

## लुङग्री गाउँपालिका

## प्रथम आवधिक विकास योजना अवधारणा सारांश

| | |
|---|---|
| **दीर्घकालिन सोच** | **समृद्ध लुङग्री - सुखी जनता**<br>**"पूर्वाधार, कृषि र पर्यटनः समृद्ध लुङग्रीको मुख्य साधन"** |
| **निर्देशक सिद्धान्त** | • कृषि, पर्यटन, पूर्वाधार, उद्यमशिलता विकास र सहकारी आर्थिक विकासको आधार<br>• समन्वय, सहकार्य र साझेदारी विस्तार<br>• सुसंस्कृत तथा स्वस्थ समाज निर्माण<br>• वैज्ञानिक भूउपयोग, एकीकृत तथा सुरक्षित वस्ति विकास<br>• दिगो तथा उत्पादनमूलक पूर्वाधार निर्माण<br>• जलवायु परिवर्तन अनुकुलन तथा विपद् पूर्व तयारी<br>• सुशासन तथा विकास व्यवस्थापनमा प्रभावकारीता बृद्धि<br>• समतामूलक विकास, समावेशीकरण तथा लक्षित वर्गको आत्मसम्मान प्रवर्द्धन |
| **लक्ष्य** | **आर्थिक तथा सामाजिक रुपले समुन्नत लुङग्रीको आधार तयार गर्ने** |
| **उद्देश्यहरु** | १. स्थानीय उत्पादन, रोजगारी र आयमा दिगो बृद्धि गर्नु<br>२. सुशिक्षित, स्वस्थ र आत्मनिर्भर जनशक्ति तयार गर्नु<br>३. सडक यातायात तथा सूचना प्रविधिमा पहुँच विस्तार र सार्वजनिक निर्माण व्यवस्थित गर्नु<br>४. जमीन, हरियाली र जलश्रोतको दीगो व्यवस्थापन र समुत्थानशीलता सुनिश्चित गर्नु<br>५. गाउँपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर बृद्धि गर्नु |
| **प्राथमिकता तथा रणनीति** | • कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने<br>• पदयात्रा र ग्रामीण पर्यटनको विकास तथा प्रवर्द्धन गर्ने<br>• गुणस्तरीय शिक्षा,स्वास्थ्य, सरसफाई तथा खानेपानी सुविधामा सबैको पहूँचसुनिश्चित गर्ने<br>• सहज यातायात, व्यवस्थित बजार तथा वस्ति, सुरक्षित आवास, स्वच्छ उर्जा र संचारको विस्तार तथा स्तरोन्नती गर्ने<br>• विकास प्रकृयालाई वातावरणमैत्री, दीगो, विपद् उत्थानशील तथा समतामूलक तुल्याउने<br>• संघ, प्रदेश, छिमेकी गाउँपालिका,स्थानीय समुदाय, सहकारी, निजी क्षेत्र र विकास साझेदार संस्थासँग समन्वय, साझेदारी र सहकार्यलाई विस्तार गर्ने |

| **प्रतिफलहरु** | |
|---|---|
| **उद्देश्य १ संग सम्बन्धित** | |
| प्रतिफल १.१ (**कृषि विकास**) | कृषि उपजको उत्पादन, विविधिकरण र व्यवसायीकरणमा सुधार भएको हुनेछ । |
| प्रतिफल १.२ (**सिंचाई विकास**) | सिंचाई सुविधाको पहुँच तथा विस्तार भएको हुनेछ । |
| प्रतिफल १.३ (**पशु विकास**) | व्यवसायिक पशुपालन एवं पशुपंक्षीजन्य उत्पादनमा वृद्धि भएको हुनेछ । |
| प्रतिफल १.४ (**पर्यटन विकास**) | पर्यटकीय पूर्वाधार विकास तथा पर्यटकीय सेवा र सुविधाको प्रवर्द्धन भएको हुनेछ । |
| प्रतिफल १.५ (**उद्योग, व्यापार तथा व्यवसाय**) | उद्योग व्यवसायको सिर्जना, विकास तथा औद्यौगिक उत्पादनमा वृद्धि भएको हुनेछ । |
| प्रतिफल १.६ (**बैंक, वित्तीय सेवा तथा सहकारी**) | वित्तीय सेवा तथा सुविधाको पहुँचसंगै सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि भएको हुनेछ । |
| **उद्देश्य २ संग सम्बन्धित** | |
| प्रतिफल २.१ (**शिक्षा विकास**) | शैक्षिक गुणस्तर अभिवृद्धि र प्राविधिक तथा उच्च शिक्षामा सहज |

| | |
|---|---|
| | पहुँच भएको हुनेछ । |
| प्रतिफल २.२ (**आधारभूत स्वास्थ्य सेवा**) | स्वास्थ्य सेवाको उपलब्धता सहज तथा गुणस्तरमा बृद्धि भएको हुनेछ । |
| प्रतिफल २.३ (**खानेपानी तथा सरसफाई**) | स्वच्छ खानेपानीको सहज उपलब्धता तथा सरसफाईको अवस्थामा स्तरोन्नती भएको हुनेछ । |
| प्रतिफल २.४ (**लक्षित वर्ग तथा सामाजिक समावेशीकरण**) | लक्षित वर्गको आत्मसम्मान, आत्मनिर्भरता र सहभागितामा अभिवृद्धि भएको हुनेछ । |
| प्रतिफल २.५ (**युवा तथा खेलकूद**) | युवा आत्मनिर्भरता तथा खेल क्षेत्रमा अवसर सृजना भएको हुनेछ । |
| प्रतिफल २.६ (**कला, भाषा तथा साहित्य**) | स्थानीय सम्पदा तथा मौलिक भाषा एवं संस्कृतिको प्रवर्द्धन भएको हुनेछ । |
| **उद्देश्य ३ संग सम्बन्धित** | |
| प्रतिफल ३.१ (**सडक तथा यातायात**) | सडक विस्तार तथा यातायात सहज भएको हुनेछ । |
| प्रतिफल ३.२ (**आवास, वस्ति विकास तथा सार्वजनिक निर्माण**) | सुरक्षित वस्ति, व्यवस्थित बजार तथा सार्वजनिक निर्माणका आधारहरु तयार भएको हुनेछ । |
| प्रतिफल ३.३ (**विद्युत तथा वैकल्पिक उर्जा**) | स्वच्छ उर्जाको विस्तार तथा सहज पहुँच भएको हुनेछ । |
| प्रतिफल ३.४ (**सूचना तथा संचार प्रविधि**) | सूचना तथा संचार प्रविधिमा पहुँच अभिबृद्धि भएको हुनेछ । |
| **उद्देश्य ४ संग सम्बन्धित** | |
| प्रतिफल ४.१ (**वन तथा जैविक विविधता**) | वन तथा हरियाली क्षेत्रमा बृद्धि भएको हुनेछ । |
| प्रतिफल ४.२ (**भूमि तथा जलाधार व्यवस्थापन**) | जल, जमीन तथा जलाधार क्षेत्रको संरक्षण तथा उपयोगमा बृद्धि भएको हुनेछ । |
| प्रतिफल ४.३ (**वातावरण तथा जलवायु अनुकूलन**) | पर्यावरणीय स्वच्छता, जलवायु परिवर्तन अनुकुलन क्षमता र सुन्दरतामा अभिबृद्धि भएको हुनेछ । |
| प्रतिफल ४.४ (**विपद् तथा जोखिम व्यवस्थापन**) | विपद् जोखिम न्यूनीकरण तथा विपद्बाट हुने क्षति कम भएको हुनेछ । |
| **उद्देश्य ५ संग सम्बन्धित** | |
| प्रतिफल ५.१ (**सुशासन, ऐन, नियम तथा जवाफदेहिता**) | स्थानीय ऐन, नियम, कार्यविधि तर्जुमा तथा पालनामा बृद्धि भएको हुनेछ । |
| प्रतिफल ५.२ (**मानव संसाधन तथा संस्थागत विकास**) | जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाको संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ । |
| प्रतिफल ५.३ (**वित्तीय श्रोत परिचालन**) | आन्तरिक तथा वाह्य श्रोत परिचालन क्षमतामा अभिबृद्धि भएको हुनेछ । |
| प्रतिफल ५.४ (**विकास व्यवस्थापन**) | नतिजामूलक योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको संस्थागत विकास भएको हुनेछ । |

| **योजनाको लागि आवश्यक श्रोत अनुमान** | **विषय क्षेत्र** | **कुल अनुमानित लागत (रु. हजार)** | **प्रतिशत** |
|---|---|---|---|
| | आर्थिक विकास | ४५६,००० | १५.४८ |
| | सामाजिक विकास | ८७३,८३० | २९.६७ |
| | पुर्वाधार विकास | १,२८८,३०० | ४३.७४ |
| | वन,वातावरण तथा विपद् व्यवस्थापन | १११,४५० | ३.७८ |
| | सुशासन तथा संस्थागत विकास | २१५,९०० | ७.३३ |
| | **कुल बजेट** | २,९४५,४८० | १००.०० |

| **योजना अवधिमा उपलब्ध हुन सक्ने प्रक्षेपित श्रोत** | **वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा)** | | | | | |
|---|---|---|---|---|---|---|
| | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **कूल** |
| | **४५९२२४.३२** | **५१२९२८.७८** | **५६९०४२.७९** | **५९९०४२.७९** | **६३२७८४.२७** | **२७७३०२२.९५** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|


विषय क्षेत्रगत अनुमानित लागत (प्रतिशतमा)
सुशासन तथा संस्थागत विकास
७.३३
वन, वातावरण तथा विपद व्यवस्थापन
३.७८
पुर्वाधार विकास
४३.७४
सामाजिक विकास
२९.६७
आर्थिक विकास
१५.४८


आगामी ५ बर्षको उपलब्ध हुने सक्ने स्रोत प्रक्षेपण
२०८२/८३
६३२७८४.२७
२०८१/८२
५९९०४२.७९
२०८०/८१
५६९०४२.७९
२०७९/८०
५१२९२८.७८
२०७८/७९
४५९२२४.३२


श्रोत अनुसार आगामी ५ वर्षको अनुमानित आय (प्रतिशत)
सार्वजनिक निजी साझेदारी
३.०४
समुदायको लगानी तथा योगदान रकम (हजारमा)
३.१४
गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम (हजारमा)
७.२९
समपुरक अनुदान (प्रदेश)
३.०७
विशेष अनुदान (प्रदेश)
०.००
शसर्त अनुदान (प्रदेश)
३.०४
समपुरक अनुदान (संघ)
६.६१
विशेष अनुदान (संघ)
६.९६
शसर्त अनुदान (संघ)
३०.१५
वित्तिय समानीकरण (प्रदेश)
४.४१
वित्तिय समानीकरण (संघ)
१६.४६
प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम
०.५९
संघीय सरकारबाट राजस्व बाँडबाँड प्राप्त रकम
१४.४९
गाउँपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा)
०.७५

## शब्द संक्षेप

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| आ.ले.प. | : | आन्तरिक लेखा परिक्षण |
| कि.मि. | : | किलोमिटर |
| कि.वा. | : | किलोवाट |
| गा.पा. | : | गाउँपालिका |
| प्रावि | | प्राथमिक विद्यालय |
| मवि | | माध्यमिक विद्यालय |
| मि. | : | मिटर |
| मि.मि. | : | मिलि मिटर |
| मे टन | : | मेट्रिक टन |
| रो. | : | रोपनी |
| रु. | : | रुपैंयाँ |
| व किमि | | वर्ग किलो मिटर |
| हे. | : | हेक्टर |

# विषय सूची

**विषय सूची** ..... **खछ**
**परिच्छेद १** ..... १
**परिचय** ..... १
**१.१ पृष्ठभूमि :** ..... १
**१.२ योजना तर्जुमाको उद्देश्य** ..... १
**१.३ आवधिक विकास योजना तर्जुमा विधि तथा प्रक्रिया** ..... २
परामर्श संस्थाको तर्फवाट प्रस्तुतिकरण ..... ४
गा.पा. अध्यक्षज्यूवाट सुझाव दिनुहुँदै ..... ४
**१.४ अध्ययनको सीमा** ..... ४
**परिच्छेद २** ..... ६
**गाउँपालिकाको वर्तमान अवस्था** ..... ६
**२.१ गाउँपालिकाको संक्षिप्त परिचय** ..... ६
**२.२ भौगोलिक अवस्था एवं प्रशासनिक विभाजन** ..... ६
**२.३ गाउँपालिकाको जनसंख्या बनौट** ..... ६
**२.४ गाउँपालिकाको आर्थिक तथा सामाजिक अवस्था** ..... ७
**परिच्छेद ३** ..... ९
**दीर्घकालीन सोच, लक्ष्य, उद्धेश्य एवं अपेक्षित नतिजा** ..... ९
**३.१ दिगो विकास लक्ष्य** ..... ९
**३.२ पन्ध्रौं योजनासंगको सम्वन्ध** ..... ९
**३.३ नेपालको दीर्घकालीन सोच** ..... १०
**३.४ लुम्विनी प्रदेश आवधिक विकास योजना** ..... १०
**३.४ लुङग्री गाउँपालिकाको दीर्घकालिन सोचः** ..... १०
**३.२ लक्ष्य तथा उद्धेश्य** ..... ११
**३.४ नतिजा तालिका** ..... १२
**परिच्छेदः ४** ..... १३
**आर्थिक विकास योजना** ..... १३
**४.१ पृष्ठभूमि** ..... १३
**४.२ वर्तमान अवस्था** ..... १३
**४.३ लक्ष्य तथा उद्धेश्य** ..... १७
**४.४ रणनीति तथा कार्यनीति** ..... १७
**तालिका२ः आर्थिक विकासका लागि रणनीति तथा कार्यनीति** ..... १७
**४.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वियन योजना)** ..... २०
**तालिका ३ः आर्थिक विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना** ..... २१
**परिच्छेद ५** ..... २४
**सामाजिक विकास योजना** ..... २४
**५.१. पृष्ठभूमि** ..... २४

५.२. वर्तमान अवस्था...२४
५.३ लक्ष्य तथा उद्धेश्य...२८
५.४ रणनीति तथा कार्यनीति...२९
**तालिका४ः सामजिक विकासका लागि रणनीति तथा कार्यनीति**...२९
५.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वियन योजना)...३५
**तालिका५ः सामाजिक विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**...३५
परिच्छेद ६...४०
पूर्वाधार विकास योजना...४०
६.१. पृष्ठभूमि...४०
६.२ वर्तमान अवस्था...४०
६.३ लक्ष्य तथा उद्धेश्य...४३
६.४ रणनीति तथा कार्यनीति...४३
**तालिका६ः पूर्वाधार विकासका लागि रणनीति तथा कार्यनीति**...४४
६.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वियन योजना)...४५
**तालिका ७ः पूर्वाधार विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**...४५
परिच्छेदः ७...४७
वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन योजना...४७
७.१ पृष्ठभूमि...४७
७.२ वर्तमान अवस्था...४७
७.३ लक्ष्य तथा उद्वेश्य...५१
७.४ रणनीति तथा कार्यनीति...५२
**तालिका८ः वन, वातावरण र विपद् व्यवस्थापनका लागि रणनीति तथा कार्यनीति**...५२
७.५ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वियन योजना)...५५
**तालिका९ः वन, वातावरण र विपद् व्यवस्थापनका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**...५६
परिच्छेदः ८...६०
सुशासन तथा संस्थागत विकास योजना...६०
८.१. पृष्ठभूमि...६०
८.२. वर्तमान अवस्था...६०
८.३ लक्ष्य तथा उद्वेश्य...६३
८.४ रणनीति तथा कार्यनीति...६३
**तालिका १०ः सुशासन तथा संस्थागत विकासका लागि रणनीति तथा कार्यनीति**...६३
८.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वियन योजना)...६६
**तालिका ११ः सुशासन तथा संस्थागत विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**...६६
परिच्छेदः ९...७१
श्रोत परिचालन योजना...७१
९.१ पृष्ठभूमि...७१
९.२ वित्तीय श्रोत...७१
**तालिका १२ः प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट**...७२

**तालिका १३: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट** ........ ७३
**तालिका १४: प्रस्तावित बजेट तथा आयको तुलनात्मक अवस्था** ........ ७४
९.३ मानवीय श्रोत ........ ७५
**तालिका १५: आवधिक योजना कार्यान्वियनका लागि प्रस्तावित मानव संसाधन** ........ ७६
परिच्छेद १० ........ ७७
अनुगमन तथा मूल्याङ्कन योजना ........ ७७
१०.१ पृष्ठभूमि ........ ७७
१०.२ अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया ........ ७७
**तालिका १६: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया** ........ ७८
अनुसूची १: आवधिक विकास योजनाका नतिजा तालिका ........ ८०
अनुसूची २: एकीकृत वार्षिक योजना तर्जुमाको ढाँचा ........ ९१
अनुसूची ३: विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम ........ ९२
अनुसूची ४: आर्थिक विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण ........ ९३
अनुसूची ५: सामाजिक विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण ........ ९८
अनुसूची ६: पूर्वाधार विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण ........ १०४
अनुसूची ७: वन , वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको वस्तुस्थिति विश्लेषण ........ १०६
अनुसूची ८: सुशासन तथा संस्थागत क्षेत्रको वस्तुस्थिति विश्लेषण ........ ११३
अनुसूची ९: आवधिक विकास योजना तर्जुमा सम्वन्धी केही तस्वीरहरू ........ ११७
क. आवधिक विकास योजना तर्जुमा कार्यशालाका केही तस्वीरहरू ........ ११७
ख. आवधिक विकास योजना मस्यौदा प्रतिवेदन प्रस्तुति र छलफलका केही तस्वीरहरु ........ ११९
अनुसूची १०: सन्दर्भ सामग्री ........ १२४

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि :

निश्चित अवधि भित्र गुणात्मक तथा सकारात्मक परिवर्तनलाई सहज तुल्याउन तयार गरिएको तार्किक तथा व्यवस्थित एवं सिलसिलावद्ध मार्गदर्शनको रुपमा आवधिक योजनालाई लिने गरिएको छ । नीतिगत तथा व्यवहारिक दृष्टिकोणले समेत गाउँपालिकाको विकास, समृद्धि तथा सुशासन प्रवर्द्धनका लागि आवधिक विकास योजना तर्जुमा आवश्यक रहेको छ । स्थानीय तह पूनर्संरचना पछि नवगठित स्थानीय सरकारले जनअपेक्षाको सम्बोधन गर्दै समृद्धिको ऐतिहासिक अभिभारा पुरा गर्न समेत आवधिक विकास योजना महत्वपूर्ण हुने विश्वास गरिएको छ ।

स्थानीय तह संचालन सम्बन्धी संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरि गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ । यसैगरी योजना तर्जुमा गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत स्पष्ट गरिएको छ । यसका अतिरिक्त योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्टरुपमा उल्लेख गरेकोछ ।

स्थानीय तहले आफ्नो अधिकारक्षेत्रका विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि वनाई अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान अनुसार विषय क्षेत्रगत योजना तर्जुमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान अनुरुप स्थानीय क्षेत्रको क्षेत्रगत आवधिक योजना तर्जुमा गर्न प्रयास गरिएको छ । यस योजनाले लुङग्री गाउँपालिकाको समग्र विकासको पाटोलाई समेटी स्थानीय विकासको दिर्घकालिन सोच निर्धारण गरी, आगामी ५ वर्षमा हासिल गर्न सकिने गरी लक्ष्य किटान गर्ने र सो को अधीनमा रही श्रोत परिचालनको समेत योजना तर्जुमा गर्नेछ ।

लुङग्री गाउँपालिकाले सहभागितामूलक प्रकृयाद्धारा तर्जुमा गरेको यस आवधिक विकास योजना तर्जुमाका क्रममा नेपालले लिएको दिगो विकास लक्ष्य, पन्धौं राष्ट्रिय योजना तथा लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले परिलक्षित गरेको दिशा उन्मुख हुनेगरी तालमेल मिलाइएको छ । यस क्रममा गाउँपालिकाको वर्तमान अवस्थाको समिक्षा तथा गाउँ विकासका सरोकारवाला माझ छलफल गरी संभावना, अवसर, समस्या र चुनौति विश्लेषण गरिएको थियो । सो विश्लेषणबाट आवधिक विकास योजनाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं प्रमुख कार्यक्रमहरु र आवश्यक श्रोत प्रक्षेपण सहितका प्रक्रियाबाट यस योजना तर्जुमा गरिएको छ । गाउँ कार्यपालिकाको नेतृत्व तथा गाउँ कार्यपालिकाका पदाधिकारी, जन प्रतिनिधिज्यूहरु, विषयगत समितिका पदाधिकारी, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि, स्थानीय जानकार व्यक्ति, गाउँ विकासका सरोकारवालालगायत विषय विज्ञहरुको रायसमेतका आधारमा यस योजना तयार गरिएका छ । यसरी तयार भएको आवधिक विकास योजना गाउँपालिकाको मध्यकालीन खर्च संरचना, विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि प्रमुख आधारका रुपमा रहने छ ।

## १.२ योजना तर्जुमाको उद्देश्य

लुङग्री गाउँपालिकाको विकास तथा समृद्धिका लागि विषय क्षेत्रगत रुपमा पञ्चवर्षीय विकासको लागि तथ्यपरक तथा व्यवस्थितमार्गचित्र तयार गर्नु यस आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । आवधिक विकास योजना तर्जुमा विशिष्ट उद्देश्यहरु देहायअनुसार रहेका छन् ।

- दीर्घकालिन सोच उन्मुख रही समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक दस्तावेज तयार गर्ने,
- गाउँ विकासका साझेदार तथा सरोकारवालाहरुको सहभागितामा गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने,
- विषय क्षेत्रगतरणनीतिक योजना, मध्यकालिन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारी कार्यलाई निर्देशित गर्ने,
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने
- अन्य तहको सरकार, विकास साझेदार, समुदाय, सहकारी तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने

## १.३ आवधिक विकास योजना तर्जुमा विधि तथा प्रक्रिया

यस गाउँपालिकाको आवधिक विकास योजना तयारी कार्यमा परामर्शदातृ सहयोगको लागि रितपूर्वक भएको सम्झौताअनुसार सिभिल लिङ्क/श्रेष्ठ/जिओस्पासल जे.भी कन्सल्टेन्सी प्रा.लि, ललितपुर को प्राविधिक सहयोग परिचालन गरिएको थियो । यस आवधिक विकास योजना तर्जुमाका लागि देहाय बमोजिमको विधि तथा प्रक्रिया अवलम्वन गरिएको थियो ।

### १.३.१ आधार रेखा सूचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक विकास योजना तर्जुमा कार्यको प्रारम्भमा वस्तुस्थिति विश्लेषणमार्फत आधार रेखा सूचना हासिल गर्न वस्तुस्थिति विवरणको समिक्षा तथा स्थानीय जानकार व्यक्ति सहित गा.पा.का ७ वटै वडामा गरिएको वडास्तरीय छलफल र गाउँ विकासका सरोकारवालाहरुको सहभागितामा सम्पन्न कार्यशालाको निश्कर्षलाई उपयोग गरिएको थियो । जसअनुसार गाउँपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन,वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्थालाई विषयक्षेत्रगत रुपमा प्रस्तुत गरिएको छ ।

### १.३.२ योजना तर्जुमा कार्याशाला गोष्ठी

आवधिक विकास योजना तर्जुमा कार्यमा सरोकारवाला सहभागीहरु माझ आवधिक विकास योजनाको ढाँचा सहित तर्जुमा विधि तथा प्रकृया सम्बन्धमा साझा बुझाइ कायमगर्न लुङग्री गाउँ कार्यपालिका कार्यालयको आयोजना तथा विषयगत समितिहरुका पदाधिकारी, विषयगत शाखाका प्रमुख, स्थानीय जानकार व्यक्ति तथा गाउँ विकासका सरोकारवालाहरुको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न भएको थियो । योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना मिति २०७७ साल माघ ५ र ६ गते दुई दिने गाउँ कार्यपालिका कार्यालय, बडाचौरमा सम्पन्न भएको थियो । सो कार्यशालाको पहिलो दिन आवधिक योजना तर्जुमासम्बन्धी अवधारणा, योजना तर्जुमा विधि, चरण तथा प्रक्रिया सम्बन्धमा छलफल गरी आवधिक विकास योजना तर्जुमाको कार्ययोजना तयार गरी योजना तर्जुमा कार्य अगाडि बढाइएको थियो । कार्यशालामा विषयगत समितिका संयोजकको संयोजकत्वमा विषयगत रुपमा छलफल गरी प्रस्तुतिका क्रममा आयका सहभागिहरुका सुझाब समेतलाई आत्मसात गरी अन्तिम रुप दिइएको थियो । कार्यक्रमको दोश्रो दिन गाउँ विकासको संभावना तथा समस्या विश्लेषण, दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, विषय क्षेत्रगत रणनीतिक कार्यक्रम एवं भौतिक लक्ष्य निर्धारण एवं वार्षिक कार्यान्वयन तालिका र अनुगमन तथा मुल्याङ्कन सम्बन्धमा समान बुझाइ कायम गरिएको थियो ।




आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरु



आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको छलफलको एक दृष्य

### १.३.५ योजना दस्तावेज तयारी

आवधिक विकास योजना तयारी कार्यशाला गोष्ठीको निश्कर्ष तथा प्रतिफललाई सम्बन्धीत विषयका विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा स्वीकृत ढाँचा बमोजिम दस्तावेज तयार गरिएको छ । यस क्रममादिगो विकास लक्ष्य, राष्ट्रिय तथा लुम्बिनी प्रदेश आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा कार्यक्रम र गाउँपालिकाका क्रमागत कार्यक्रमसँग तादम्यता मिलाइएको थियो । आवधिक विकास योजनाको यस दस्तावेज दश परिच्छेदमा विभाजन गरिएको छ । दस्तावेज तयारीका क्रममा विषयविज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक विकास योजनाको मस्यौदा दस्तावेज तयार गरिएको थियो ।

यस कार्यशालाबाट योजनाको वित्तीय विश्लेषणमा आन्तरिक राजश्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान विश्लेषण गरी पुग/अपुग श्रोत परिचालन रणनीति समेत तय गरिएको छ । साथै कार्यशालामा योजनाको नतिजा खाकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाका समेत प्रस्तुत तथा छलफल गरिएको थियो । यस कार्यशाला गोष्ठीमा कार्यपालिकाका पदाधिकारी, सबै विषय क्षेत्र योजना तर्जुमा समिति पदाधिकारी, कर्मचारी, स्थानीय विषयविज्ञ तथा अगुवा, समाजसेवी बुद्धिजिवी, लक्षित वर्ग तथा समुदाय, राजनीतिक दल, गैसस र सामुदायिक संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

### १.३.६ सुझाव संकलन, प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

गाउँ कार्यपालिका कार्यालयमा पेश गरिएको आवधिक विकास योजनाको मस्यौदा दस्तावेजलाई विषयगत समिति, विषयगत शाखा र वडा समितिबाट सुझाब संकलन गरिएको थियो । आवधिक विकास योजनाको मस्यौदा दस्तावेजको प्रस्तुतिकरण, महत्वपुर्ण सुझाव संकलन र दस्तावेजलाई अन्तिम रुप दिने उद्देश्यले गाउँ कार्यपालिका कार्यालयको आयोजनामा एक दिवसिय आवधिक विकास योजना प्रमाणीकरण कार्यशाला गोष्ठी मिति २०७८ आषाढ ११ गते गाउँ कार्यपालिकाको कार्यालय बडाचौरमा सम्पन्न गरिएको थियो । यो कार्यशालामा गाउँ सभाका सदस्य, प्रमुख प्रशासकीय अधिकृतज्यू, राजनीतिक दलका प्रमख एवं प्रतिनिधीज्यूहरु, विषयगत शाखा प्रमुखहरु, लक्षित वर्गका प्रतिनिधि, स्थानीय जानकार व्यक्तिसहितको गाउँ विकासका सरोकारवालाहरुको सहभागिता रहेको थियो । यस कार्यशालावाट गाउँ कार्यशालामा मस्यौदा दस्तावेजको सिलसिलेवार प्रस्तुति, विषय क्षेत्रगत समूह छलफल तथा वृहत समूह छलफल गरी आवधिक विकास योजनालाई पूर्ण बनाउन आवश्यक सुझाव संकलन

गरिएको छ । यसैगरी गाउँपालिकाको ७ वटै वडाहरुमा गाउँपालिकाको समन्वयमा र वडा अध्यक्षज्यूहरुको अध्यक्षतामा वडा स्तरीय छलफल भई वडाका समष्या र चुनौतिहरु, अवसर र सम्भावनाहरु तथा आवष्यक कार्यक्रम र रणनीतिको टिपोट गरिएको थियो । यसरी वडास्तरीय छलफल र मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण र सुझाव संकलन कार्यशालाबाट प्राप्त सुझाब, पृष्ठपोषण तथा निष्कर्षलाई समावेश गरी लुङग्री गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ ।




परामर्श संस्थाको तर्फवाट प्रस्तुतिकरण



गा.पा. अध्यक्षज्यूवाट सुझाव दिनुहुँदै

## १.४ अध्ययनको सीमा

आवधिक विकास योजना तर्जुमाका क्रममा श्रोत, साधन, क्षमता तथा समयावधीसँग सम्वन्धित सीमा तथा परिसीमन रहेका छन् । यससम्बन्धी विवरणलाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

- **श्रोत, साधन तथा जनसक्तिः** गाउँपालिकाको आवधिक विकास योजनाका लागि वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भएको सीमित श्रोत, सूचना तथा तथ्याङ्क र गाउँ कार्यपालिका कार्यालयमा रहेको आवधिक योजना तर्जुमासँग सम्बन्धित जानकारी तथा विज्ञताको कमीका बावजुद परामर्शदातृ संस्थाको प्राविधिक सहयोगलाई यथासम्भव प्रभाबकारी हुने गरी परिचालन गरिएको थियो । तयारीका क्रममा वडा तहबाट बृहत सहभागितामूलक छलफलको आधारमा योजना तयार गरिएको थियो । यस आवधिक विकास योजनाको कार्यान्वयनको सफलताका लागि श्रोत, साधन तथा जनशक्ति र परिचालनको विद्यमान क्षमतामा सुधार हुने अपेक्षा रहेको छ ।
- **ढाँचा, विधि तथा प्रकृयाः** गाउँ कार्यपालिका कार्यालयसँगको सहमती, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, विगतका सफल अभ्यास तथा विज्ञका सुझाबका आधारमा योजना तर्जुमा कार्यशालले स्थानीय वस्तुस्थितिबमोजिम तय गरेको ढाँचा विधि तथा प्रकृयाको उपयोग गरिएको थियो । यस क्रममा उपलब्ध साधन, श्रोत, समयावधी तथा अन्य सिमीततालाई दृष्टिगत गरी आवधिक विकास योजना तयारीको सहज कार्ययोजना तय गरिएको थियो ।
- **योजना तथा कार्यक्रमः** यस आवधिक योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको रणनीतिक र मार्गदर्शक योजनाको खाका मात्र भएकोले गाउँपालिकाको वस्तुस्थिति विश्लेषणको आधारमा दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयगत क्षेत्र, उद्देश्य, रणनीति, प्राथमिकता क्षेत्र निर्धारणको आधारमा रणनीतिक कार्यक्रमहरुको तर्जुमा मात्र केन्द्रित छ । प्रचलित कानून बमोजिम स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक वार्षिक योजना तर्जुमा पद्धतिबाट कार्यक्रम छनोट गर्नुपर्ने व्यवस्थालाई रणनीतिक ढंगबाट निर्देशित गर्ने दस्तावेजको रुपमा रहने हुनाले समुदाय तथा वडास्तरका कार्यक्रमले समेटिनु पर्ने क्रियाकलाप तहका परियोजनाहरु समावेश गरिएको छैन ।

- **लागत तथा लगानी पूर्वानुमानः** विगतका अभ्यास, गाउँ कार्यपालिकाका कार्यालयका प्राविधिक कर्मचारी तथा योजना तर्जुमा कार्यमा संलग्न प्राविधिक सहयोग टोलीका सम्बन्धीत विषय विज्ञका सुझाबका आधारमा अनुमानित लागत तथा लगानीको पूर्वानुमान गरिएको छ । गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइसकेको अवस्था नहुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन । यस योजनाको सफल कार्यान्वयन विद्यमान संघीय तथा प्रादेशिक अनुदानको आनुपातिक बृद्धि, संघ तथा प्रदेश सरकार, स्थानीय पूर्वाधार विकास कार्यक्रम (संसद विकास कोष), निजी क्षेत्र तथा स्थानीय समुदाय र विकास साझेदार संस्थाको लागत साझेदारीको विद्यमान अवस्थामा भएको अपेक्षित सुधारमा निर्भर रहनेछ ।
- **कोभिड १९ को प्रभाव :** कोभिड १९ को दोश्रो लहरको कारण अध्ययन कार्यको लागि कार्यशाला गोष्ठी पश्चात वडाहरुमा गई छलफल गर्नु पर्नेमा सम्भव देखिएन । कोभिड १९ को असर कम हुने साथ गा.पा.को ७ वटै वडामा पुगेर अवलोकन गर्ने, छलफल तथा आवष्यक सुचना संकलन गर्ने कार्य गरिएको थियो ।

# परिच्छेद २
# गाउँपालिकाको वर्तमान अवस्था

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

समुद्री सतहबाट करिव ९०० मि. करीव २५०० मि.उचाईको भूभागमा अवस्थित यस लुङ्ग्री गाउँपालिका सुनछहरी गाउँपालिकाको उवा र सेरमबाट बहने अति सौन्दर्य र मनमोहक नदी लुङग्रीको नामबाट नामाकरण गरिएको हो । यस गाँउपालिकाको केन्द्र बडाचौर रोल्पामा छ जुन रोल्पा जिल्ला सदरमुकाम लिवाङ देखी ३५ कि.मि.उत्तरी पुर्व भागमा अवस्थित रहेको छ । सातवटा वडाहरुमा विभाजित यस गाँउपालिकाको क्षेत्रफल १३५.२४ वर्ग कि.मि. र जनसंख्या २३६३१ रहेको छ *(२०६८ को जनगणना अनुसार)* । साविकका ५ वटा गाउँ विकास समितिहरु मिलाइएर वनेको यस लुङग्री गाउँपालिकाको पुर्वमा नौबाहिनी गाउँपालिका प्यूठान, पश्चिममा सुनछहरी गाउँपालिका र सुनिल स्मृति गाउँपालिका, उत्तरमा सुनछहरी गाउँपालिका र दक्षिणमासुनिल स्मृति गाँउपालिका र प्युठान जिल्ला रहेको छ ।

गाउँपालिकामा अवस्थित जुटुङ खोला मुख्य आकर्षणको केन्द्रको रुपमा रहेको छ । यो रोल्पा जिल्लाको सिमिगिठा फेंदीबाट सुरु भएर झण्डै १३ वटा साना ठूला खोला विस्तारित छ । यो नदि शुद्ध र प्राकृतिक पानीको श्रोतको अनुपम भण्डार हो । यस नदिको वरिपरि ४५० थरिका वनस्पतिहरू छन् । यहाँ १० थरिका माछाका प्रजातिहरू, ४८ प्रजातिका घुमन्ते चरा, ५ प्रजातिका पुतलीका साथै २ प्रजातिका घस्रने जन्तुहरू पाइएका छन् । लोपोन्मुख अवस्थामा पुगेका र औषधीका रूपमा प्रयोग हुने साज र खयरको जङ्गल पनि यहाँको विशेषता हो ।

लुङग्री गाउँपालिकाको कूल क्षेत्रफल १३५.२४ वर्ग किलोमिटर मध्ये करीव दुई तिहाई भूभाग वन जङ्गलले ढाकेको छ भने बाँकी भूभाग बस्ती वा आवादीले ओगटेको छ । यहाँ उवलब्ध रहेको कूल खेतीयोग्य जमिनमध्ये १० प्रतिशत जमिनमा मात्र सिँचाई सुविधा उपलब्ध छ भने बाँकी ९० प्रतिशत जग्गामा वर्षात्को सिचाइँमा भर पर्नु पर्दछ ।

## २.२ भौगोलिक अवस्था एवं प्रशासनिक विभाजन

लुङग्री गाउँपालिका लुम्बिनी प्रदेशअन्तर्गत रोल्पा जिल्लाको उत्तर पूर्वी भागमा अवस्थित रहेको छ । यस गाउँपालिका स्थानीय तह पुनर्संरचनाका क्रममा वि.सं. २०७३ साल फागुन २३ गते रोल्पा जिल्लाका साविक पाङ, सिर्प, बडाचौर, गुम्चाल र हार्जङ गाविसहरुलाई समावेश गरी स्थापना गरिएको हो । रोल्पा जिल्लाका प्रतिनिधि सभा सदस्यका लागि एउटा मात्र निर्वाचन क्षेत्र कायम रहेको छ । यस क्षेत्र हाल प्रदेश सभा सदस्यको निर्वाचनका लागि तय गरिएका निर्वाचन क्षेत्रमध्ये प्रदेश क अन्तरगत पर्दछ ।

## २.३ गाउँपालिकाको जनसंख्या बनौट

पछिल्लो जनगणना २०६८ अनुसार लुङग्री गाउँपालिकाको कुल जनसंख्या २३६३१ रहेको छ । जसमध्ये पुरुषको संख्या १०५०४ छ भने महिलाको जनसंख्या १३१२७ छ । लुङग्री गाउँपालिकाकाको जनसंख्या विष्लेषण गर्दा महिलाको प्रतिशत ५५.५५ देखिन्छ भने पुरुष प्रतिशत ४४.४५ देखिन्छ । लुङग्री गाउँपालिकाको ७ वडाहरु मध्ये सवभन्दा धेरै जनसंख्या भएको वडा नं १ हो जसको जनसंख्या ४५६७ रहेको छ । यसैगरि सवभन्दा थोरै जनसंख्या रहेको वडा भनेको वडा नं ७ हो जसको जनसंख्या २३९६ रहेको छ । अन्य वडाहरुको जनसंख्या हेर्दा वडा नं २ मा ३८६५, वडा नं ३ मा २६९६, वडा नं ४ मा ३२६१, वडा नं ५ मा ३०३१, र वडा नं मा ३८१५ रहेको देखिन्छ । यो गाउँपालिका मा रहेको घर धुरी संख्या ४४०२ छ । वडा नं १ मा सवभन्दा धेरै अर्थात ८६७ घरधुरी छन् भने वडा नं ७ मा ४२४ घरधुरी रहेका छन् । लुङग्री गाउँपालिकामा प्रति घरधुरी जनसंख्या ३.३७ देखिन्छ ।

| वडा | पुरुष | महिला | जम्मा | घरधुरी |
|---|---|---|---|---|
| १ | २०२७ | २५४० | ४५६७ | ८६७ |

| वडा | पुरुष | महिला | जम्मा | घरधुरी |
| --- | --- | --- | --- | --- |
| २ | १६७० | २१९५ | ३८६४ | ७९८ |
| ३ | १२०३ | १४९३ | २६९६ | ५०६ |
| ४ | १४१९ | १८४२ | ३२६१ | ६०२ |
| ५ | १३५० | १६८१ | ३०३१ | ५५६ |
| ६ | १७२२ | २०९३ | ३८१५ | ६५० |
| ७ | १११३ | १२८३ | २३९६ | ४२४ |

श्रोत : राष्ट्रिय जनगणना २०६८




## २.४ गाउँपालिकाको आर्थिक तथा सामाजिक अवस्था

गाउँपालिकामा उपलब्ध कूल जमिन मध्ये करीव ४२ प्रतिशत भूभाग खेतीयोग्य जमिन रहेको छ । मुख्य पेशा कृषि तथा पशुपालन रहेको यस गाउँपालिकाका करीव ८० प्रतिशत जनता यस क्षेत्रमा संलग्न रहेको पाईन्छ । गा.पा.मा कृषि तथा पशुपालन कार्यमा व्यवसायिक अभ्यासहरुको शुरुवात हुँदै गैरहेको अवस्था देखिन्छ । पशुपालका लागि चरिचरण क्षेत्रको विकास गर्ने सम्भावना पर्याप्त रहेको छ ।

स्थानीयस्तरमा कृषि तथा वनजन्य कच्चा पदार्थहरुको उपलब्धता रहेको पाईन्छ । यसरी उपलब्ध श्रोतहरुमा खासगरी उत्तीस, बाँस, अल्लो तथा सिस्नो रहेका छन् । साना साना वजार केन्द्रहरुको विकास हुँदै जानु र व्यवसायिक गतिविधिहरु समेत सोही अनुपातमा बृद्धि हुँदै जानुले समेत स्थानीय आर्थिक विकासमा फड्को मार्न सक्ने अवस्थामा यस गाउँपालिका रहेको देखिन्छ ।

कृषि तथा पशु सम्बन्धी व्यवसायिक फर्म संख्या करीव २० वटा क्रियाशील रहेको, लघु तथा साना उद्योगहरुको संख्या करीव २५, सानातिना व्यापार व्यवसाय २५० संचालनमा रहनु तथा खानीका रुपमा ३ वटा ढुङ्गाखानी संचालनमा रहेको छ । गाउँपालिका क्षेत्रभित्र एउटा नेपाल बैंक लिमिटेड शाखा स्थापना भएको छ भने ६ वटा

सहकारी समेत संचालनमा रहेका छन् । गाउँपालिकाभित्र स्थानीयस्तरमा चर्चित सुपादेउराली, सुनछहरी झरना, डाडागाउँ, वडाचौर एयरपोर्ट, जस्ता पर्यटकीय क्षेत्रहरु रहेका छन् ।

गाउँपालकाको साक्षरता दर ५७ प्रतिशत रहेको छ । यस गाउँपालकामा ९ वटा मा.वि ।र २४ आधारभूत तहका गरी ३३ वटा सामुदायिक विद्यालय रहेका छन् । स्वास्थ्य संस्थाका रुपमा ६ वटा स्वास्थ्य चौकी र १ वटा सामुदायिक स्वास्थ्य इकाई रहेका छन् । अस्पतालको स्वास्थ्य सेवा लिनका लागि ३ घण्टाभन्दा बढीको यात्रा गर्नुपर्ने अवस्था रहेको छ । खुला दिशामुक्त क्षेत्र घोषणा भईसकेको यस क्षेत्रमा पाइपबाट उपलब्ध खानेपानीको सुविधा करिव ८३.२० प्रतिशत घरपरिवार रहेको छ । लुङग्री गाउँपालिकाभित्र हालसम्म निर्मित सडकको लम्बाई १८८ किमि रहेको, करीव ६ किमिको दूरीमा अवस्थित सुनिलस्मृति गाउँपालिकाको केन्द्र सुलिचौरसम्मको पहुँचबाट सदरमुकाम तथा पूर्वपश्चिम राजमार्गतर्फको यातायात सहज नै रहेको देखिएतापनि सबै वडामा बाह्रै महिना यातायात संचालनमा कठिनाई देखिएको छ । यसैगरी करीव ७० प्रतिशत घरधुरीमा विद्युत सुविधा पुगिसकेको देखिन्छ भने ३० प्रतिशत घरपरिवारमा बत्तीको श्रोतको रुपमा सोलारको प्रयोग हुँदै आएको छ । यसैगरी खाना पकाउने प्रमुख ईन्धनको रुपमा दाउरा प्रयोग गर्ने परिवार ९५ प्रतिशत जति रहेको देखिन्छ भने जम्मा घरधुरीको ५ प्रतिशतले एलपीजी ग्याँसको प्रयोग गर्ने गरेका छन् ।

नेपाल मानव विकास प्रतिवेदन २०१४ तथा नेपालमा गरिबी लघुक्षेत्र अनुमान २०६८ अनुसार मानव विकास सुचकाङ्क तथा गरिबीलाई विश्लेषण गरिएको छ । नेपाल मानव विकास प्रतिवेदन २०१४ ले रोल्पा जिल्लाको मानव विकास सुचकाङ्कको मान ०.४३१ रहेको छ । यसैगरी प्रतिवेदन अनुसार तत्कालीन ७५ जिल्लाहरू मध्ये मानव बिकासको अवस्थामा ७४ औं जिल्लाका रूपमा देखाएको छ । प्रतिवेदनअनुसार यस जिल्लाको सरदर आयु ६८.३९ वर्ष रहेको देखाएको छ । गरिबीको सन्दर्भमा गरिबीको लघु क्षेत्र अनुमान २०६८ अनुसार यस जिल्लामा २६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको र विषमता ५.६२ प्रतिशत रहेको देखिन्छ । उपर्युक्त प्रतिवेदनहरूमा रोल्पा जिल्लाको सन्दर्भमा उल्लेखित विवरण वा मानलाई यस गाउँपालिकाको हकमा सामान्यिकरण गर्न सकिने देखिन्छ ।

# परिच्छेद ३
# दीर्घकालीन सोच, लक्ष्य, उद्धेश्य एवं अपेक्षित नतिजा

दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजनाका उद्धेश्यहरु, नेपालको दीर्घकालीन सोच र लुम्बिनी प्रदेश सरकारको आवधिक विकास योजनाले लिएका दिर्घकालीन सोच, लक्ष्य र उद्धेश्य संग तादम्यता गर्दै लुङ्ग्री गाउँपालिकाको पञ्चवर्षिय आवधिक विकास योजना तयार गरिएको छ । गाउँ कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरुको सहभागितामा लुङ्ग्री गाउँपालिकाको करिब २५ वर्षसम्मको समग्र विकास प्रकृयालाई मार्गदर्शन प्रदान गर्ने उद्धेश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

## ३.१ दिगो विकास लक्ष्य

सन् २०१५ को सेप्टेम्बर महिनामा संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१६ देखि २०३० (बि.सं. २०७२ देखि २०८७) सम्म विश्व रूपान्तरणको लागि महत्वाकांक्षी १७ वटा लक्ष्य (न्यबा), १६९ वटा परिमाणात्मक लक्ष्य ( त्वचनभत) र २३४ वटा सूचक (Indicator) हरूको घोषणा गर्‍यो । नेपाल दिगो विकास लक्ष्यलाई आत्मसाथ गर्ने एक अग्रणी राष्ट्र हो । नेपाल सरकारले सन् २०१५ को सुरुवातमै दिगो विकास लक्ष्यको प्रारम्भिक प्रतिवेदन बनाई संयुक्त राष्ट्र संघमा पेस गर्‍यो र “दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्रः सन् २०१६-२०३०” नामक अर्को दस्तावेज तयार गरी चौधौं योजनादेखि क्रमशः दिगो विकास लक्ष्य कार्यान्वयन गर्दै आएको छ र १५ औं योजनामा पनि यसलाई निरन्तरता दिइएको छ । नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनको लागि १६ वटा लक्ष्य, १५९ परिमाणात्मक लक्ष्य र ४७९ सूचक निर्धारण गरेको छ । दिगो विकासका लक्ष्यहरूले सहश्राव्दी विकास लक्ष्यका उपलब्धिमा टेकेर त्यसबाट हाँसिल हुन नसकेका कुराहरूलाई पुरा गर्न खोजेका छन् । यिनले विकासका हरेक आयामहरूमा कसैलाई पनि पछाडि नछोडी सँगसँगै अगाडि लैजाने प्रतिबद्धता जनाएका छन् । यी लक्ष्यहरूले विश्वका सबै राष्ट्रहरूमा सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकास गरी सबै स्वरुप र किसिमका गरिबीको अन्त्य गर्ने, सबैका लागि शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ इन्धन र वातावरण, भयमुक्त कार्यस्थल र वासस्थानको निर्माण गर्ने, विकासमा सबै तह र तप्काको समान साझेदारिता र हिस्सा, मानव अधिकारको प्राप्ति, सबै महिला तथा बालबालिकाको लागि लैङ्गिक समानता तथा सशक्तीकरण हाँसिल गर्ने उद्देश्य राखेका छन् । दिगो विकास लक्ष्यका महान् उद्देश्यहरू नेपाल सरकार र प्रदेश सरकारको एकल पहलमा प्राप्त गर्न सम्भव हुँदैन तसर्थ स्थानीय तहहरूले राष्ट्रिय लक्ष्य प्राप्त गर्न समपूरक र परिपूरकको भूमिका निर्वाह गर्नुपर्दछ । यसै सन्दर्भमा लुङ्ग्री गाउँपालिकाले आफ्नो यस प्रथम पञ्चवर्षीय योजनामा दिगो विकास लक्ष्य प्राप्त गर्न आफ्नो तर्फबाट गर्नुपर्ने समपूरक र परिपूरकको भूमिकालाई मध्यनजर गर्दै सामाजिक-आर्थिक पक्षका सबै क्षेत्रमा दिगो विकास लक्ष्यको कार्यान्वयनलाई स्थानीयकरण गरिएको छ ।

## ३.२ पन्ध्रौं योजनासंगको सम्बन्ध

पन्ध्रौं राष्ट्रिय योजनाका मुख्यतया तीनवटा देहाय अनुसारका उद्देश्यहरू

१) सर्वसुलभ, गुण स्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिबृद्धि, उच्च, दिगो र समावेशी आर्थिक बृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु,

२) गुणस्तरीय स्वास्थ्य तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जबाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु,

३) सामाजिक आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्ने रहेका छन् ।

यी राष्ट्रिय उद्देश्यहरू समग्र देशको लागि तयार गरिएका हुनाले लुङ्ग्री गा.पा. को यस प्रथम पञ्चवर्षीय योजनाले उक्त उद्देश्यहरू प्राप्त गर्न सघाउने र गाउँपालिकाको आवश्यकतालाई पनि सम्वोधन गर्दै समृद्धिको

मार्ग तय गर्ने गरी यस गाउँपालिकाको आंफ्ना दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरिएको छ ।

## ३.३ नेपालको दीर्घकालीन सोच

नेपालको दीर्घकालीन सोच विक्रम सम्बत् २१०० “समृद्ध नेपाल, सुखी नेपाली” रहेको छ । यो दीर्घकालीन सोच मध्ये समृद्धिको लागि चार मुख्य सूचक: उच्च र समतामूलक राष्ट्रिय आय, मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् आबद्धता, र उच्च उत्पादन र उत्पादकत्व विकास गरिएका छन् । त्यसै गरी सुखी नेपालीको लागि ६ वटा प्रमुख सूचकहरू: परिष्कृत तथा मर्यादित जीवन, सुखी, सभ्य र न्यायपूर्ण समाज, स्वास्थ्य र सन्तुलित पर्यावरण, सुशाशन, सबल लोकतन्त्र, राष्ट्रिय एकता र सम्मान चयन गरिएका छन् । यी राष्ट्रिय सूचकहरू प्राप्तिलाई उच्च प्राथमिकता दिंदै लुङ्ग्री गा.पा. को प्रथम पञ्चवर्षीय योजनाका दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरिएको छ ।

## ३.४ लुम्विनी प्रदेश आवधिक विकास योजना

प्रदेश योजना आयोग, लुम्विनी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको दीर्घकालीन सोच **“समृद्ध प्रदेशका खुशी जनता”** र लक्ष्य “समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमवाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशवासी जनताको जीवना गुणात्मक परिवर्तन ल्याउनु ” बनाउनु रहेको छ । योजनाको लक्ष्य प्राप्ति गर्न समष्टिगत रुपमा प्रादेशिक योजनाको उद्देश्य “सामाजिक न्यायमा आधिरित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारीको प्रवर्धन र गरिवी निवारण गर्नु ” रहेको छ ।

लुङ्ग्री गाउँपालिकाको यस आवधिक योजनामा लुम्विनी प्रदेश सरकारले लिएको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरुलाई प्राप्त गर्दै दिशामा तादम्यता गरि समपूरक र परिपूरकको भूमिको साथ मुख्य योजना तयारीको आधारको रुपमा लिएको छ ।

## ३.४ लुङग्री गाउँपालिकाको दीर्घकालिन सोचः

लुङ्ग्री गाउँपालिकाका विकास सरोकारवालाहरुको सहभागितामा आर्थिक, सामाजिक तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा उल्लेखनीय योगदान दिने भावना अनुरुप देहाय अनुसारको दीर्घकालीन सोच तयार गरिएको छ । लुङ्ग्री गाउँपालिकाको समृद्धिसंगै लुम्विनी प्रदेश सरकारको समृद्ध प्रदेश : खुशी जनता र नेपाल सरकारको समृद्ध नेपाल : सुखी नेपाली भन्ने दीर्घकलीन सोचहरुलाई तादम्यता गर्दै सो अनुरुप तर्जुमा गरिएका पन्धौं योजनाले लिएका लक्ष्य र उद्धेश्यहरु हासिल गर्नुको साथै दिगो विकासका लक्ष्यहरु स्थानीकरण गर्न सहयोग हुने गरी गाउँपालिकाको देहायवमोजिमको दीर्घकालिन सोच निर्धारण गरिएको छ ।

**“समृद्ध लुङ्ग्री : सुखी जनता ”**

**“पूर्वाधार, कृषि र पर्यटनः समृद्ध लुङग्रीको मुख्य साधन”**

*गुणस्तरीय शिक्षा र प्रतिष्पर्धी जनशक्ति, स्वास्थ्य, सडक, विद्युत र सूचना प्रविधिमा सहज पहुँचको स्थापनाबाट पर्यटन, कृषि तथा पशुपालन मार्फत व्यापक आर्थिक अवसरको सृजना भई स्वस्थ, सुसंस्कृत र सुखी नागरिक बसोबास गर्ने आर्थिक तथा सामाजिक रुपले समुन्नत लुङग्री गाउँपालिका*

गाउँपालिकाको उल्लेखित दीर्घकालीन सोचलाई साकार पार्न कृषि, पर्यटन र पूर्वाधारको विकासमा विशेष प्राथमिकता सहित देहाय अनुसारको विकासको निर्देशक सिद्धान्त तय गरिएको छ ।

उपर्युक्त दीर्घकालीन सोचलाई साकार पार्न पूर्वाधार, पर्यटन र कृषि क्षेत्रलाई प्राथमिकता प्रदान गरी देहाय अनुसारका गाउँ विकासका निर्देशक सिद्धान्त तय गरिएको छ ।

**१. कृषि, पर्यटन, पूर्वाधार, उद्यमशिलता विकास र सहकारी आर्थिक विकासको आधारः** यातायात, संचार, पर्यटन, पशुपालन, जडिबुटी तथा फलफुल खेती तथास्थानीय उत्पादनमा आधारित व्यवसायसहितपर्यटन क्षेत्रको विकास तथा विस्तारलाई पूर्वाधार विकासले उत्प्रेरित गरी आर्थिक समृद्धिको आधार तयार गरिनेछ ।

**२.समन्वय, सहकार्य र साझेदारी विस्तार:**अन्य तहको सरकार, छिमेकी गाउँपालिका, विकास साझेदार संस्था, सहकारी, समुदाय तथा निजी क्षेत्रसँग लागत साझेदारी हुनसक्ने क्षेत्रमा अधिकतम सहकार्यका माध्यमद्वारा स्थानीय विकासको गतिलाई द्रुततर तुल्याइनेछ ।

**३. सुसंस्कृत तथा स्वस्थ समाज निर्माण:** गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सहज पहुँचसहित पोषण तथा सरसफाईजन्य व्यवहारमा गुणात्मक सुधार गरी स्नातक तहसम्मको शिक्षा तथा अस्पतालस्तरको स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर कायम गरी स्थानीय उत्पादनमा आधारित पोषणको प्रवर्द्धन तथा सरसफाईसम्बन्धी व्यवहारमा व्यापक सुधार गरिनेछ ।

**४. वैज्ञानिक भूउपयोग, एकीकृत तथा सुरक्षित वस्ति विकास:** राष्ट्रिय भूउपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू-उपयोग योजना तर्जुमा र सो को पालनामा अभिबृद्धि गर्ने संयन्त्र र कानूनी र नीतिगत व्यवस्था गरिनेछ । एकीकृत वस्ति निर्माणका लागि प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।सुरक्षित भवन तथा घर निर्माण कार्यको प्रवर्द्धन गर्दै विपद् उत्थानशीलताको अभिबृद्धिगरिनेछ ।

**५. दिगो तथा उत्पादनमूलक पूर्वाधार निर्माण:** सडक तथा सार्वजनिक निर्माणलाई उत्पादन तथा आयमूलक क्रियाकलावसँग जोडने गरी अगाडी बढाइनेछ । सडक तथा अन्य सार्वजनिक पूर्वाधारको निर्माण गर्दा सडक किनारा तथाभवनआसपासको क्षेत्रमाबृक्षारोपण गरिनेछ ।पूर्वाधारको निर्माण गर्दा बायोइन्जिनियरिङ्ग प्रविधिका उपयोगगरिनेछ ।

**६. जलवायु परिवर्तन अनुकुलन तथा विपद् पूर्व तयारी:**वन तथा जैविक विविधताको संरक्षण समुदाय तथा अन्तरसरकारी समन्वय र सहयोगको अभिबृद्धि गरिनेछ । पहाडको माथिल्लो क्षेत्रमा रिचार्ज पोखरी निर्माणलाइ विशेष प्राथमिकता दिइनेछ । जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तयार गरी सोही अनुसार जलाधार क्षेत्रको संरक्षण र उपयोग गरिनेछ । कृषि उत्पादनलाई नकारात्मक प्रभाव पर्न नदिन नयाँ बीऊ विजनको उपलब्धतालाई सहज तुल्याइनेछ । कोभिड १९ लगायतका महामारी, आगलागी, बाढी पहिरो र खडेरीको जोखिमलाई कम गर्न आवश्यक पूर्व तयारी गरिनेछ ।

**७. सुशासनतथा विकास व्यवस्थापनमा प्रभावकारीता:** गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय, विषयगत शाखाबाट प्रबाह हुने सबै प्रकारका सेवालाई छिटो, छरितो एवं प्रभावकारी गराउन आवश्यक क्षमता विकास तथा विद्युतीय सूचना प्रविधिको उपयोग गरिनेछ । निर्णयनिर्माण, नीति निर्माण तथा सेवा प्रवाहका सम्पुर्ण गतिविधिहरुमा पारदर्शिता तथा जवाफदेहिता अधिकतम अभ्यासका साथै सदाचारको प्रवर्द्धन गरिनेछ ।सत्य तथ्यपरक सूचनाको विद्युतीय प्रविधिमा आधिरित व्यवस्थापन प्रणालीको विकास तथा अद्यावधिकरण गरिनेछ । अद्यावधिक सूचना, संघीय तथा प्रदेश सरकारका प्राथमिकतासहित स्थानीय आवश्कताबीच तालमेल मिलाइ नतिजामूखी योजनाको व्यवहारिक अभ्यास गरिनेछ । समग्र विकास व्यवस्थापन प्रक्रियालाई समेत नतिजामूलक बनाउन विद्युतीयसूचना प्रविधि, दक्षता र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

**८. समतामूलक विकास, समावेशीकरण तथा लक्षित वर्गको आत्मसम्मान प्रवर्द्धन:** विद्यमान छुवाछुत, बाल विवाह, लैङ्गिक हिंसा लगायत सबै खालका विभेद तथा वहिष्करण अन्त्यका लागि कानुनी तथा व्यवहारीक तहबाट आवश्यक प्रयत्न गरिनेछ । स्थानीय संयन्त्र तथा नीति निर्माण तहमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ । महिला, दलित, अपांग, द्वन्द पिडित, आदिवासी जनजाति, विपन्न वर्गको लागि क्षमता विकास तथा स्वरोजगारी तथा आत्मनिर्भरताका अवसर तयार गरिनेछ । बालमैत्री स्थानीय शासनको कार्यान्वयनलाई प्रभावकारी गराइनेछ ।

## ३.२ लक्ष्य तथा उद्धेश्य

लुङग्री गाउँपालिकाको विकास प्रकृयालाई सुव्यवस्थित गर्न **आर्थिक तथा सामाजिक रुपले समुन्नत लुङग्रीको आधार तयार गर्ने** मुख्य लक्ष्य निर्धारण गरिएको छ । यस योजनाले निर्धारित विकास मुख्य लक्ष्य प्राप्त गर्न देहायअनुसारको उद्देश्य निर्धारण गरेको छ :

१. स्थानीय उत्पादन, रोजगारी र आयमा दिगो बृद्धि गर्नु ( दिगो विकास लक्ष्य १,२, ८, ९, १०, १२ )
२. सुशिक्षित, स्वस्थ र आत्मनिर्भर जनशक्ति तयार गर्नु ( दिगो विकास लक्ष्य ३, ६, ७, ९ र ११ )
३. सडक यातायात तथा सूचना प्रविधिमा पहुँच विस्तार र सार्वजनिक निर्माण व्यवस्थित गर्नु ( दिगो विकास लक्ष्य ६, ७, ९ , ११ र १३ )
४. जमीन, हरियाली र जलश्रोतको दीगो व्यवस्थापन र समुत्थानशीलतासुनिश्चित गर्नु ( दिगो विकास लक्ष्य १३ र १५ )
५. गाउँपालिका र स्थानीय सरोकारवालाको कार्यसम्पादन र सेवा प्रवाहको स्तर बृद्धि गर्नु ( दिगो विकास लक्ष्य १६ र १७ )

## ३.३ समष्टिगत प्राथमिकता तथा रणनीतिहरू

गाउँपालिको समिष्टगत विकासका लागि आवधिक योजनाले देहायअनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई संचालन गर्ने रणनीति अवलम्बन गरिने छः

१. कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने ( दिगो विकास लक्ष्य १, २, ८, ९, १०, १२ )
२. पदयात्रा र ग्रामीण पर्यटनको विकास तथा प्रवर्द्धन गर्ने ( दिगो विकास लक्ष्य ६, ७, ९ र ११ )
३. गुणस्तरीय शिक्षा,स्वास्थ्य, सरसफाई तथा खानेपानी सुविधामा सबैको पहूँचसुनिश्चित गर्ने ( दिगो विकास लक्ष्य ३, ४, ५, ६ र १६ )
४. सहज यातायात, व्यवस्थित बजार तथा वस्ति, सुरक्षित आवास, स्वच्छ उर्जा र संचारको विस्तार तथा स्तरोन्नती गर्ने ( दिगो विकास लक्ष्य ६, ७, ९ , ११ र १३ )
५. विकास प्रकृयालाई वातावरणमैत्री, दीगो, विपद् उत्थानशील तथा समतामूलक तुल्याउने ( दिगो विकास लक्ष्य १३ र १५ )
६. संघ, प्रदेश, छिमेकी गाउँपालिका,स्थानीय समुदाय, सहकारी, निजी क्षेत्र र विकास साझेदार संस्थासँग समन्वय, साझेदारी र सहकार्यलाई विस्तार गर्ने ( दिगो विकास लक्ष्य १६ र १७ )

## ३.४ नतिजा तालिका

यस नतिजामूलक ढाँचा परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको छ । योजनामा विषयगत क्षेत्रहरुका रुपमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् रसंस्थागत विकास तथा सुशासन गरी पाँच भिन्न क्षेत्रलाई एकीकृत गरिएको छ । गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिकालाई **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेदः ४
# आर्थिक विकास योजना

## ४.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिकालाई विशेष महत्व दिएको छ । आर्थिक विकासको माध्यमबाट नै स्थानीय जनताले आफनो जीवनस्तर सुधार गर्न सक्दछन् । स्थानीय जनताको आर्थिक समृद्धिका लागि गाउँपालिकाले आफ्नो क्षेत्रका जनताको चाहना, मागर प्राथमिकतालाई सम्बोधन गर्दै स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने हुन्छ । खासगरीस्थानीय रूपमा उपलब्ध स्रोत र साधनहरू लाई प्रयोग र उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गति दिनु आवश्यक छ । गाउँपालिका क्षेत्रभित्र आर्थिक उत्पादन तथा आयमा द्रुततर वृद्धि गरी सोको न्यायपूर्ण वितरण मार्फत गरिबी निवारणमा योगदान पुऱ्याउन विपन्न बर्गको आर्थिक स्तरमा सुधार र मानव संसाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट स्थानीय अर्थतन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ । स्थानीय तहको आर्थिक वृद्धिसँगसँगै आयको वितरणमा समानता कायम हुन सकेमा नै सामाजिक न्यायमा आधारित समतामूलक तथा लोककल्याणकारी समाजको स्थापना गरी वास्तविक आर्थिक विकास हासिल गर्न सम्भव हुनेछ ।यसका लागि गाउँपालिकाले तयार गर्ने यसप्रकारका योजना तथा कार्यक्रमहरुले गाउँपालिकाको समग्र विकासमा योगदान दिनेगरी तर्जुमा गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको सन्दर्भमा तयार गरिने योजनाअनुसार समग्र क्षेत्रमध्ये आर्थिक विकासको क्षेत्र अन्तर्गत कृषि, पशु, उद्योग,व्यापार तथा व्यवसाय, सहकारी एवं कृषि पर्यटन मुख्य रहेका छन् ।

यस गाउँपालिकाको कूल जनसंख्याको करीव ८० प्रतिशत कृषि तथा पशुपालन कार्यमा संलग्न रहेका छन् । गाउँपालिकामा अन्नवालीतर्फ मकै, कोदो र धानवाली उत्पादन रहेको छ । यसैगरी तरकारी, फलफुल र नगदे वालीको खेती रहेको छ ।

गाउँपालिकामा ओखर र टिमुरखेतीको उत्पादकत्व उच्च रहेको, खेतीको लागि उपयुक्त हावापानी रहेको एवं मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि प्रचुर सम्भावना रहेको छ । गाउँपालिका भित्र चरिचरनका लागि खर्क तथा चरन क्षेत्र उपलब्ध रहेको हुँदा पशुपालन तथा पशुजन्य उत्पादनका लागि समेत संभावना धेरै रहेको छ ।

गाउँपालिकाको सवै वडाका भूभाग हुनेगरी सिचाईका लागि विगतमा निर्माण भएका कुलो तथा थप सिंचाई परियोजना निर्माणको लागि पानीको श्रोत रहेको तथा सिंचाईका स्रोतहरुको दिगो व्यवस्थापनबाट खेतीयोग्य भूमीमा सिंचाई सुविधा विस्तार गर्न सकिने देखिन्छ ।

गाउँपालिका भित्र स्थानीयस्तरमा चर्चित सुपादेउराली, सुनछहरी झरना, डाँडागाउँ भसमिस्थान जस्ता करीव ६ वटा पर्यटकीय क्षेत्र रहेका छन् । ग्रामीण कृषि पर्यटन, पर्यावरण पर्यटन तथा महोत्सव गरी विभिन्न किसिमका पर्यटन प्रवर्द्धनका क्रियाकलापहरु संचालन शुरु गर्न सकिने सम्भावना रहेको छ । ती पर्यटकीय स्थलहरु व्यवस्थापन गरी आन्तरिक पर्यटकीय रुपमा यहांको सास्कृतिक महत्वहरु झल्काउन सक्ने हो भने आर्थिक उपार्जनको समेत एक गतिलो आधार हुन सक्ने देखिन्छ । यस गाउँपालिकाको उत्पादन, रोजगारी र आयको प्रमुख संभाव्य स्रोतका रुपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, बित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकासका प्रयासलाई डोऱ्याउन यस क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौति समेत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य र सो को प्राप्तिका लागि अवलम्वन गर्नु पर्ने रणनीति र बिषय क्षेत्रगत प्रमुख कार्यक्रमहरु सहितको आर्थिक विकास योजना देहायअनुसार प्रस्तुत गरिएको छ ।

## ४.२ वर्तमान अवस्था

### ४.२.१ कृषि विकास

**क) विद्यमान अवस्था, संभावना र अवसर**

यस गाउँपालिकाको कूल जनसंख्याको करीव ८० प्रतिशत कृषि तथा पशुपालन कार्यमा संलग्न रहेका छन् । गाउँपालिका अन्तर्गत उपलव्ध जमिनमध्ये ४२ प्रतिशत भूभागमा मात्र खेती कार्य भैरहेको छ । खेती गरिने एकै जमिनमा तीन किसिमको अन्न उत्पादन पनि हुने गरेको छ । यस गाउँपालिकाका अन्नवाली, तरकारी, टिमुर तथा अन्य रैथाने बाली तथा फलफुल खेतीको लागि उपयुक्त हावापानी रहेको एवं मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि प्रचुर सम्भावना रहेको छ । आलु, पकेट क्षेत्रको रुपमा वडा नं १ को लालीपोखरालाई विकास गर्न सकिने संभावना छ भने वडा नं २ का विभिन्न ठाउँहरुमा जौ, मकै, कोदो, कागती पकेट क्षेत्र बनाउन सकिने प्रचुर संभावना छ । वडा नं ४ मा कृषि स्मार्ट कार्यक्रम सञ्चालन गरिएको छ । यो क्षेत्रलाई कागति र तरकारीको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । वडा नं ७ भैसाछोपे, थोप्लाबाङ, सानो लिबाङ, बेसीखेत तरकारी र अलैचीके पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने संभावना छ । वडा नं ३ मा तरकारी उत्पादन गर्ने प्रचुर संभावना देखिन्छ । यस गा.पा.मा उत्पादन भएका कृषि उपज नजिकको किलाचौर वजार देखि दाङ्को वजार सम्म लगेर विकि गर्न सकिने संभावना छ ।

### ख) समस्या तथा चुनौति

यस गाउँपालिकामा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरुमा मुख्यत: बजार पहुँचको अभाव, उत्पादन तथा भण्डारण तथा प्रशोधन कार्यका लागि लगानीको अभाव रहेको छ । व्यवसायिक उत्पादनका लागि आधुनिक उपकरण तथा गुणस्तरीय विउविजन, मलखाद एवं औषधीहरुको अभाव रहेको अवस्था छ । यसैगरी निर्वाहमुखी खेती प्रणालीमा सिमित हुनु, मौरीपालन कार्य व्यवसायिक हुन नसक्नु, रैथाने बिउबिजन उत्पादनमा चासो नदिनु, कृषिमा नवप्रवर्तन र सिर्जशीलताको कमी हुनु, कृषि कार्यमा यान्त्रिकरणको उपयोग हुन नसक्नु जस्ता समस्या विद्यमान छ । यसैगरी कृषि उपज संकलन केन्द्र नहुनु, कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, रष्टिक स्टोर (विशेष फलफूलका लागि) को सुविधा पर्याप्त नहुनुले पनि आर्थिक विकास संभावनाका क्षेत्रहरु प्रचुर भएपनि सोचे अनुरुपको प्रतिफल दिन सकिरहेको छैन । यसैगरी अलैची उत्पादनमा देखिएको रोगको पहिचान र निवारण गरि उत्पादनलाई वजारीकण गर्न आवश्यक देखिन्छ । वडा अनुसार फरक फरक उत्पादन गर्न सकिने संभावना भएको हुनाले कृषि विकास सम्वन्धी ठोस कार्यक्रम लागु गर्नपर्ने आवश्यकता देखिन्छ ।

## ४.२.२ सिंचाई

### क) विद्यमान अवस्था, संभावना र अवसर

यस गाउँपालिकाका विभिन्न स्थानमा रहेको स-साना खोला खोल्सी तथा पानीका मुहानहरु मार्फत १६ वटा कूलो वाट सिंचाई व्यवस्था भैरहेको पाईन्छ । यसैगरी सिचाईका लागि विगतमा निर्माण भएका कुलो तथा थप निर्माणका लागि पानीको श्रोत रहेको, थोपा सिचाई गर्न सकिने संभावना रहेको तथा सिंचाईका स्रोतहरुको दीगो व्यवस्थापनबाट खेतीयोग्य भूमीमा सिंचाई सुविधा विस्तार गर्न सकिने देखिन्छ । गा.पा.को वडा नं ४ मा सिंचाई पोखरी १३ वटा छन् भने आगामी वर्ष २ वटा थप्ने लक्ष्य राखिएको छ । यसैगरी लिप्टिङ सिंचाई योजना २ वटा रहेको, बभ्क्ताङखोला डि.पि.आर. भएको र यो सिंचाई योजनावाट ४०० घर लाभान्भित हुने, र वर्षा यामको पानीबाट जम्मा भएको पानी सिंचाईको लागि प्रयोग गर्ने (कुडापानी, नम्जा) संभावना छ । यसैगरी वडा नं ५ मा सेवार, पुरानो भुजेडमा लिप्टिङ सिचाई, भुजेङ खोला, लुङग्री खोलाको लिप्टिङ गरेर सिचाई गर्न सकिने र वडा नं ७ मा सिचाईको लागि मुलाबार खोला, ढुङ खोलाको प्रयोग गर्न सकिने संभावना छ । देउराली खोला, जाजा खोला र खाल खोलाको पानीबाट सिचाई गर्न सकिने संभावना छ । सिंचाईको लागि प्रदेश सरकार र अन्य विकास साभ्केदारवाट गा.पा. का विभिन्न सिचाई आयोजनाको लागि सहयोग प्राप्त छ ।

सिचाईको लागि थोप्रे गोठाला गोरेखोला, सिभखोला, औसारीखोला, सिर्पखोला, अरुङदेखोला, घर्लेखोला, जुधुङखोला, सिभखोला, औसारीखोला, दमैखोला, लरासुन मुहान लगायतका खोलानाला र पानीका श्रोतहरु उपलव्ध छन् । दमैखोला, लामेबरखोला, खरीखोला नहर, सिस्नेरी किटखोला अन्तरगतका नहरहरु सिचाईका प्रमुख श्रोत एवं पुर्वाधार हुन ।

### ख) समस्या तथा चुनौति

सिंचाईको समस्या तथा चुनौतितर्फ हेर्ने भने यस गाउँपालिकामा सिंचाईका श्रोतहरुको पहिचान गर्न नसक्नु, पक्की कुलोको निर्माण पर्याप्त नहुनु, सिंचाईको आवश्यकता तथा हालको क्षमताबारे अध्ययन नहुनु, सिंचाई सुविधा नपुगेका ठाउँका लागि बैकल्पिक सुविधाको कमी एवं सिंचाई कुलो निर्माणमा भौगोलिक कठिनाई तथा वर्षेनि पहिरोले सिचाईका कुलाहरु भत्काउने र हालै निर्माण गरिएका सडकहरुले सिंचाई कुलाहरु पुरिने लगायत मुख्य समस्याको रुपमा रहेको छ।

गा.पा.को शंकरे, घर्तीबास बस्तीहरु, दलित बस्तीहरु र थानाडोरी थोप्रे गोठाला गोरेखोलामा थोपा सिंचाई योजना आवश्यक छ। वडा नं ३ सिर्पखोला, अरुङदेखोला, दमैखोला, डल्लेबर हुदै लामेबरखोला, खरीखोला नहर, सिस्नेरी किटखोला अन्तरगतका नहरहरु भत्किएका छन्। सिभखोला, औसारीखोलामा नदिकटानको कारण खेत क्षति भएको छ। गा.पा.का धेरै वस्तिहरुमा धानको लागि आकासको भरमा बस्नुपर्ने अवस्था विद्यमान छ।

### ४.२.३ पशु विकास

#### क) विद्यमान अवस्था, संभावना र अवसर

यस गाउँपालिका क्षेत्रभित्र खसी, बोका, कुखुरा, भैंसी राँगा तथा सुँगुर बंगुरको पालन गरिएको छ। पशुपालनका लागि आवश्यक चरिचरनका लागि खर्क तथा चरन क्षेत्र रहेको छ। पशुपालन क्षेत्रमा काम गर्ने १० वटा पशुपालन समूह क्रियाशील रहेको, २५ वटा व्यवसायिक कृषि तथा पशुपालन फर्महरू संचालनमा रहेका छन् जसमध्ये बाख्रा फर्म संख्या १२ र कुखुरा फर्म संख्या १३ रहेको छ। यसैगरी ५ जना ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको र १५ जना व्यवसायिक/अगुवा कृषकको क्रियाशिलताबाट सेवा उपलब्ध छ। सालडाँडामा मौरी पालन संचालनमा छ। मौरीपालन अन्य क्षेत्रहरुमा पनि व्यवसायीक रुपमा विस्तार गर्न सकिने संभावना छ। गा.पा.मा रहेको कुलदेवताको मन्दिरमा वर्षेनी कुल पूजामा ६ हजार बोकाको वलि दिने परंपरा रहेको हुनाले स्थानीय रुपमा वाख्रापालन व्यवसायको प्रचुर संभावना छ।

#### ख) समस्या तथा चुनौति

पशु विकासका सम्वन्धमा विद्यमान समस्या तथा चुनौतिहरुको विश्लेषण गर्दा प्रमुख समस्याको रुपमा पशुपालनको अभ्यास निर्वाहमुखी देखिएको छ। यसैगरी पशु स्वास्थ्यका लागि पूर्वाधार र पशु वीमाको कमी, चरिचरनकालागि सार्वजनिक जमिनको कमी, विक्री वितरण गर्न यातायात तथा ढूवानीको समस्या तथा श्रम एवं लागत बढी हुनु अन्य समस्याको रुपमा रहेको छ। यसका अतिरिक्त उन्नत जातको गाईभैसी, बाख्रापालन पर्याप्त हुन नसक्नु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु, उन्नत घाँसको व्यवस्थामा कमी हुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलव्ध हुनुपर्ने औषधी भ्याक्सिनको सहज उपलव्धता नहुनु पनि समस्याको रुपमा रहेको छ। यसैगरी धानको लागि आकासको भरमा बस्नुपर्ने, वेमौसमि तरकारीको लागि वजारको अभाव, दुग्ध उत्पादन भएर पनि दुग्ध संकलन केन्द्र नभएको अवस्था विद्यमान छ।

### ४.२.४ पर्यटन विकास

#### क) विद्यमान अवस्था, संभावना र अवसर

यस गाउँपालिका क्षेत्रभित्र स्थानीय स्तरमा, वडा नं २ मा सटिकोट, वडा नं ३ मा सुपादेउराली, वडा नं ७ मा सुनछहरी झरना र भालुगुफा, वडा नं ४ मा डाडागाउँ, वडा नं ६ मा धामकुलवाटी, भूमिस्थान जस्ता पर्यटकीय क्षेत्र रहेका छन् । गाउँपालिका क्षेत्रभित्र रहेको वडाचौर एयरपोर्ट संचालन हुन सकेमा पर्यटकहरुको संख्यामाउल्लेख्य बृद्धि गर्न सक्ने सम्भावना विद्यमान रहेको छ।

गा.पा.मा रहेको पर्यटकिय अवस्था विश्लेषण गर्दा वडा नं १ मा सिद्ध मन्दिर र शिव मन्दिर रहेका छन् । यसै वडामा पाङखाने मन्दिरबोक्से ढुङ्गा पनि रहेको छ । स्थानीयको भनाई अनुसार यहांको अनौठो विशेषता भनेको कुनै ठाँउमा थुक्यो भने दिनभरी घुमेर त्यही ठाउंमा आउने र कहिलेकाही पूरानो पैसाहरु पनि पाईने गरेको छ । यस वडामा नियोनी मेला जेष्ठ महिनाामा हुन्छ भने यि मन्दिरहरुमा प्रत्येक वर्षहरुमा मेलाहरुको आयोजना गर्ने परंपरा छ । वडा नं २ मा पोबागे, देउराली धुरी, दहवसे सरीकोट डाँडा छ । यहां लालीगुराँस फूल्छ, भने धौलागिरी हिमालको दृष्यावलोकन गर्न पनि सकिन्छ । वडा नं ३ को लिस्नेमा रहेको शिव मन्दिरवाट चारैदिशा अर्थात दाङको घोराही र अर्घाखाँची सम्म देखिन्छ । वडा नं ४ मा डाँडागाउँमा कार्तिक मंसिरमा भूमे पूजा गरिन्छ । यो पूजा गरेपछि पानी आउँछ भन्ने स्थानीय मान्यता छ । वडा नं ५ मा शिव मन्दिर, सिद्ध मन्दिर, ब्रम्हा र बजु मन्दिर रहेका छन् । वडा नं ६ मा शिव मन्दिर रहेको छ । यहांको गुठियार नेपाल सरकारको स्वामित्व रहको छ । यसैगरी उपल्लो गुम्चालमा शिव मन्दिर रहेको छ । वडा नं ७ मा सुनसरी झरना, शिव मन्दिर, सिद्ध मन्दिर, ब्रम्हा, बजु मन्दिर लगायत मन्दिरहरु र ऐतिहासिक धरोहरहरु रहेका छन् ।

गा.पा. मा ग्रामीण कृषि पर्यटन, पर्यापर्यटन तथा महोत्सव गरी विभिन्न किसिमका पर्यटन प्रवर्द्धनका क्रियाकलापहरु संचालन शुरु गर्न सकिने सम्भावना भएको पाईन्छ ।

#### ख) समस्या तथा चुनौति

पर्यटनको रुपमा विद्यमान समस्या र चुनौतिहरुमा उर्जा तथा सडक पूर्वाधारको कमी, भएका पर्यटकीय स्थलको प्रचार प्रसारको कमी, धार्मिक स्थलहरुको मर्मत सम्भार तथा व्यवसायिक होमस्टे संचालनमा आउन नसक्नु रहेको छ । यस क्षेत्रमा पर्यटन सम्बन्धी ज्ञान तथा व्यवसायिकताको कमी रहेको छ ।

### ४.२.५ उद्योग, व्यापार तथा व्यवसाय

#### क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँपालिकामा विद्यमान उद्योग व्यापार तथा व्यवसायको संभावना र अवसर हेर्दा ८ वटा स्थानीय स-साना बजार केन्द्रहरु मार्फत व्यवसायिक कारोवार संचालनमा रहेको छ । गाउँपालिका भर साना ठूला गरी करीव १५० भन्दा बढी व्यापार व्यवसाय संचालनमा रहेका छन् । फिल्ड सर्वेक्षण अनुसार करिव स-साना २२ वटा फर्निचर उद्योगहरु रहेको अवस्था छ ।

#### ख) समस्या तथा चुनौति

यस गाउँपालिका क्षेत्रभित्र उद्योगका लागि उर्जा तथा सडक पूर्वाधारको कमी, बजारसँगको दुरी अधिक हुनु, उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालीम पर्याप्त नहुनु, उद्योग संचालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनुजस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ ।

### ४.२.६ बैंक, वित्तीय संस्था एवं सहकारी

#### क) विद्यमान अवस्था, संभावना र अवसर

वित्तीय पहुँच तथा सेवाको लागि यस गाउँपालिकामा हाल स्थानीय स्तरमा १ नेपाल बैंक लिमिटेड र ६ वटा सहकारी संचालनमा रहेको छ । गाउँपालिका भित्रका करीव ६० प्रतिशत घरपरिवारको बैंक तथा वित्तीय संस्थामा खाता रहेको देखिन्छ । यहांका अधिकांश युवाहरु भारत र अरव राष्ट्रहरुमा रोजगारीको लागि गएका छन् । विप्रेषण नै यहांका जनताको आयको प्रमुख आयश्रोतको रुपमा रहेको छ ।

### ख) समस्या तथा चुनौति

यस गाउँपालिका क्षेत्रमा बचत गर्ने वानी, ऋणको सही उपयोग, बैकिङ्ग कारोकारको कम जानकारी रहनुका साथै धितो कारोवारको वाध्यता समेत समस्याको रुपमा रहेको छ । यसैगरी अन्तर समुह तथा सहकारी बिचको समन्वय र सम्वन्ध विकासमा कमी, बैंकको लगानी सवै वडाहरुमा विस्तार नहुनु, सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी जस्ता समस्याहरु विद्यमान छन् । यसका साथै लघु वित्तको वडामा प्रभाव रहेको र यसको चर्को व्याज भएको कारण जनतालाई आर्थिक गतिविधी गर्न समष्या देखिएको छ । सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु र वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी जस्ता समस्याहरु समेत रहेका छन् ।

कार्यशालाबाट प्राप्त आर्थिक विकाससँग सम्बन्धित क्षेत्र तथा सो अर्न्तगतका उपक्षेत्रहरुको वस्तुस्थिति विश्लेषण **अनुसूची** ४ मा प्रस्तुत गरिएको छ ।

## ४.३ लक्ष्य तथा उद्धेश्य

यस लुङ्ग्री गाउँपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- स्थानीय उत्पादन, रोजगारी र आयमा दीगो बृद्धि गर्ने

आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- कृषिउपजको उत्पादन, विविधिकरण र व्यवसायीकरणमा सुधार भएको हुनेछ ।
- सिंचाई सुविधाकोपहुँच तथा विस्तार भएको हुनेछ ।
- व्यवसायिकपशुपालन एवं पशुपंक्षीजन्य उत्पादनमा वृद्धि भएको हुनेछ ।
- पर्यटकीय पूर्वाधार विकास तथा पर्यटकीय सेवा र सुविधाको प्रवर्धन भएको हुनेछ ।
- उद्योग व्यवसायको सिर्जना, विकास तथा औद्यौगिक उत्पादनमा वृद्धि भएको हुनेछ ।
- वित्तीय सेवा सुविधाको पहुँच एवं सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि भएको हुनेछ ।

## ४.४ रणनीति तथा कार्यनीति

योजनाको आर्थिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

**तालिकार: आर्थिक विकासका लागि रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क.कृषि विकास** | |
| १. कृषि उपजको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने | १.१ जमिन वाँझो हुने र खण्डीकरण गरिने अभ्यासलाई नियन्त्रण गर्दै कृषकहरुको सामुहिक खेती, साझेदारी एवं सहकारी खेती प्रणालीलाई स्थापित गर्न नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ ।<br>१.२ स्थानीय वीउ-विजन, वेर्नाहरुको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरुको व्यवसायिक खेती व्यापकता दिई उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याइनेछ ।<br>१.३ घर-घरवाट निस्कने फोहोरमैला, गोठेमल, पशुमूत्रलाई एकत्रित गरी जैविक मल उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।<br>१.४ कृषि बालीमा लाग्ने रोग, कीटाणुवाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न प्राविधिक सेवा सहयोगलाई सक्षम र प्रभावकारी बनाइनेछ र नोक्सानी न्यूनीकरण गर्न कृषि वीमा सेवा उपलव्धताका लागि निजी क्षेत्रसंग समन्वय गरिनेछ ।<br>१.५ एक वडा एक उत्पादन कार्यक्रम संचालनका लागि विभिन्न प्रवर्द्धानात्मक कार्यक्रम संचालन गरिनेछ ।<br>१.६ जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण र प्रविधि उपयोगलाई प्रोत्साहन गर्दै कृषि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. कृषक एवं कृषि सेवामा आधारित संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने | २.१ कृषक समूह गठन र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन गरिने, अगुवा कृषक परिचयपत्र वितरण र सोही अनुसार सुविधा एवं अनुदानहरुको व्यवस्था गरी कृषि पेशालाई एक पुरस्कृत एवं सम्मानित गरिनेछ।<br>२.२ एक वडा एक कृषि प्राविधिक र एक टोल एक अगुवा कृषक कार्यक्रम संचालन गरी आवश्यक प्राविधिक सीपको विस्तार गरिनेछ।<br>२.३ वेरोजगार युवाहरुमा सीप बिकास तालिमहरु प्रदान गरी कृषि मजदुर तथा जनशक्तिका अभावलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारीका लागि सहजीकरण गरिनेछ ।<br>२.४ उत्कृष्ट कृषकलाई प्रोत्साहन एवं कृषक भ्रमणजस्ता कार्यक्रमको व्यवस्था गरिनेछ। |
| ३. कृषि उपजहरुको व्यवसायीकरण तथा वजार प्रवर्द्धन गर्ने | ३.१ व्यवसायिक संभावना भएका खाद्यान्न तरकारी, फलफुल लगायतका नगदेबालीको व्यवसायिक उत्पादनका लागि सम्भाव्यताका आधारमा पकेट क्षेत्र, व्लक, कृषि जोन घोषणा गरिनेछ।<br>३.२ कृषिमा यान्त्रीकरण, आधुनिकीकरण र वजारीकरणका लागि अनुदान, प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>३.३ गाउँपालिकाको मुख्य मुख्य स्थानहरुलाई वजार क्षेत्रको रुपमा बिकास गरी राष्ट्रिय एवं प्रदेश स्तरीय विक्रेताहरुलाई कृषि उपजहरु विक्री वितरण गर्ने अवस्था सिर्जना गरिनेछ। |
| ४. कृषि पूर्वाधारको विकास र विस्तार गर्ने | ४.१ कृषि वजार बिकास प्रवर्द्धनका लागि प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र, गोदामघर र विक्री कक्ष र शीतभण्डारको व्यवस्था गरिनेछ।<br>४.२ उपयुक्त स्थानमा कृषि उत्पादनको विविधिकरण जस्ता कार्यका लागि प्रशोधन केन्द्रको स्थापना गरिनेछ। |
| ५. रैथाने कृषि उत्पादन संरक्षण, प्रवर्द्धन तथा प्रांगारिक उत्पादनमा बृद्धि गर्ने | ५.१ रैथाने प्रजातिका कृषि बालीहरूको प्रांगारिक उत्पादनका लागि कृषि प्रविधिहरुको विकास र विस्तार गरिनेछ।<br>५.२ रैथाने वालीहरुको विविधिकरण, प्रशोधन, व्राण्डिंगमा सहयोग, प्रोत्साहन तथा सहजीकरण गरी आन्तरिक तथा बाह्य बजारमा बजारीकरणका लागि प्रोत्साहन गरिनेछ। |
| ६. स्थानीय कृषि व्यवसाय विकास नीति तथा योजना तर्जुमा कार्यान्वयन गर्ने | ६.१ कृषि बिकास तथा उत्पादन व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति, कानून र मापदण्ड तयार पारी कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ।<br>६.२ व्यवसायिक कृषि बिकासका लागि दीर्घकालीन गुरुयोजना बनाइनेछ।<br>६.३ कृषि ज्ञानकेन्द्र, कृषि सहकारी लगायतका वित्तीय संस्थाहरुको भूमिकालाई प्रभावकारी बनाउन सहजकिरण गरिनेछ। |
| **ख. सिंचाई** | |
| १. विद्यमान सिंचाई प्रणालीको मर्मत सम्भार र स्तरोन्नति गर्ने | १.१ विद्यमान सिंचाई पूर्वाधारहरुको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाई सुविधा उपलब्ध गराउदै कृषि उत्पादनमा बृद्धि ल्याइनेछ।<br>१.२ बैकल्पिक उर्जा सोलार प्रविधि मार्फत लिफ्ट सिंचाईको प्रवर्द्धन गरी बांझो क्षेत्र समेतलाई समेटी नियमित रुपमा सिंचाई सुविधा उपलब्ध गराई उत्पादनमा बृद्धि गरिनेछ। |
| २. सिंचाईका लागि नयाँ प्रविधिको बिकास र प्रयोग बढाउने | २.१ संघीय र प्रदेश सरकारको सहयोगमा एकिकृत वृहत सिंचाईलाई व्यवस्थित गरी कृषि उपजहरुको उत्पादनमा बृद्धि ल्याइनेछ।<br>२.२ उपभोक्ताहरु मार्फत नजिकको मुहान, सिमसार र जलाधार क्षेत्रहरुको संरक्षण, सुदृढीकरण गर्न सहयोग उपलव्ध गराउदै नजिकका क्षेत्रहरुमा नियमित सिंचाई सुविधा उपलव्ध गराइनेछ। |
| **ग. पशु विकास** | |
| १. पशुपंक्षीपालन व्यवसायीकरण र उपजको विविधिकरण तथा गुणस्तरमा बृद्धि गर्ने | १.१ पशुजन्य उत्पादनहरुको व्यवसायिक पालनका लागि कृषकहरुको क्षमतामा अभिबृद्धि ल्याई आय आर्जनको श्रोतको रुपमा स्थापित गराइनेछ।<br>१.२ नश्ल सुधारको माध्यमवाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ पशु आहारका लागि गुणस्तरीय एवं पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइने छ र चरिचरनका लागि उपयुक्त स्थानहरु निर्धारण गरी कृषकहरुको सहभागितामा चरन क्षेत्रलाई व्यवस्थित गरिनेछ ।<br>१.४ पशु बीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरुसंग समन्वय गरिनेछ ।<br>१.५ वेरोजगार युवावर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न निजी क्षेत्रसंग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको व्यवस्था गरी प्रोत्साहित गरिनेछ । |
| २. पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन तथा पूर्वाधार विकास गर्ने | २.१ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवं निकासी बृद्धि गर्न वस्तुमा विविधीकरणका लागि प्रोत्साहित गरिनेछ ।<br>२.२ कृषकहरुलाई विभिन्न किसिमका सीप बिकास तालिमहरु संचालन गरी क्षमतामा अभिबृद्धि ल्याइनेछ ।<br>२.३ पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्द्धन गर्न संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, मेला प्रदर्शनी व्यवस्था जस्ता पूर्वाधारहरु एक उपयुक्त स्थानमा निर्माण गरिनेछ ।<br>२.४ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिबृद्धि गरिनेछ। |
| ३. पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्ने | ३.१पशुपंक्षीहरुमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजिवी नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन गरिनेछ ।<br>३.२ प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रणको आबश्यक व्यवस्था मिलाईने छ । |
| ४. पशुपंक्षी सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने | ४.१ पशुपंक्षी व्यवसायिक पालन, पशुपंक्षी स्वास्थ्य सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिने छ<br>४.२ पालना, प्रक्रिया, नतिजाको नियमित रुपमा अनुगमन, नियमन र नतिजा मापनका लागि संयन्त्र तथा ढाँचाको बिकास गरिनेछ । |
| **घ. पर्यटन विकास** | |
| १. पर्यटन पूर्वाधारको विकास र विस्तार गर्ने | १.१ गाउँपालिका भित्रका सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरु पहिचान गरी विवरण तयार गर्दै गन्तव्य क्षेत्रहरुमा पुग्न आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ ।<br>१.२ स्थानीय छिमेकीगाउँपालिका/नगरपालिकामा स्थापित पर्यटकीय गन्तव्यसँग अन्तरआवद्धता कायम गरी पूर्वाधारको विकास र विस्तार गरिनेछ । |
| २. पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गर्ने | २.१ सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइनेछ ।<br>२.२ निजी क्षेत्रसँगको सहकार्यमा एक निश्चित समय निर्धारण गरी आन्तरिक एवं वाह्य पर्यटक बृद्धिका लागि पर्यटन महोत्सव नियमित रुपमा आयोजना गरिनेछ । |
| **ङ. उद्योग, व्यापार व्यवसाय** | |
| १. स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा बृद्धि | १.१ स्थानीय स्तरमा उपलव्ध साधन, श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायहरु संचालनका लागि सहकारी तथा निजी क्षेत्रसंग समन्वय, सहकार्य गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।<br>१.२ परम्परागत, मौलिक एवं कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिनेछ ।<br>१.३ व्यवसायिक सम्भाव्यता भएका वस्तुहरुको विस्तृत अध्ययन अनुसन्धान गरी सोका आधारमा वेरोजगार युवाहरुलाई सीप बिकास एवं उद्यमशीलता बिकास तालिमवाट क्षमता अभिबृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ सहकारी संस्थामा आवद्ध सवै सदस्यहरुलाई खासगरी हस्तकलाका सामान जस्ता निर्यात जन्य उत्पादनका लागि सीप एवं उद्यमशीलता बिकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।<br>१.५ वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई कृषि, पशुपालन, तरकारी, फलफुल तथा पर्यटन क्षेत्रमा व्यवसायिक बिकास, तथा उद्यमशीलता बिकासका लागि प्रोत्साहित गर्दै स्थानीय आर्थिक कारोवारमा गतिशिलता ल्याइनेछ । |
| २. स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन | २.१ स्थानीय उत्पादनको विक्री प्रवर्द्धनका लागि एउटा केन्द्र निर्माण गरी नियमित रुपमा स्थानीय एवं प्रदेश स्तरीय व्यापार मेला, प्रदर्शनी आयोजनाका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।<br>२.३ विद्यमान वजार क्षेत्रहरुमा क्रमशः भौतिक पूर्वाधार, सेवा सुविधाहरु उपलव्ध गराउदै साना ठूला व्यापारिक केन्द्रको रुपमा बिकास गरिनेछ।<br>२.४ स्थानीय उत्पादनलाई वाह्य वजार क्षेत्र सम्म पुऱ्याउन सवै प्रकारका यातायात सेबालाई प्रभावकारी बनाइनेछ । |
| ३. उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता जोड दिने | ३.१ परम्परागत सीप बिकासलाई आधुनिकीकरण गरी त्यसलाई व्यबसायीकरण गर्न प्रोत्साहित गरिनेछ ।<br>३.२ महिला, दलित तथा अति विपन्न वर्गको रोजगारी एवं आय स्तरमा बृद्धिका लागि एकल, सामुहिक, साझेदारीमा उद्योग व्यवसाय स्थापनामा सहजिकरण र संचालनका लागि प्रोत्साहन गरिनेछ ।<br>३.३ आवश्यक पूँजी लगानीको अभाव उद्योग व्यवसाय शुरु गर्न नसकिरहेकाहरुलाई सहकारी तथा वित्तीय संस्थासंग समन्वय गरी व्यवसाय संचालनको वातावरण श्रृजना गरिनेछ ।<br>३.४ लघु तथा घरेलु उद्योग धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्थाका लागि वित्तीय क्षेत्रसंग सहकार्य गरिनेछ । |
| ४. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने | ४.१ लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि नीति, दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४.२ उद्योग व्यवसाय बिकास सम्बन्धी कानून, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।<br>४.३ स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धि नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गरिनेछ । |
| **च. बैंक, वित्तीय संस्था तथा सहकारी** | |
| १. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने | १.१ बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ<br>१.२ वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ ।<br>१.३ आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिने छ ।<br>१.४ सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ । |
| २. बैंकिङ कारोवारमा गाउँवासीको सहज पहुँच कायम गर्ने | २.१ वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असाहय, जेष्ठ नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली संचालन गर्न समन्वय गरिने छ ।<br>२.२ आर्थिक कारोवार विस्तार लागि बैंक तथा वित्तीय शाखा विस्तार सहजीकरण गरिनेछ । |

## ४.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा आर्थिक विकासका लागि देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

**तालिका ३: आर्थिक विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कूल लक्ष्य (०८२/८३) | | |
| **१ कृषि विकास** | | | | | |
| १.१ कृषि उत्पादन पकेट क्षेत्र | संख्या | ० | १४ | १०००० | ७ वडामा बाली विशेष अनुसारको उत्पादन पकेट |
| १.२ तरकारी प्रवर्द्धन कार्यक्रम | रोपनी | ६८ | ३६० | ५०००० | सबै वडामा |
| १.३ खाद्यान्न बाली विकास कार्यक्रम | वटा | ० | ७ | ५००० | सबै वडामा छनौट भएका खाद्यान्न बाली |
| १.४ व्यवसायिक फलफूल विकास कार्यक्रम | रोपनी | ३० | २५० | २५०० | हावापानी अनुसार विभिन्न जातका वालीहरु |
| १.५ आधुनिक घारमा मौरी पालन कार्यक्रम | संख्या | ५०० | २००० | २००० | गाउँपालिका भर |
| १.६ कृषि पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | १ | १५००० | – प्रत्येक वडामा तरकारी तथा खाद्यान्न संकलन केन्द्र<br>– २ वटा आलुका लागि रष्टिक स्टोर (१० मे.टन क्षमताका) विउ संचितीका लागि<br>– गापा स्तरिय अन्न तथा तरकारी वीउ प्रशोधन केन्द्र |
| १.७ कृषि मेला तथा प्रदर्शनी कार्यक्रम | पटक | ० | ५ | १५०० | गाउँपालिका स्तरीय |
| १.८ बीउ उत्पादन कार्यक्रम | संख्या | २ | ५० | ५०० | ७ वटै वडाहरुमा |
| १.९ कृषि स्वरोजगार कार्यक्रम | जना | ७ | ३०० | ३०००० | ७ वटै वडाहरुमा |
| १.१० क्षमता विकास कार्यक्रम | संख्या | ० | ५ | १०००० | – ग्राफ्टिंग ओखर सम्बन्धी तालिम १०० जना<br>– नर्सरी क्षमता अभिबृद्धि ३० जना |
| १.११ कृषि औजार तथा उपकरण तथा विषादी वितरण | संख्या | ० | १ | ५००० | – कृषि औजार तथा उपकरण वितरण १५०० जना<br>– तरकारी कम्पोजिट किट वितरण ४००० प्याकेट<br>– जैविक विषादी वितरण १०० सेट |
| १.१२ स्थानीय स्रोत व्यक्ति परिचालन | संख्या | ० | १४ | १०००० | – गाउँपालिका स्तरीय |
| १.१३ दक्ष जनशक्ति विकास कार्यक्रम | जना | ० | १४ | २००० | सबै वडाकेन्द्रमा रहने गरी (कृषि प्राविधिक तथा अगुवा कृषक) |
| १.१४ कृषि सम्बन्धी सालबसाली कार्यक्रम | पटक | १ | ५ | १७५०० | मागको आधारमा |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| **कृषि विकासको जम्मा** | | | | १६१००० | |
| **२ सिंचाई** | | | | | |
| २.१ साना सिंचाई कार्यक्रम | संख्या | १६ | २१ | २०००० | सवै वडाका ३/३ स्थानमा |
| २.२ लिफ्ट सिचाई | संख्या | ० | ३ | २०००० | प्रदेश सरकारको सहयोगमा |
| २.३ सिंचाई पोखरी निर्माण | संख्या | ० | ७ | १०००० | उपयुक्त स्थानमा |
| २.४ सिंचाई सम्बन्धी सालवसाली कार्यक्रम | पटक | १ | ५ | २०००० | नियमित कार्यक्रम |
| **सिंचाईको जम्मा** | | | | ७०००० | |
| **३ पशु विकास** | | | | | |
| ३.१ नश्ल सुधार, पशु ल्याव तथा पशु उपचार केन्द्र स्थापना | पटक | ० | ३ | १०००० | गाउँपालिका स्तरीय |
| ३.२ उन्नत घाँसखेती विस्तार कार्यक्रम | रोपनी | ० | १०० | २००० | सार्वजनिक र निजी जग्गामा कृषि समूह/सहकारी मार्फत प्रवर्द्धन गर्ने |
| ३.३ व्यवसायिक पशपालन पकेट क्षेत्र कार्यक्रम | पटक | ० | ५ | ३०००० | गाउँपालिका स्तरीय |
| ३.४ व्यवसायिक बाखापालन कार्यक्रम | संख्या | १ | ५ | ५००० | गाउँपालिका स्तरीय |
| ३.५ कुखुरापालन कार्यक्रम | संख्या | ० | १४००० | ३१००० | गाउँपालिका स्तरीय |
| ३.६ चरन व्यवस्थापन कार्यक्रम | संख्या | ० | १ | ४८००० | चरण खर्क बाटो तथा खानेपानी निर्माण |
| ३.७ पशु स्वास्थ्य कार्यक्रम | संख्या | ० | ५ | २००० | गाउँपालिका स्तरीय |
| ३.८ दक्ष जनशक्ति विकास कार्यक्रम | जना | ० | ७ | २००० | सवै वडाकेन्द्रमा रहने गरी (पशु प्राविधिक तथा अगुवा कृषक) |
| ३.९ पशु विमा कार्यक्रम | पटक | ० | ५ | १००० | गापास्तरमा |
| ३.१० पशुसेवा सालवसाली कार्यक्रम | पटक | १ | ५ | २५०० | गापास्तरमा |
| **पशु विकासको जम्मा** | | | | १३३५०० | |
| **४ पर्यटन विकास** | | | | | |
| ४.१ कृषि पर्यटन कार्यक्रम | पटक | ० | ५ | १५००० | कृषि तथा पशुपालनसंग सम्बन्धित कृषि व्यवसायसँग आवद्ध गरी मेला तथा महोत्सव संचालन गर्ने |
| ४.२ ग्रामीण पर्यटन विकास कार्यक्रम | पटक | ० | १० | ५००० | स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धनका लागि होमस्टे विकास ३ पहिचान गरी संचालन गर्नेसमेत (संघ तथा प्रदेश समेतको समन्वयमा) |
| ४.३ पर्यटकीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | १ | १०००० | प्रदेश तथा संघसंग सहकार्यमा पर्यटकीय स्थल सुधार तथा पदमार्ग विकास |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| ४.४ पर्यटन गुरु योजना तर्जुमा | पटक | ० | १ | १५०० | गाउँपालिकास्तरमा |
| ४.४ पर्यटन सुविधा सम्बन्धी सालबसाली कार्यक्रम | पटक | ० | ७ | ३०००० | नेपाल सरकार र प्रदेश सरकाको सशर्त अनुदान र गापावाट समेत |
| **पर्यटन विकासको जम्मा** | | | | ४६५०० | |
| **५ उद्योग र व्यापार** | | | | | |
| ५.१ उद्योगको संभाव्यता अध्ययन | पटक | ० | १ | ५०० | गाउँपालिकास्तरमा |
| ५.२ जडिबुटी प्रशोधन उद्योग स्थापना र संचालन गर्ने | संख्या | ० | ३ | २०००० | प्रदेश सरकारसँगको समन्वयमा |
| ५.३ टिमुर,अल्लो तथा सिस्नो खेती प्रवर्द्धन तथा प्रशोधन केन्द्र स्थापना | संख्या | ० | २ | १०००० | गाउँपालिकास्तरमा |
| ५.४ दक्ष जनशक्ति उत्पादन कार्यक्रम | संख्या | ० | २८ | २००० | गापास्तर (उद्यम व्यवसाय सम्वन्धि) |
| **उद्योग व्यापारको जम्मा** | | | | ३२५०० | |
| **६ बैंक, सहकारी तथा वित्तीय सेवा तथा रोजगार** | | | | | |
| ६.१ सहकारीक्षमता विकास कार्यक्रम | पटक | ० | ५ | २५०० | गापाभित्रका सबै सहकारीहरु |
| ६.२ कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय तथा युवा उद्यमशिलता विकास कार्यक्रम | जना | ० | १४० | ५००० | वाहिर गएका र वेरोजगारलाई केन्द्रित गर्ने |
| ६.३ गाउँपालिका रोजगार कार्यक्रम सञ्चालन गर्ने | जना | ० | ५० | ५००० | – पालिकास्तरमा रोजगार सूचना केन्द्रको स्थापना<br>– प्रधानमन्त्री रोजगार कार्यक्रममा थप लगानी गर्ने |
| **बैंक, सहकारी तथा वित्तीय सेवाको जम्मा** | | | | १२५०० | |
| **आर्थिक विकासको जम्मा** | | | | ४५६००० | |

# परिच्छेद ५
# सामाजिक विकास योजना

## ५.१. पृष्ठभूमि

नेपालको संविधानले सामाजिक विकासका मुलभुत पक्षलाई उच्च प्राथमिकताका साथ अंगिकार गरेको छ । सामाजिक विकासको क्षेत्र विकासका आयामहरु मध्ये गतिशील तथा बहुआयामिक क्षेत्र हो । जस अन्तरगत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र कला, भाषा, साहित्य र संस्कृति जस्ता उपक्षेत्रहरु समेटिएका छन् । वर्तमान संविधानले आधारभुतस्तरको स्वास्थ्य तथा शिक्षा, सामाजिक न्याय, समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभुत गर्दै आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ । नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, स्वस्थ तथा समुन्नत समाज, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणलाई समेत समावेश गरिएको छ ।

वर्तमान १५ औं राष्ट्रिय योजनालेसमतामूलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनको लागि अवसर प्रदान गर्ने कुरालाई महत्व दिएको छ । लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनाले "समृद्ध प्रदेश: खुशी जनता" भन्ने दीर्घकालिन सोचअनुसार पनि शिक्षा तथा स्वास्थ्यमा पहुँच तथा गुणस्तरमा अभिबृद्धि, सामाजिक समावेशीकरण, खानेपानी तथा सरसफाईको पहुँचमा विस्तार, युवा रोजगारी, खेलकुद विकास र कला तथा संस्कृतिको संरक्षण जस्ता सामाजिक विकासका अवयवहरुलाई महत्व दिएको देखिन्छ । लुम्विनी प्रदेशको दीर्घकालिन सोचलाई नै आधार मानेर यस गा.पा.को दीर्घकालिन सोच पनि "समृद्ध लुङ्ग्री : खुशी जनता" राखिएको छ ।

## ५.२. वर्तमान अवस्था

लुम्बिनी प्रदेशकै विकट क्षेत्र मानिएको रोल्पा जिल्लामा अवस्थित लुङग्री गाउँपालिका सामाजिक रुपमा पिछडिएको क्षेत्र हो । तथापि पछिल्ला दिनहरुमा विकासका अन्य क्षेत्रको तुलनामा सामाजिक क्षेत्रमा उल्लेखनीय रुपमा सुधार भएको देखिन्छ । लुङग्री गाउँपालिकाले विगत वर्षदेखि नै सामाजिक विकासलाई उच्च प्राथमिकतामा राखेर गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवामा सुधार, सामाजिक समावेशीकरण, कला तथा संस्कृति संरक्षणलाई यथोचित रुपमा समेटेर वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने गरेको छ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पूर्वाधार विकास, स्वास्थ्यकर्मीको क्षमता विकास र स्वास्थ्य सेवा विस्तारलाई प्राथमिकतामा राखेको छ । लक्षित वर्गको सुरक्षा र सम्मान, खुला दिशामुक्त क्षेत्र, गुणस्तरीय खानेपानी सुबिधा विस्तार, युवा स्वरोजगारी, हिंसा तथा विभेदको अन्त्य जस्ता विषयहरु समेटिएका छन् । यसरी हेर्दा लुङग्री क्षेत्रमा सामाजिक विकासका आधारहरु तयार हुँदै गएको देखिन्छ । गाउँपालिका भित्रको सामाजिक विकास क्षेत्रको विद्यमान अवस्थासहित सम्भावना तथा अवसर र समस्या तथा चुनौति पहिचान गरी देहायका उप शीर्षकहरुमा प्रस्तुत गरिएको छ ।

### ५.२.१ शिक्षा तथा सीप विकास

#### क) विद्यमान अवस्था, संभावना र अवसर

नेपालको संविधानले विद्यालय तहको शिक्षा नि:शुल्क प्राप्त गर्ने अधिकारलाई सुनिश्चिता गरेको छ । शैक्षिक विकासको सन्दर्भमा निरक्षरता अन्त्य गर्दै प्राविधिक तथा व्यवसायिक शिक्षामा सहज पहुँच कायम गर्न राष्ट्रिय तथा स्थानीयस्तरबाट अभ्यासहरु भई रहेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संघीय, प्रादेशिक तथा स्थानीय सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ । शिक्षालाई विकासको मुल आधारका रुपमा लिई यस गाउँपालिकाले नमुना विद्यालयका साथै प्राविधिक तथा उच्च शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरु सृजना गर्ने कुरालाई महत्व दिई दश वर्षे शिक्षा योजना तर्जुमा कार्यको शुरुवात गरेको छ ।

साक्षरता प्रतिशत ५७ प्रतिशत रहेको लुङ्ग्री गाउँपालिका भित्र ३३ सामुदायिक र १ वटा संस्थागत गरी कुल ३४ वटा विद्यालयहरु रहेका छन् । जसमध्ये आधारभुत २४ वटा र माध्यमिक ९ वटा सञ्चालनमा रहेका छन् । त्यसैगरी निजी क्षेत्रवाट सञ्चालनमा आएको १ वटा विद्यालय रहेको छ । यसका अतिरिक्त ३ वटा सामुदायिक

अध्ययन केन्द्र समेत संचालनमा रहेको देखिन्छ । यस गाउँपालिकामा १० वटा वाल विकास केन्द्रले गाउँपालिकावाट स्वीकृति प्राप्त गरी सञ्चालनमा आएको अवस्था छ । विद्यालय वाहिर रहेका वालबालिकालाई विद्यालय शिक्षामा समाहित गर्ने अभियान निरन्तर रहेको यस क्षेत्रमा विद्यालय भवन लगायतका पूर्वाधार निर्माणको कार्य पुर्णता उन्मुख रहेको छ । विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्नुका साथै वालमैत्री सिकाइ विधि अवलम्बन गरिएको छ । विद्यार्थी शिक्षक अनुपात १:७ रहेको यस क्षेत्रमा कक्षा ८ तथा १० को निरन्तरता दर क्रमशः ९० र ८६ प्रतिशत रहको छ ।

गाउँपालिकाको वडा नं १, २, ३ र ४ मा विभिन्न संघ संस्थाहरुको प्राविधिक सहयोगमा समुदायमा आधारित ४४ वटा स्वावलम्वी संस्थाहरु गठन भएको र ४ वटा संस्थागत संजाल गठन भई सचेतना, सिप तथा आयआर्जन सम्वन्धी गतिविधीहरु सञ्चालनमा आएका छन् ।

विद्यालयमा उपलब्ध पूर्वाधार, संरचना तथा सुविधाको अवस्था हेर्दा ८ वटा विद्यालयमा इन्टरनेट सुविधा, १६ वटा विद्यालयमा सेनेटरी प्याड वितरण, विद्यालयमा छात्र छात्राका लागि अलग अलग शौचालय र बालबालिकाको हितका लागि बालक्लव गठन भएको देखिन्छ । विज्ञान प्रयोगशाला भएका विद्यालय संख्या ७, कम्प्युटर प्रयोगशाला भएका विद्यालय संख्या ८, र सबै विद्यालयमा खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध रहेको देखिन्छ । यस गा.पा.मा यि सेवा तथा पुर्वाधारहरु क्रमशः वढ्दै जाने क्रममा रहेका छन् । पछिल्ला वर्षहरुमा यस क्षेत्रमा माध्यामिक तथा प्राविधिक शिक्षामा आकर्षण, पहुँच र गुणस्तर वृद्धि हुँदै गएको छ । विद्यालयहरुमा महिला पुरुष मैत्री शौचालय रहेको र स्यानीटरी प्याड पनि उपलब्ध रहेको अवस्था विद्यमान छ ।

### ख) समस्या तथा चुनौति

शिक्षा क्षेत्रको सुधारमा राष्ट्रिय तथा स्थानीयस्तरबाट संस्थागत तथा व्यवहारिक प्रयास भएता पनि गुणस्तरीय तथा प्रतिष्पर्धी शिक्षाको दिशामा समय सापेक्ष सुधारहरु हुन सकेका छैनन् । भौगोलिक बिकटता, गरिवी र श्रोत तथा साधनको अपर्याप्तता रहको छ । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको निर्माण तथा उपयोग प्रभावकारी हुन सकेको छैन भने आधुनिक सूचना प्रविधिमा पहुँचमा कमी रहेको छ । स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुन सकेको छैन । विद्यालयको अनुगमन तथा मुल्यांकनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयमा कमी रहेको छ । स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि गाउँपालिका बाहिरका निजी शैक्षिक संस्था प्रतिको परनिर्भरता कायम रहेको छ । उच्च शिक्षाका लागि क्याम्पस र प्राविधिक शिक्षाका लागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई सम्बोधन हुन सकेको छैन । निरक्षरता हटाउन सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षा प्रभावकारी हुन सकेका छैनन् । पूर्वाधारतर्फ वालमैत्री तथा अपांगमैत्री भवन, खेल मैदान, घेरवार र शौचालयको कमी रहेको छ । हालसम्म पनि विद्यालय उमेर समुहका ५ प्रतिशत बालबालिका विद्यालय वाहिर रहेका छन् र यि वालवालिकाहरुकमा धेरैजसो दलित समुदायका वालवालिका पर्दछन् । आधारभुत तहमा वालवालिका संख्य धेरै भएता पनि मा.वि.तहमा विद्यार्थिको संख्या अत्यान्त न्युन छ । यसैगरि सामाजिक परिवेशमा शैक्षिक वातावरणको कमीजस्ता समस्या विद्यमान रहेको छ । विद्यालय छोड्ने दर दलित बस्तीमा बढी रहेको विषेशगरी आधारभुत र मा.बि. स्तरमा धेरै देखिन्छ । दलित समुदायवाट एस.एल.सी. पास गर्ने सिमित रहेको छन् । गा.पा.मा सानै उमेरका वालकहरु कामको खोजीमा भारत जाने चलन छ ।

## ५.२.२ स्वास्थ्य तथा पोषण

### क) विद्यमान अवस्था, संभावना र अवसर

आधारभुत स्वास्थ्य तथा पोषणलाई लुङ्ग्री गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै आधारभुत स्वास्थ्य सेवालाई गुणस्तरीय तुल्याई गाउँवासीको सहज पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारिक अभ्यास विद्यमान रहेका छन् । राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति तथा कार्यक्रमका अतिरिक्त गाउँपालिकाको अग्रसरतामा स्वास्थ्य क्षेत्रमा जनशक्तिको व्यवस्थापन, सेवाको स्तरोन्नती तथा विस्तारका कार्यहरु द्रुत गतिमा भई रहेका छन् । गाउँपालिका क्षेत्रभित्र ५ वटा स्वास्थ्य चौकी, १ वटा सामुदायिक स्वास्थ्य इकाई, २ आधारभुत स्वास्थ्य केन्द्रहरु, १७ गाउँघर क्लिनिक र २४ खोप क्लिनिक रहेका छन् । स्थानीय स्वास्थ्य संस्थामा हेल्थ असिष्टेन्ट ५ जना,

अनमी १७ जना, अहेव १३ जना र कार्यालय सहयोगी ८ जना र ल्याव असिस्टेन्ट १ जना कार्यरत रहेका छन् । स्वास्थ्य संस्था मध्ये वडाचौर स्वास्थ्य चौकीमा ल्याव सुविधा रहेको छ भने गर्भ परिक्षण सुविधा सबै स्वास्थ्य संस्थामा रहेको छ । सुरक्षित मातृत्वका लागि प्रसुती सेवा ६ वटा स्वास्थ्य चौकीमा रहेको छ । सबै स्वास्थ्य चौकिहरुमा संस्थामा सुत्केरी हुनेलाई सुत्केरी पोषण प्रोत्साहन शुरुवात गरिएको छ । यस क्षेत्रका ९४ प्रतिशत घरपरिवारमा आयोडिनयुक्त नुनको प्रयोग हुने गरेको छ । स्वास्थ्य संस्थामा ७२ प्रकारका औषधी निःशुल्क रुपमा उपलब्ध रहेका छन् । मापदण्ड अनुसारको १ वटा स्वास्थ्य चौकी भवन बनेको छ भने एउटा सामुदायिक स्वास्थ्य इकाइको भवन निर्माणाधिन रहेको छ । पालिकास्तरमा एउटा एम्बुलेन्सबाट सेवा उपलब्ध गराइएको छ । पछिल्ला दिनमा स्वास्थ्यकर्मीको उपस्थितिमा सुधार भएको छ । किशोर किशोरी मैत्री स्वास्थ्य सेवा २ वटा स्वास्थ्य चौकीमा रहेको छ । स्थायी परिवार नियोजनका लागि हरेक वर्ष सबै स्वास्थ्य संस्थामा शिविर संचालन गर्ने गरिएको छ । स्वास्थ्य व्यवहार परिवर्तनको लागि स्वास्थ्य संस्थास्तरमा अन्तरकृया तथा मधुमेह, रक्तचाप र पिसाव जाँच कार्यक्रम हरेक वर्ष संचालन हुने गरेको छ । विद्यालयस्तरमा जुकाको औषधी तथा भिटामिन ए र स्वास्थ्य शिक्षा कार्यक्रम वर्षमा २ पटक हुने गरेको छ । वडा नं ४ मा डेलिभरी स्वास्थ्य संस्थामा ल्याएमा रु ५००० पाउने र जन्मदर्ता हुने, नियमित गर्भ जाँच गर्ने महिलाहरुलाई नुन १ पोका, तेल १ लि वितरण गरिने लोकप्रिय कार्यक्रम राखिएको छ । यस्तै प्रकृतिका कार्यक्रमहरु अन्य वडाहरुमा पनि विद्यमान छन् । पाठेघर खस्ने महिलाकोलागि सामान्य उपचार स्थानीय स्वस्थ्य केन्द्रमा हुने गरेको छ । गाउँपालिकास्तरमा स्वास्थ्य सेवा उपलव्ध गराउन गैर सरकारी संस्थाहरु सुआहरा, हेलेन किलर ईन्टरनेस्नल, HURAC / GWT जस्तासंस्था स्वास्थ्य क्षेत्रमा साझेदारको रुपमा रहेका छन् ।

### ख) समस्या तथा चुनौति

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधारका बावजुत भौगोलिक विकटता र लामो दुरीका कारण स्वास्थ्य सेवामा सहज पहुँच स्थापित हुन सकेको छैन । सामान्य चिकित्सा सेवाका लागि ३.५ घण्टा यात्रा गर्नुपर्ने अवस्था रहेको छ । सम्पुर्ण वडामा हालसम्म पनि स्वास्थ्य चौकी स्थापना हुन सकेको छैन । स्वास्थ्य संस्थामा जनशक्ति पर्याप्त रहेको छ । सञ्चालित बर्थिङ्ग सेण्टर मध्ये सवै वर्थिङ्ग सेण्टरमा दक्ष प्रसुतीकर्मीको कमी छ भने प्रसुती सम्वन्धी उपकरणको अभाव देखिन्छ । स्वास्थ्य चौकीमा ल्याव र एक्सरे लगायत स्वास्थ्य उपकरण आवब्यकता देखिन्छ । परम्परागत अन्धविश्वासका कारण यस क्षेत्रमा हालसम्म पनि विरामी पर्दा सबैभन्दा पहिला धामी झाँक्रीकोमा जाने घरपरिवारको संख्या १६ प्रतिशत रहेको छ । स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारणका लागि पूर्वाधार लगायत एक्सरे तथा भिडियो एक्सरे लगायतको ल्याव सुविधामा कमी रहेको छ । पूर्वाधार तर्फ ७ वटा स्वास्थ्य चौकीको भवन मापदण्ड अनुसार निर्माण हुन सकेको छैन भने स्वास्थ्य संस्थामा घेरवारको कमी रहेको छ । खोप क्लिनिक तथा गाउँघर क्लिनिकको भवन अभावले सेवा प्रवाहमा असुविधा भएको छ । स्वास्थ्य तथा पोषणसम्बन्धी जानकारीमा कमी रहेको छ भने सुर्तीजन्य र मदिराजन्य वस्तुको सेवनको कुलतका कारण स्वास्थ्य समस्या आउने गरेको छ । शारिरीक व्यायाम, योग, आयुर्वेदिक एवं प्राकृतिक चिकित्सासम्बन्धी चेतनामा कमी रहेको छ । भाइरल इन्फ्लुएन्जा र कोभिड १९ लगायतका महामारीको प्रकोपले बेला बखतमा प्रभावित गर्ने गरेको छ । यसक्षेत्रमा स्वास्थ्य विमाको अभ्यास रहेको छैन ।

## ५.२.३ खानेपानी तथा सरसफाई

### क) विद्यमान अवस्था, संभावना र अवसर

खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा पार्ने बहुआयामिक प्रभावलाई दृष्टिगत गरी यस सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाई सम्बन्धी स्पष्ट लक्ष्य निर्धारण गरेको छ । खुला दिशामुक्त क्षेत्र घोषणा भईसकेको यस गाउँपालिकामा एक घर एक धारा तथा शौचालय निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ । गाउँपालिका भित्रका ८३.२० प्रतिशतघर परिवारले पाइप धाराको पानी उपयोग गर्ने गरेका छन् । गाउँपालिका क्षेत्रभित्र खानेपानीको श्रोतहरु पर्याप्त रहेका छन् । सुरक्षित प्यान भएका शौचालय भएका घरधुरी संख्या ७१.३ प्रतिशत रहेको छ । कुनैपनि वडाहरुमा सार्वजनिक शौचालयको निर्माण तथा उपयोगको शुरुवात भएको छैन । फोहोर व्यवस्थापनका लागि गाउँपालिकास्तरबाट पहल गरिएको छ । खानेपानी तथा सरसफाईको क्षेत्रमा HURAC, GWT, / JNWTN लगायतका गैर सरकारी संस्थाको सहयोग र सकृयता रहेको छ । एक घर एक धारो अभियानले धेरै घरधुरी समेटिएको अवस्था छ । खानेपानीको लागि खानेपानीका मुलहरु प्रसस्त रहका छन् । वडा नं ५ को उपल्लो

वस्तिहरुमा खानेपानीको समष्या रहेको र ति स्थानहरुमा खन्नेखोला, कुन्जेरी, कमलेरी, छड्केल्ले लगायतका पानीका श्रोतवाट खानीपानीको प्रवन्ध गर्न सकिने संभावना छ ।

### ख) समस्या तथा चुनौति

संघीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत प्रयास भएता पनि खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइजन्य परम्परागत व्यवहारका कारण आशातित सुधार हुन सकेको छैन । हालसम्म पनि करिव ०.१ प्रतिशत घरपरिवारमा शौचालय निर्माण हुन सकेको छैन । सञ्चालनमा आएका शौचालयको सरसफाईमा कमि देखिन्छ । मानिसहरुको जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको छ । स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन भने सुख्खा याममा कतिपय वस्तीमा खानेपानीको अभाव हुने गरेको छ । खानेपानीमा पाईपहरु वर्षेनि पहिरोको कारण वगाउने र विगार्ने समष्या पनि देखिएको छ । निजी धाराबाट खानेपानी सुविधा हासिल गर्ने घरपरिवारको संख्या २.१२ प्रतिशत मात्र रहेका छन् । सरसफाई सम्बन्धी आनिवानी कमजोर रहेको छ भने घरमै फोहोर वर्गिकरण गरी व्यवस्थापन गर्ने प्रचलन छैन । प्लास्टिकजन्य तथा शिशाजन्य फोहोरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदुषण बढ्दै गएको छ ।

खानेपानीको वडागत अवस्था विश्लेषण गर्दा वडा नं १ अन्तरगत ऐपे बस्ती र राजीबाङ र वडा नं २ अन्तरगत जुधुङ बस्ती खानेपानीको, खड्काचौर, बाघखोर, शाहीबाङ, बादरपोले लगायतका वस्तिहरुमा खानेपानीको समष्या रहेको छ । यसैगरी पोबाके खानेपानी मुहान संरक्षण गर्नु पर्ने आवष्यकता छ । वडा नं ६ मा शिव मुहान तारजाली संरक्षण गर्नु पर्ने र वडा नं ७ तनबाङ खोला, ठूलो पनेरा मूल तारजाली संरक्षण गर्नु पर्ने आवष्यकता देखिन्छ ।

## ५.२.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### क) विद्यमान अवस्था, संभावना र अवसर

नेपालको संविधानले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई सम्वोधन गर्दै लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक लगायतका हकको प्रत्याभुती गरेको छ । लुङ्ग्री गाउँपालिकाले पाँच वर्ष भित्र बालविवाह मुक्त, महिला हिंसामुक्त र शत प्रतिशत महिला साक्षर गाउँ निर्माणको लागि आवश्यक पहल गरेको छ । महिलामैत्री गाउँपालिकाका लागि ४५ वटा भन्दा धैरै स आमा समुह गठन भएका र सकृय रुपमा काम गरेकाछन् । लक्षित वर्गका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन हुने गरेको यस गाउँपालिकाले लक्षित वर्गका लागि लोकसेवा कक्षा तयारीमा सहयोग पुर्याउँदै आएको छ । गा.पा. मा अन्तरजातीय विवाहलाई सामाजिक रुपमा स्वीकार गर्ने गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रमबाट सबै वर्गलाई समेटने प्रयास भईरहेको छ । लक्षित वर्गका लागि आयमुलक कार्यक्रम सञ्चालनमा रहेका छन् । स्थानीय गैर सरकारी संस्था हुरेक को सहयोग र सहजिकरणमा गाउँपालिकाको १, २, ३ र ४ वडाहरुमा स्वालम्वी समुहरु गठन गरिएको छ भने यी ४ वटै वडाहरुमा महिला निगरानी समुहहरु पनि गठन गरिएको छ । गाउँपालिकास्तरमा बाल, महिला, आदिवासी जनजाति तथा अपाङ्ग संजाल रहेका छन् । आदिवासी जनजाति पार्कको डिपिआर तयार भइ सकेको छ । स्थानीय समिति तथा संरचना समावेशी स्वरुपमा गठन हुने गरेका छन् ।

### ख) समस्या तथा चुनौति

लक्षित वर्गको चौतर्फी हितका लागि नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरु भएता पनि दलित, महिला, अपाङ्गाता भएका व्यक्ति, बालबालीका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधारहरु प्रभावकारी हुन सकेको छैन । वाल विवाह, लैङ्गिक हिंसा, दलित तथा विपन्न तथा वाल हिंसाका घटनामा अपेक्षाकृत कमी आएको छैन । दलित वाल वालिकाहरु विद्यालयको निरन्तरता कमि रहेको छ । हिंसा पिडीत महिलाको पहिचान हुनसकेको छैन । छुवाछुत तथा सामाजिक विभेद कायमै रहेको छ । विपन्न, हिंसा पिडित र असहायहरुका लागि विषेश व्यवस्था हुन सकेको छैन । दलित र विपन्न वर्गको वस्तिहरु पहिरोको जोखिममा रहेको, खाद्य असुरक्षा रहेको, विद्युतिकरण सवै घरधुरीमा पुगिनसकेको जस्ता समष्या देखिन्छ । सबै लक्षित वर्गको संजाल गठन र कृयाशिल हुन सकेको छैन । लक्षित

वर्गको आत्मनिर्भरताका लागि पर्याप्त अवसर तथा क्षमता विकासका अवसरमा कमी रहेको छ । दलित समुदायका वालवालिकाको विद्यालय निरन्तरता दरमा कमी देखिन्छ ।

### ५.२.५ युवा तथा खेलकुद

#### क) विद्यमान अवस्था, संभावना र अवसर

युवाको सर्वाङ्गिण विकास राष्ट्र निर्माणको आधारलाई दीर्घकालिन सोचका रुपमा लिई युवाको राजनीतिक, सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारको पूर्ण उपयोग गर्ने वातावरण तयार गर्ने कुरालाई वर्तमान १५ औं योजनाले जोड दिएको छ । यस गाउँपालिकाले युवा जनशक्तिलाई उत्पादन, विकास निर्माण र रोजगारीसँग जोडने नीति लिएको छ भने गाउँपालिका तथा वडा तहमा खेलकुद प्रतियोगिताको आयोजना तथा खेलाडी प्रोत्साहन हुने गरेको छ । लुङ्ग्री गाउँपालिका भित्र कूल ३ वटा मुख्य खेल मैदान रहेको छ । वडाहरुमा रहेका विद्यालयका खेल मैदान नै खेलमैदानको रुपमा प्रयोग हुने गरेका छन् । यस गाउँपालिका भित्र कृयाशिल ७ वटा युवा क्लवमा १४० जना युवा आवद्ध रहेका छन् । उद्यम, व्यवसाय र रोजगारीमा संलग्न युवा संख्या करिब १२५० रहेको छ ।

#### ख) समस्या तथा चुनौति

लुङ्ग्री गाउँपालिका क्षेत्रमा युवा पलायन मुख्य समस्याका रुपमा रहेको छ । युवा रोजगारी तथा उद्यमशीलताको कमी रहको छ । खेलकुद व्यवसायिक हुन सकेको छैन भने गुणस्तरीय खेल मैदानको कमी रहेको छ । खेल क्षेत्रको विकासका लागि खेल मैदान, खेल प्रशिक्षण तथा खेलकुदको नियमित आयोजनामा कमी रहेको छ । रोजगारी, अध्ययन तथा अवसरको खोजीमा देशकै अन्य क्षेत्र तथा विदेशमा युवाहरु जाने प्रवृति रहेको छ । भौगोलिक विकटता तथा उपयुक्त स्थलको अभावमा खेल मैदानको निर्माणमा कठिनाई रहेको छ ।

### ५.२.६ कला, भाषा तथा संस्कृति

#### क) विद्यमान अवस्था, संभावना र अवसर

मगर र क्षेत्री समुदायको बाहुल्यता रहेको यस गाउँपालिकामा वहुसंख्यक जनताले नेपाली भाषा वोल्ने र मगर रहन सहनलाई अपनाएको देखिन्छ । यहाँका क्षेत्री वुढाखाका व्यक्तिहरुले मगर भेषभुषा अँगालेको पाईन्छ । मगर समुदायको भेषभुषा विश्वमै दुर्लभ र राम्रो रहेको छ । यस गाउँपालिका क्षेत्रमा अवस्थित भालुगुफा, वडाचौर क्षेत्रको रमणीयता, वराहक्षेत्र, गुम्चालमा अवस्थित शिवालय तथा थामलेक, नम्जामा स्थित मस्ताथान लगायतका अति आनन्ददायी स्थानहरुको प्रचार प्रसार गरी स्वदेशी तथा विदेशी पर्यटकको लागि आकर्षक र रमणीय गन्तव्य स्थलको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । यस क्षेत्रमा रहेका महत्वपूर्ण धार्मिक स्थलहरुमा धार्मिक स्थलहरुमा शिवजी थान वडा नं १, शिव मन्दिर वडा नं २ खद्दर, सुपादेउराली मन्दिर वडा नं ३, ऐपे, मस्ता थान वडा नं ४, नम्जा, वराह मन्दिर वडा नं ५, विष्टथान वडा नं ५, सेवार, थाम शिवालय वडा नं ६, गुम्चाल, गुम्चाल शिवालय लगायतका रहेका छन् । खस सभ्यता तथा हिन्दु र थोरै बौद्ध संस्कृतिको संगम क्षेत्रका रुपमा यो गाउँपालिका रहेको छ । मुख्य चाडपर्वहरुमा दर्शै, तिहार, होली कृष्णाष्टमी, जनै पुर्णिमा, रामनवमी, माघे संक्रान्ती रहेका छन् । गाउँपालिका भित्र मगर भाषामा मातृभाषामा कक्षा सञ्चालनको शुरुवात भएको छ ।

#### ख) समस्या तथा चुनौति

लुङ्ग्री गाउँपालिका भित्र वाह्य संस्कृतिको प्रभावका कारण मौलिक भेषभुषा, भाषा तथा संस्कृतिको ह्रास हुँदै गएको छ । यस क्षेत्रमा रहेका ऐतिहासिक सम्पदा र भाषा तथा संस्कृतिको संरक्षण र सम्बर्द्धनमा पर्याप्त ध्यान पुगेको छैन । पश्चिमी तथा आधुनिक संस्कृतिको प्रभाव रहेको छ । मौलिक साँस्कृतिक अभ्यास र मौलिक ज्ञानको संरक्षणमा कमी रहेको छ ।

कार्यशालाबाट प्राप्त सामाजिक विकाससँग सम्बन्धित क्षेत्र तथा सो अर्न्तगतका उपक्षेत्रहरुको वस्तुस्थिति विश्लेषण **अनुसूची ५** मा प्रस्तुत गरिएको छ ।

### ५.३ लक्ष्य तथा उद्धेश्य

यस गाउँपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- सुशिक्षित, स्वस्थ र आत्मनिर्भर जनशक्ति तयार गर्नु

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- शैक्षिक गुणस्तर अभिवृद्धि र प्राविधिक तथा उच्च शिक्षामा सहज पहुँच भएको हुनेछ ।
- स्वास्थ्य सेवाको उपलब्धता सहज तथा गुणस्तरमा वृद्धि भएको हुनेछ ।
- स्वच्छ खानेपानीको सहज उपलब्धता र सरसफाईको अवस्थामा स्तरोन्नती भएको हुनेछ ।
- लक्षित वर्गको आत्मसम्मान, आत्मनिर्भरता र सहभागितामा अभिवृद्धि भएको हुनेछ ।
- युवा आत्मनिर्भरता तथा खेल क्षेत्रमा अवसर सृजना भएको हुनेछ ।
- स्थानीय सम्पदा तथा मौलिक भाषा एवं संस्कृतिको प्रवर्द्धन भएको हुनेछ ।

## ५.४ रणनीति तथा कार्यनीति

लुङ्ग्री गाउँपालिकाको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न दीर्घकालिन सोचतर्फ उन्मुख भई सबै तहको सरकार तथा विकास साझेदार संस्थासँग समन्वय र सहकार्य गरी अभिबृद्धि गरी आवधिक विकास योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिने छ । योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सामाजिक विकास क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ ।

**तालिका४ः सामजिक विकासका लागि रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. शिक्षा तथा सीप विकास** | |
| १. विद्यालय शिक्षालाई गुणस्तरीय तथा प्रतिस्पर्धी गराई सबैको सहज पहुँच कायम गर्ने । | १.१ गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि पूर्वाधारको सुधार, शिक्षण विधि तथा सामाग्रीको समुचित व्यवस्थापन गरिनेछ ।<br>१.२ विद्यालयमा शैक्षिक गतिविधिको निरन्तर अनुगमन र सुधारलाई प्रभावकारी गराउन विद्यालय अनुगमन कार्यविधि तयार गरिनेछ ।<br>१.३ वालमैत्री र अपांगमैत्री पूर्वाधार निर्माण गरी बालमैत्री सिकाई विधिलाई व्यवहारिक गराइने छ ।<br>१.४ विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालबालीकालाई विद्यालयमा ल्याउन अभियान सञ्चालन गरिनेछ ।<br>१.५ भौगोलिक दुरीका कारण विद्यालय शिक्षा हासिल गर्न पहुँच नभएका विद्यार्थी लाई छात्रावासको व्यवस्था गरी अध्ययनको अवसर उपलब्ध गराइने छ ।<br>१.६ विद्यालयमा इन्टरनेट, विद्युतिय पुस्तकालय तथा विज्ञान प्रयोगशालाका निर्माण तथा व्यवस्थित रुपले सञ्चालन गराइने छ ।<br>१.७ घरपरिवारमा शिक्षा प्रतिको धारणा सकारात्मक गराइ विद्यार्थी नियमितता र सिकाइको वातावरण तयार गर्न अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।<br>१.८ गरिव तथा जेहेन्दार विद्यार्थिहरुलाई छात्रवृत्तीको व्यवस्था गरिने छ । विद्यार्थी भर्ना कार्यक्रम तथा अविभावकहरुमाजनचेतनामुलक कार्यक्रमहरु अगाडि बढाइने छ ।<br>१.९ फरक क्षमताका बालबालिकाको लागि विद्यालयमा छात्रवृत्ती प्रदान गरिने छ । |
| २. विद्यालय शिक्षामा संरचनात्मक सुधार गरी शैक्षिक गुणस्तर कायम गर्न उपयुक्त वातावरण तयार गर्ने र भौतिक पूर्वाधारको विकास गर्ने । यसका साथै ५ वर्षे शैक्षिक रणनीतिक योजना निर्माण | २.१ योग, सदाचार, अनुशासन र उच्च नतिकता विकासलाई मध्य नजर गरी स्थानीय आवश्यकताका आधारमा स्थानीय पाठ्यक्रम तर्जुमा गरिनेछ ।<br>२.२ विद्यालय सुधार योजना अद्यावधिकरण तथा शैक्षिक क्यालेण्डरलाई तयारी कार्यान्वयनलाई प्रभावकारी गराइने छ |

| रणनीति | कार्यनीति |
| --- | --- |
| गरि लागु गरिने छ । | ।<br>२.३ आधारभूत तहदेखि नै अंग्रेजी भाषालाई शिक्षणको माध्यम बनाउन पहल गरिनेछ ।<br>२.४ विद्यालयमा वाल क्लव गठन र परिचालन गरिनेछ ।<br>२.५ नमुना विद्यालयको अवधारणालाई विस्तारिक रुपमा कार्यान्वयन गरिनेछ ।<br>२.६ गा.पा. भित्र रहेका सम्पूर्ण विद्यालयहरुको भौतिक संरचनाहरुलाई १० वर्ष भित्रमा पुर्ण रुपले भुकम्प प्रतिरोधी बनाउनका निमित्त आवश्यक कदम चालिने छ ।<br>२.७ गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिने छ । |
| ३. उच्च शिक्षा तथा प्राविधिक शिक्षामा पहुँच कायम गर्ने । | ३.१ स्थानीय स्तरमा क्याम्पस तहको शिक्षा हासिल गर्ने अवसर उपलब्ध गराउन क्याम्पस स्थापना र संचालनमा आवश्यक पहल गरिनेछ ।<br>३.२ स्थानीय आवश्यकताका आधारमा विद्यालय तहमा प्रविधिक विषयमा कक्षा सञ्चालन गराइनेछ ।<br>३.३ उच्च तथा प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवश्यक पूर्वाधार, जनशक्ति तथा संरचनाको व्यवस्था गरिनेछ । |
| ४. विद्यालय शिक्षालाई वालमैत्री, छात्रामैत्री तथा अपाङ्गमैत्री बनाउने । | ४.१ विद्यालय भवन, शौचालय, कक्षा कोठा र खेल मैदानलाई बालमैत्री, छात्रामैत्री तथा अपाङ्गमैत्री बनाइने छ ।<br>४.२ विद्यालयमा सेनेटरी प्याडको उपलब्धता र उपयोगलाई थप प्रभावकारी र व्यवस्थित गराइने छ ।<br>४.३ विद्यालयमा स्वच्छ खानेपानी उपलब्धता सुनिश्चित गरी र छात्रामैत्री शौचालय निर्माण गरिनेछ ।<br>४.४ फरक क्षमता भएका बालबालिकाको सिकाईलाई सहज बनाउन विशेष व्यवस्था गरिनेछ । |
| ५. प्रारम्भिक वालविकास केन्दको यथोचित व्यवस्थापन गरी सबै बालबालीकाको पहुँच कायम गर्ने । | ५.१ प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्था र सरसफाईलाई ध्यान दिई खेल सामग्री, सिकाई सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।<br>५.२ भौगोलिक दुरी तथा स्थानीय आवश्यकताका आधारमा प्रारम्भिक वाल विकास केन्द्र स्थापना गरिनेछ र विद्यालय क्षेत्रभन्दा वाहिर भएका वालवालिकाको संख्या शुन्य अवस्थामा झार्ने कार्यका लागि तिव्रता साथ पहल गरिने छ ।<br>५.३ प्रारम्भिक बाल कक्षामा तालिम प्राप्त सहजकर्ताको व्यवस्था गरिनेछ ।<br>५.४ स्तरिय निशुल्क माध्यामिक विद्यालय, सिपमुलक प्राविधिक विद्यालय तथा शिशु विकास केन्द्रहरु सवैको पहुचमा हुने गरि स्थापना तथा व्यवस्थापन गरिने छ । |
| ६. शैक्षिक संस्थामा जनशक्तिको व्यवस्थापन गरी शिक्षण सिकाईलाई नियमित र प्रभावकारी गराउने । | ६.१ उत्कृष्ट विद्यालय तथा शिक्षक र बालविकास सहजकर्तालाई हरेक वर्ष पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।<br>६.२ शिक्षक संख्या कमभएका विद्यालयमा आवश्यक शिक्षकको व्यवस्थापनका लागि पहल गरिनेछ ।<br>६.३ विद्यालय शिक्षालाई प्रतिस्पर्धी तथा समयसापेक्ष गराउन शिक्षण सिकाई प्रकृयालाई आधुनिक सुचना प्रविधिसँग आवद्ध गरिनेछ ।<br>६.४ विद्यालयमा शिक्षक तथा कर्मचारीको उचित व्यवस्थापन तथा |

| रणनीति | कार्यनीति |
|---|---|
| | क्षमता विकास गरी नियमितता कायम गर्न विद्युतिय हाजिरी र सिसि क्यामराको जडान गरिनेछ । |
| **ख. स्वास्थ्य तथा पोषण** | |
| १. स्वास्थ्य सेवाको विस्तार, स्तरीकरण तथा विशिष्टिकरण गर्ने । | १.१ गाउँपालिका भित्र १५ शैयाको अस्पताल स्थापनाको लागि आवश्यक समन्वय र पहल गरिनेछ ।<br>१.२ पुर्ण संस्थागत सुत्केरी कार्यक्रम प्रभावकारी गराउन सबै वडामा वर्थिङ्ग सेण्टर स्थापना गरी सुरक्षित मातृत्व तथा पोषणका लागि स्वास्थ्य संस्थामा आइपुग्न सहज यातायात र प्रोत्साहन व्यवस्था गरिनेछ ।<br>१.३ विद्यालय नर्स कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।<br>१.४ स्वास्थ्य चौकीमा एक्सरे तथा भिडियो एक्सरे लगायतको ल्याव सेवाको व्यवस्था र वर्थिङ्ग सेण्टरमा स्तरीय प्रसुति सेवा र आवष्यक उपकरण उपलब्ध गराइने छ ।<br>१.५ ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरी सुरक्षित मातृत्व सेवा तथा अन्य स्वास्थ्य सेवालाई गुणस्तरीय र सहज गराइने छ ।<br>१.६ एम्वुलेन्स सेवामा सहज पहुँच कायम गर्न एम्बुलेन्स संख्या थप गरी एम्बुलेन्स सेवालाई सहज, सुलभ र प्रभावकारी गरिनेछ ।<br>१.७ नियमित योग तथा व्यायमलाई प्रवर्द्धन गर्न विद्यालयस्तरमा योग शिक्षा र समुदायस्तरमा वार्षिक रुपमा योग शिविर संचालन गरिनेछ ।<br>१.८ स्वास्थ्य सम्बन्धी जनचेतनाका लागि सडक नाटक, भोगाई आदान प्रदान, विद्यालय शिक्षा र होर्डिगं बोर्ड स्थापना गरिनेछ ।<br>१.९ छरिएर रहेका वस्तिहरुमा समेत स्वास्थ्यसेवा लाई सहज रुपमा उपलव्ध गराउनका निमित्त हाल स्वास्थ्यसंस्था नरहेका वडाहरुमा तत्काल स्वास्थ्य चौकीको व्यवस्था गरिने छ ।<br>१.१० गा.पा.लाई पूर्ण खोप र पूर्ण सरसफाईयुक्त बनाउनका साथै वालमृत्युदर,मातृमृत्युदर घटाउन आवश्यक पहल गरिनेछ ।<br>१.११ युवा युवतीहरुको लागि यौन तथा एच आइ भि एड्स जस्ता सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचार प्रसार लगायत चेतनामुलक कार्यक्रमहरुको आयोजना प्रत्येक वडाहरुमा सञ्चालन गरिनेछ । |
| २. स्वास्थ्य सेवालाई गुणस्तरीय गराउन पुर्वाधार, संस्थागत संरचना र उपकरणको उचित व्यवस्था गर्ने । | २.१ स्वास्थ्य संस्थामा मापदण्डअनुसारको भवन, शौचालय, खानेपानी तथा फोहोर व्यवस्थापनको उचित व्यवस्था गरिनेछ ।<br>२.२ गुणस्तरीय स्वास्थ्य सेवाको विस्तारका लागि एक्स रे मेसिन तथा भिडियो एक्स रे को व्यवस्था तथा उपयोगलाई प्रभावकारी गराइने छ ।<br>२.३ स्वास्थ्य संस्थामा आवश्यक औषधी, औजार र उपकरणको उपलब्धता र भण्डारणलाई प्रभावकारी गराइने छ ।<br>२.४ स्वास्थ्यकर्मीको नियमितता वढाउन स्वास्थ्य संस्थामा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।<br>२.५ स्वास्थ्य जनचेतना तथा गुणस्तरीय स्वास्थ्य सेवाका लागि महिला स्वास्थ्य स्वयम सेविका र स्वस्थ आमा समुह गठन, सशक्तिकरण र परिचालन गरिनेछ ।<br>२.६ स्वास्थ्य संस्थामा इन्टरनेट, प्रिन्टर, ल्यापटप लगायतका |

| रणनीति | कार्यनीति |
|---|---|
| | संचारका साधनको उपलब्ध गराईने छ। |
| ३. स्वास्थ्य संस्थामा जनशक्तिको व्यवस्थापन गर्ने | ३.१ स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति पदपुर्तीकालाई पहल गरिनेछ।<br>३.२ वार्षिकरुपमा उत्कृष्ट सेवा प्रदायक स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई वार्षिक रुपमा सम्मान तथा पुरस्कृत गरिनेछ।<br>३.३ स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसार क्षमता विकासको अवसर प्रदान गरिनेछ।<br>३.४ महिला स्वास्थ्य स्वयंसेविकाका लागि यथोचित प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>३.५ गाउँघर क्लिनिक र सामुदायिक स्वास्थ्य इकाईहरुलाई आवश्यक जनशक्ति तथा सामग्रीहरुको व्यवस्था मिलाइने छ।<br>३.६ कुपोषित वालवालिकाको संख्या घटाउन महिला स्वास्थ्य स्वयम सेविका, आमा समुहहरु, साथै अन्य स्वास्थ्य सम्बन्धी काम गर्ने संघ संस्थाहरुलाई समेत परिचालन गरिनेछ।<br>३.७ सञ्चालनमा रहेका वर्थिङ सेन्टरहरुमा आवश्यक स्वास्थ्यकर्मीहरुको व्यवस्था गरिने छ। |
| **ग. खानेपानी तथा सरसफाई** | |
| १. स्वच्छ खानेपानीमा सहज पहुँच कायम गरी दिगो व्यवस्थापन गर्ने। | १.१ एक घर एक धारा कार्यक्रमलाई संघ, प्रदेश, स्थानीय सरकार, गैर सरकारी क्षेत्र र समुदायसँगको समन्वय र सहकार्यमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।<br>१.२ खानेपानी तथा सरसफाई सहकारी संस्था गठन गरी खानेपानी तथा सरसफाइको दिगो तथा प्रभावकारी व्यवस्थापन गरिनेछ।<br>१.३ खानेपानीमा स्वच्छता कायम गर्न खानेपानी परिक्षण तथा पानी स्वच्छता र प्रसोधन विधिको सम्बन्धमा समुदायलाई सुसूचित गरिनेछ।<br>१.४ खानेपानीको अभाव हुने क्षेत्रमा लिफ्टिङ्ग विधिको प्रयोग गरी खानेपानी सुविधा उपलब्ध गराइनेछ।<br>१.५ खानेपानी प्रणालीको नियमित मर्मत सम्भारको व्यवस्था मिलाइने छ।<br>१.६ खानेपानीका अभाव भएका वस्तिहरुमा स्वच्छ खानेपानिको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरिने छ।<br>१.७ साविकको खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालय मार्फत सञ्चालनमा रहेका वहुवर्षिय आयोजनाहरुलाई तोकिएको समयमा सम्पन्न गरिने छ। |
| २. व्यक्तिगत तथा सामुदायिक सरसफाई अभ्यासलाई प्रवर्द्धन गरी व्यवस्थित तथा दिगो तुल्याउने। | २.१ शौचालय नभएका घरमा अनिवार्य शौचालय निर्माणको सुनिश्चितता गरी खुला दिशामुक्त क्षेत्र कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।<br>२.२ बजार केन्द्र तथा अत्याधिक जमघट हुने सार्वजनिक स्थलमा आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थित गरिनेछ।<br>२.३ सरसफाईजन्य आनीवानी विकास गर्न जनचेतना विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.४ घरभित्र निस्कने फोहोर व्यवस्थापनका लागि कुहिने फोहोरवाट मल र नकुहिने प्लास्टिकजन्य तथा शिशाजन्य फोहोरलाई पुन: प्रयोगको व्यवस्था मिलाउन आवश्यक पहल |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरिनेछ ।<br>२.५ टोल तथा सार्वजनिक स्थलमा हुने फोहोरको व्यवस्थापन गर्न टोलस्तरमा समुह गठन गरी अभियान सञ्चालन गरिनेछ । |
| **घ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | |
| १. लैङ्गिक हिंसालगायत सबै खाले हिंसा, शोषण र विभेदको व्यवहारिक अन्त्य गर्ने । | १.१ बालमैत्री तथा लैंगिक हिंसामुक्त गाउँ निर्माणका लागि पाँच वर्षे कार्ययोजना तयार गरी सरोकारवाला सबैलाई परिचालन गरिनेछ ।<br>१.२ गाउँपालिकास्तर तथा वडास्तरमा सबै लक्षित वर्गका सञ्जाल गठन गरी कृयाशिल गराइनेछ ।<br>१.३ छुवाछुत तथा सामाजिक विभेदको अन्त्य गर्न सहभोज, तथा जनचेतनामुलक कार्यक्रमलाई सञ्चालन गरिनेछ ।<br>१.४ लैङ्गिक भेदभावको कारण महिलाको स्थान समाजमा पुरुष भन्दा न्यून भएकोले तिनिहरुको उत्थानको लागि बिशेष कार्यक्रम सञ्चालन गरिने छ । |
| २. लक्षित वर्ग आत्मसम्मानको अभिबृद्धि गर्दै क्षमता विकास तथा आत्मनिर्भरताका अवसर उपलब्ध गराउने । | २.१ निर्णायक तहमा लक्षित वर्गको अर्थपुर्ण सहभागिताका लागि नीतिगत तथा व्यवहारिक तहबाट अग्रसरता लिईनेछ ।<br>२.२ लैङ्गिक समानता तथा महिला अधिकारलाई व्यवहारिक कार्यान्वयका लागि पहल गरिनेछ ।<br>२.३ जेष्ठ नागरिकको आत्मसम्मान र विशिष्ट अनुभव पुस्तान्तर प्रसारका लागि ज्ञान प्रसार तथा मनोविनोदस्थल स्थापना गरिनेछ ।<br>२.४ जातिय, धार्मिक तथा साम्प्रदायिक सहिष्णुता कायम गर्न अन्तरजातिय विवाहलाई प्रोत्साहन गरिनेछ ।<br>२.५ अनाथ तथा असहाय जेष्ठ नागरिकको लागि उचित व्यवस्था सहितको आवासिय सेवा उपलब्ध गराईने छ ।<br>२.६ सामुदायिक संस्थाहरु मार्फत लक्षित वर्ग केन्द्रीत पुर्वाधार विकास, संस्थागत विकास आयमुलक एवम शिपमुलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>२.७ वालमैत्री स्थानीय शासन क्रमश: कार्यान्वयन गरिने छ ।<br>२.८ वाल विवाह विरुद्ध रणनीतिक योजना र कार्ययोजना तय गरि कार्यान्वयन गरिने छ ।<br>२.९ वाल संरक्षण सम्वन्धी कार्य गरिने छ । |
| ३. लक्षित वर्गलाई स्वरोजगारका अवसर उपलब्ध गराइ हित प्रर्वद्धन गर्ने । | ३.१ आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, दलित, अपाङ्ग र जनजाति वर्गको लागि स्थानीयस्तरमा रोजगारीका अवसरका सृजना गर्न आवश्यक तालिम तथा व्यवसाय स्थापना गर्न प्रोत्साहनका अवसर उपलब्ध गराइनेछ ।<br>३.२ लक्षित वर्गका लागि लोक सेवा, प्रहरी, शिक्षक सेवा तयारी कक्षामा सहभागी हुने अवसरलाई थप विशिष्टिकृत तथा गुणात्मक गराईनेछ ।<br>३.३ दलित वर्गको परम्परागत सीपलाई प्रवर्द्धन गरी थप व्यवसायिक गराईनेछ । |
| **ङ. युवा तथा खेलकुद** | |
| १. खेलकुदको विकासमा गुणात्मक सुधार ल्याउन पुर्वाधार, संस्थागत संरचना तथा अवसर उपलब्ध गराउने । | १.१ गाउँपालिकास्तरीय एउटा रंगशाला निर्माण गर्नआवश्यक पहल गरिनेछ । खेलकुदको विकासमा सबै क्षेत्रलाई प्राथमिकता दिइ हरेक वडामा स्तरीय खेल मैदानको निर्माण गरिनेछ ।<br>१.२ खेलकुदको विकास गर्न गाउँपालिकास्तरमा खेलकुद समिति गठन गरिनेछ । खेलाडीको प्रोत्साहनका लागि खेल प्रशिक्षण |

| रणनीति | कार्यनीति |
|---|---|
| | तथा सामग्रीको उचित व्यवस्था गरिनेछ ।<br>१.३ गाउँपालिकास्तरमा नियमित रुपमा खेल आयोजना गरिनेछ ।<br>१.४ राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा संलग्न खेलाडीलाई उचित सम्मान र प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>१.५ छरिएर रहेका युवाक्लव, युवा समुह र विभिन्न प्रकारका खेल तथा खेलाडीहरुलाई व्यवस्थित गर्नका निमित्त एकिकृत खेलकुद विकास समिति निर्माण गरि पुर्वाधारको निर्माण, प्रशिक्षण र प्रतियोगिताको आयोजना गरिने छ ।<br>१.६ एक वडा एक खेल मैदानको अवधारणालाई लागू गरिने छ ।<br>१.७ बलालेको खारखोलामा रहेको खेलमैदानलाई वहुउपयोगी मिनि खेलमैदानको रुपमा विकास गरिने छ ।<br>१.८ युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइने छ ।<br>१.९ समग्र खेल क्षेत्रको विकासका लागि गा.पा. कप खेल प्रतियोगिता गरिने छ । |
| २. युवा पलायन रोक्न आत्मनिर्भरता र स्वरोजगारीका लागि अवसरको सृजना गर्ने । | २.१ प्राविधिक तथा अप्राविधिक क्षेत्रमा तालिम, कर्जालगायत प्रोत्साहनको व्यवस्था गरी युवा स्वरोजगारीका अवसरको सृजना गरिनेछ ।<br>२.२ कृषि, उद्योग तथा व्यापारका सफल अनुभवलाई युवामाझ सुसूचित गरी व्यवसायिक क्षेत्रमा उत्प्रेरित गरिनेछ ।<br>२.३ सामाजिक, आर्थिक र राजनितिक क्षेत्रमा युवाको भुमिकालाई सुनिश्चित गरिनेछ ।<br>२.४ बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ ।<br>२.५ स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ।<br>२.६ आवश्य सीपमुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ।<br>२.७ COVID–19 को कारणबाट बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ।<br>२.८ संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।<br>२.९ आन्तरिक रोजगारि सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैह्रसहकारी क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिइनेछ।<br>२.१० बैदेशिक रोजगारीबाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय यूवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।<br>२.११ युवा तथा शैक्षिक बेरोजगारलाई प्रथमिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।<br>२.१२ रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ।<br>२.१३ गाउँपालिका स्तरिय नियमित विकास निर्माणका योजनाहरुमा |

| रणनीति | कार्यनीति |
|---|---|
| | आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।<br>२.१४ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिक आधारित सामुदायिक आयोजना संचालनलाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।<br>२.१५ बैदेशिक रोजगारी बाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन बिउँ पुजी उपलब्ध गराउने गरि आवश्यक व्यवस्था गरिनेछ।<br>२.१६ कामको सम्मान, स्वरोजगार उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ।<br>२.१७ कामका लागि पारिश्रमिक, कामका लागि खाद्यान्न सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरुसंग साझेदारीका लागि पहल गरिनेछ । |
| **च. संस्कृति तथा सम्पदा** | |
| १. स्थानीय सम्पदा तथा संस्कतिको पहिचान र सम्वर्द्धन गर्ने । | ३.१ धार्मिक तथा ऐतिहासिक करिडोर तय गरि पर्यटकीय पुर्वाधारको निर्माण गरिनेछ ।<br>३.२ जातिगत बाहुल्य क्षेत्रमा मातृभाषामा कक्षा सञ्चालनको व्यवस्था गरिनेछ ।<br>३.३ स्थानीय कला, सम्पदा र संस्कृतिको संरक्षणका लागि साँस्कृतिक संग्राहलय स्थापना गरिनेछ । कला, साहित्य र संस्कृतीको क्षेत्रमा विशेष योजना निर्माण गरि सोको संरक्षण र प्रवर्द्धन गरिने व्यवस्थामिलाइने छ ।<br>३.४ प्राचिन कालदेखी रहि आएका कला, साहित्य र संस्कृतीलाई उचित प्रोत्साहन दिइने छ ।<br>३.५ जाँड रक्सी जुवातास जस्ता सामाजिक विकृती तथा विसंगतीहरुलाई नियन्त्रण गर्नका निमित्त आवश्यक पहल गरिने छ । |

## ५.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा सामाजिक विकासका लागि देहायअनुसारको रणनीतिक कार्यक्रम संचालन गरिने छ ।

**तालिका५: सामाजिक विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कूल लक्ष्य (०८२/८३) | | |
| **१. शिक्षा तथा सीप विकास** | | | | | |
| १.१ विद्यालय पूर्वाधार निर्माण कार्यक्रम | पटक | ० | ५ | १५०००० | - बालमैत्री तथा अपांगमैत्री विद्यालय भवन निमार्ण (१००) कोठा<br>- खेल मैदान<br>- शौचालय |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थानगत तथा कार्यक्रम |
|---|---|---|---|---|---|
| १.२ विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम | पटक | ० | ५ | ७०००० | - आधारभुत तहदेखि अंग्रेजी माध्यमबाट कक्षा संचालन<br>- विद्यालयगत र गाउँपालिकागत रुपमा उत्कृष्ट शिक्षक तथा विद्यार्थी पुरस्कार<br>- विद्यालयमा सिकाई सामाग्री व्यवस्थापन<br>- नमुना विद्यालय व्यवस्थापन (५ वटा)<br>- अतिरिक्त कृयाकलाप संचालन<br>- अभिभावक शिक्षा<br>- जोड कोष (आर्थिक सामाजिक रुपले विपन्न परिवारलाई)<br>- छपाई युक्त कक्षा कोठा व्यवस्थापन |
| १.३ शैक्षिक संरचना विकास कार्यक्रम | पटक | ० | ५ | ३५००० | - पुस्तकालय (माविमा)<br>- प्रयोगशाला - स्थानीय पाठ्यक्रम निर्माण<br>- बाँकी विद्यालयमा प्रारम्भिक बाल विकास केन्द्र स्थापना |
| १.४ मातृभाषा शिक्षा कार्यक्रम | संख्या | ३ | ७ | २५००० | - वडा ७ मा मगर र नेपाली दुवै, वडा नं. ४, ५, र ६ मा नेपाली भाषा |
| १.५ विद्यालय सूचना प्रविधि विस्तार कार्यक्रम | पटक | ० | ५ | १५००० | - ईन्टरनेट व्यवस्था<br>- विद्युतिय हाजिरी ( माविमा)<br>- ईलाइब्रेरी ( माविमा)<br>- सामग्री (कम्प्युटर, मल्टिमिडिया, सोलार सबै विद्यालयमा) |
| १.६ प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन | पटक | ० | ५ | १५००० | - प्रारम्भिक बाल विकास केन्द्रमा वसाई व्यवस्थापन<br>- सिकाई तथा खेल सामाग्री व्यवस्था<br>- शौचालय तथा खानेपानी |
| १.७ उच्च शिक्षा विस्तार कार्यक्रम | संख्या | ० | १ | ३००० | - क्याम्पस स्थापनाका लागि भवन तथा पूर्वाधार |
| १.८ सालवसाली कार्यक्रम | पटक | १ | ५ | ५००० | - तालिम, अनुगमन मर्मत लगायत नियमित कार्यक्रम |
| **शिक्षा तथा सीप विकासको जम्मा** | | | | **३१८०००** | |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थानगत तथा कार्यक्रम |
|---|---|---|---|---|---|
| **२. स्वास्थ्य तथा पोषण** | | | | | |
| २.१ स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम | स्वास्थ्य चौकी | १ | ७ | २००००० | - खोप क्लिनिक तथा गाउँघर क्लिनिकको वटा भवन<br>- स्वास्थ्य चौकी भवन<br>- गाउँपालिका केन्द्रमा योग तथा व्यायाम पार्क<br>- औषधी भण्डारण व्यवस्थापन केन्द्र<br>- अस्पताल स्थापना सहयोग |
| २.२ स्वास्थ्य सेवा विस्तार कार्यक्रम | पटक | ८ | १२ | १४००० | - स्वास्थ्य चौकी पुर्वाधार<br>- वर्थिङ्ग सेण्टर स्थापना<br>- ल्याव सेवा विस्तार<br>- वार्षिक योग शिविर सञ्चालन हरेक वडाहरुमा<br>- १ वटा एम्बुलेन्स थप<br>- किशोरी परामर्श सेवा हरेक स्वास्थ्य चौकीमा |
| २.३ स्वास्थ्य सेवा सुधार कार्यक्रम | चौकी संख्या | २ | ५ | २५०० | - इन्टरनेट, प्रिन्टर, ल्यापटप व्यवस्थापन<br>- स्वास्थ्यकर्मी क्षमता विकास<br>- स्वास्थ्य संस्थामा विद्युतिय हाजिरी स्थापना |
| २.४ स्वास्थ्य तथा पोषण घरदैलो कार्यक्रम | पटक | ० | ५ | ५००० | - वार्षिकरुपमा टोलस्तरमा ल्यावसहितको स्वास्थ्य परिक्षण तथा पोषण परामर्श<br>- स्वास्थ्य तथा पोषण सुधार समिति प्रशिक्षण (स्वस्थ आनिवानी र पोषणसुधारका लागि युवा, वालबालीका र स्वास्थ्य आमा समुहको टोलस्तरमा)<br>- स्वास्थ्य तथा पोषण सुधारका लागि सडक नाटक, विद्यालयमा विशेष कक्षा |
| २.५ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २५००० | - नियमित कार्यक्रम |
| **स्वास्थ्य तथा पोषणको जम्मा** | | | | २४६५०० | |
| **३. खानेपानी तथा सरसफाई** | | | | | |
| ३.१ एक घर एक धारा कार्यक्रम | घरपरिवार | ६८० | ३५०० | १८०००० | - सबै घरमा खानेपानी सुविधा<br>- खानेपानी समिति मार्फत व्यवस्थापन संयन्त्र तयार |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थानगत तथा कार्यक्रम |
|---|---|---|---|---|---|
| ३.२ सरसफाई जनचेतना कार्यक्रम | संख्या | ० | ५ | ४००० | - सरसफाई सप्ताह<br>- विद्यालय अतिरिक्त कक्षा<br>- युवा क्लव, आमासमुह तथा वालक्लव प्रशिक्षण<br>- सडक नाटक |
| ३.३ एक घर एक शौचालय कार्यक्रम | संख्या | ३४३४ | ३५७७ | १४३० | - शौचालय निर्माण सहयोग |
| ३.४ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २००० | - नियमित कार्यक्रम |
| **खानेपानी तथा सरसफाईको जम्मा** | | | | **१८७४३०** | |
| **४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | | | | | |
| ४.१ लक्षित वर्ग आत्मनिर्भर कार्यक्रम | जना | २०० | १००० | १०००० | - स्वरोजगार तालिम (वाखापालन, बंगुर पालन कुखुरा पालन, तरकारी खेती, फलफुल खेती, ढाका बुनाई, हस्तकला)<br>- उद्यमी सहयोग |
| ४.२ लक्षित वर्ग क्षमता विकास | पटक | १ | ५ | २५०० | - लक्षित वर्ग सञ्जाल पालिका तथा वडा तहमा गठन तथा परिचालन<br>- सचेतनामुलक तालिम<br>- सञ्जाल क्षमता विकास<br>- जेष्ठ नागरिक मनोविनोद केन्द्र स्थापना |
| ४.३ सामाजिक विकृति निरुपण कार्यक्रम | पटक | ० | ५ | १२००० | - बाल अधिकार तथा महिला अधिकार सम्बन्धमा संजालहरुलाई तालिम<br>- महिला हिंसा, बाल विवाह र बालश्रम विरुद्ध वडास्तरमा अन्तरकृया तथा सडक नाटक र होर्डिङ्ग बोर्ड स्थापना<br>- महिला हिंसा, बाल विवाह र बालश्रम विरुद्ध एक हप्ते अभियान सञ्चालन |
| ४.४ असहाय तथा हिंसा पिडित उद्दार कोष स्थापना | संख्या | ० | १ | २५०० | - गाउँपालिकास्तरमा |
| ४.५ सेवा आयोग परिक्षा तयारी सहयोग | संख्या | १५ | १५० | ८००० | - लोक सेवा आयोग परिक्षा तयारी<br>- शिक्षक सेवा आयोग परिक्षा तयारी<br>- सुरक्षा निकाय परिक्षा तयारी |
| ४.६ सेफ हाउस निर्माण | संख्या | ० | १ | १०००० | - |
| ४.७ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २००० | - नियमित कार्य |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थानगत तथा कार्यक्रम |
|---|---|---|---|---|---|
| **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको जम्मा** | | | | ४७००० | |
| **५. युवा तथा खेलकुद** | | | | | |
| ५.१. युवा स्वरोजगार कार्यक्रम | जना | ५० | २५० | २५०० | - इलेक्ट्रिक वाइरिङ्ग तालिम<br>- ड्राइभिङ्ग<br>- मोवाइल मर्मत<br>- नेपाली कागज तयारी<br>- कफी खेती, अलैची खेती<br>- काष्ठजन्य सामाग्री |
| ५.२ खेलकुद पूर्वाधार विकास कार्यक्रम | पटक | ० | ७ | ५०००० | - एक वडा एक खेल मैदान<br>- कवर्ड हल<br>- रंगशाला |
| ५.३ खेलकुद तथा खेलाडी प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | १३००० | - वार्षिकरुपमापालिकास्तरीय खेल आयोजना<br>- खेलाडी सम्मान तथा पुरस्कार<br>- वार्षिक खेलकुद प्रतियोगिता आयोजना<br>- फुटवल, क्रिकेट र भलिवल प्रशिक्षण |
| ५.३ सालबसाली कार्यक्रम | पटक | १ | १ | १००० | - नियमित कार्यक्रम |
| **युवा तथा खेलकुदका जम्मा** | | | | ६६५०० | |
| **६ संस्कति तथा सम्पदा** | | | | | |
| ६.१ संस्कृति तथा कला संरक्षण कार्यक्रम | पटक | ० | ५ | १००० | -<br>- स्थानीय भाषाका प्रकाशनलाई वार्षिक प्रोत्साहन<br>- सदाचार प्रवर्द्धन कार्यशाला |
| ६.२ सम्पदा तथा संस्कृति अध्ययन | पटक | ० | १ | ५०० | - गाउँपालिकास्तरीय अनुसन्धान |
| ६.३ साँस्कृतिक संग्राहलय स्थापना | संख्या | ० | १ | १००० | - गापास्तरमा |
| ६.३ मौलिक संस्कृति प्रोत्साहन | संख्या | ० | ५ | ५००० | - पालिकास्तरीय मौलिक गीत, नृत्य तथा कला प्रतियोगिता |
| ६.३ प्रतिभा प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ९०० | - वार्षिक रुपमा गाउँस्तरीय |
| **संस्कति तथा सम्पदाको जम्मा** | | | | ८४०० | |
| **सामाजिक विकासको कूल जम्मा** | | | | ८७३८३० | |

# परिच्छेद ६
# पूर्वाधार विकास योजना

## ६.१. पृष्ठभूमि

पूर्वाधार विकास देशको सर्वाङ्गिण विकासका लागि पूर्व सर्तको रुपमा रहेको तथ्यलाई आत्मसात गर्दै वर्तमान पन्धौं राष्ट्रिय आवधिक योजनाले पूर्वाधार विकासलाई व्यापक तथा द्रुततर तुल्याउने नीति अंगिकार गरेको छ । समग्र आर्थिक तथा सामाजिक रुपान्तरणको दिशालाई गति प्रदान गर्न पूर्वाधार विकासले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले प्रदेशको समृद्धिका लागि भौतिक पूर्वाधार विकासलाईउत्पादन तथा पर्यटकीय गतिविधिसंग जोड्ने प्राथमिकतालाई स्वीकार गरेको छ । यस गाउँपालिकाको हकमा पनि आवश्यक न्यूनतम पूर्वाधारको विकासले समृद्ध गाउँपालिका बनाउनेतर्फ महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ ।

पूर्वाधार विकास क्षेत्रअन्तरगत सडक, पुल, आवास, भबन तथा वस्तिविकास,उर्जा, सूचना तथा संचार र सूचना प्रविधि जस्ता विषय क्षेत्र रहेका छन् । यस परिच्छेदमापूर्वाधार विकासको वस्तुगत स्थितिसम्बन्धी विश्लेषण, लक्ष्य तथा उद्देश्य, सो हासिल गर्ने रणनीति तथा कार्यनीति, मार्गनिर्देशक कार्यक्रमलाईसमावेशगरिएको छ ।

## ६.२ वर्तमान अवस्था

लुङग्री गाउँपालिका भौगालिक विविधता भएको तथा आवश्यक पूर्वाधारका हिसावले न्यून विकास भएको क्षेत्र हो । लुङग्री गाउँपालिकाभित्र हालसम्म निर्मित सडकको लम्बाई १८८ कि.मि. रहेको, करीव ६ किमिको दूरीमा अवस्थित सुनिलस्मृति गाउँपालिकाको केन्द्र सुलिचौरसम्मको पहुँचबाट सदरमुकाम तथा पूर्वपश्चिम राजमार्गतर्फको यातायात सहज नै रहेको देखिएता पनि सबै वडामा बाह्रै महिना यातायात संचालनमा कठिनाई देखिएको छ । यसैगरी करीव ७० प्रतिशत घरधुरीमा विद्युत सुविधा पुगिसकेको देखिन्छ भने ३० प्रतिशत घरपरिवारमा बत्तीको श्रोतको रुपमा सोलारको प्रयोग हुँदै आएको छ । यसैगरी खाना पकाउने प्रमुख ईन्धनको रुपमा दाउरा प्रयोग गर्ने परिवार ९५ प्रतिशत जति रहेको देखिन्छ भने जम्मा घरधुरीको ५ प्रतिशतले एलपीजी ग्याँसको प्रयोग गर्ने गरेका छन् ।

वस्तिहरु बीचको दुरी अधिक रहेको यस क्षेत्रमा छरिएका वस्तिका कारण एक वस्तिबाट अर्को वस्तिमा पुग्न पनि ज्यादा समय लाग्ने अवस्था रहको छ । यस क्षेत्रमा विद्युत तथा संचार सुविधामा पहुँच अत्यन्त न्यून रहेको छ । परम्परागत उर्जाको उपयोग कै वाहुल्यता रहेको छ । आधुनिक सूचना प्रविधिसँगको विस्तार हुन सकेको छैन । गाउँपालिकाले सबै वडालाई सडक संञ्जालबाट जोडने तथा विद्युत विस्तारको कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ । गाउँपालिका भित्रको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्थासहित सम्भावना तथा अवसर र समस्या तथा चुनौति पहिचान गरी देहायका उप-शिर्षकहरुमा प्रस्तुत गरिएको छ ।

### ६.२.१ सडक, पुल तथा यातायात

#### क) विद्यमान अवस्था, संभावना र अवसर

लुङग्री गाउँपालिकाभित्र हालसम्म निर्मित सडकको लम्बाई १८८ किमि रहेको, करीव ६ किमिको दूरीमा अवस्थित सुनिलस्मृति गाउँपालिकाको केन्द्र सुलिचौरसम्मको पहुँचबाट सदरमुकाम तथा पूर्वपश्चिम राजमार्गतर्फको यातायात सहज नै रहेको देखिएता पनि सबै वडामा बाह्रै महिना यातायात संचालनमा कठिनाई देखिएको छ । गाउँपालिकाले सबै वडालाई सडक सञ्जालबाट जोडने नीतिअनुरुप सडक निर्माण कार्यलाई उच्च प्राथमिकता दिएको छ । गाउँपालिकाभित्र १५ स्थानमा झोलुङ्गे पुल र १ स्थानमा पक्कीपुल रहेका छन् ।




## ख) समस्या तथा चुनौति

लुङग्री गाउँपालिका रोल्पा जिल्लाको उत्तर पूर्वी भागमा अवस्थित भौगोलिक विविधता रहेको क्षेत्र हो । गाउँपालिका क्षेत्रभित्र कुनैपनि सडक खण्ड बाह्रै महिना यातायात संचालनमा कठीनाई रहनु, सडकहरुको वर्गीकरण एवं मापदण्ड निर्धारण भई नसकेको अवस्थाले गर्दा सडकको क्षेत्राधिकार कायम हुन नसक्नु, अधिकांश सडकहरु कम चौडाइका हुनु, पक्की सडक तथा स्तरोन्नती गरिएका ग्राभेल सडकको अभाव, सडक दायाँवायाँ नालीको समस्या, ग्राभेल सडक तथा जीर्ण अवस्थाका कारण आवत जावतमा कठिनाई, सडक कटान, रिटेनिङ वाल तथा पुल निर्माण जस्ता काममा ढिलाई जस्ता समस्याहरु प्रमुख रहेका छन । यसैगरी कतिपय झोलुङ्गे पुल रहेको स्थानसम्मको सहज सडक सुविधा विस्तार हुन नसक्नु, आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण नहुनुले पनि आवागमनमा असहज भएको देखिन्छ । सार्वजनिक यातायातका साधनहरु नियमित रुपमा संचालन नहुनु, भाडाका सवारी साधनहरुको सवारी रुट यकीन नहुनु, ट्राफिक सचेतनाको कमी हुनु एवं सार्वजनिक सवारीको भाडादर बैज्ञानिक नहुनु अन्य समस्याको रुपमा रहेको देखिन्छ । ७ वटै वडाहरुमा सडक विस्तार भएता पनि सडकहरु पक्कि छैनन् । नयां निर्माण गरिएका सडहरु वर्षा याममा वर्षेनि भत्किने र दशैं पछि खुलाउने गरिएको छ । यि सडकहरु भत्किदा वस्तिका घरहरु पुरीने र पहिरो गई वस्तिहरु समेत जोखिममा पर्ने गरेका छन् ।

वडा अनुसार सडकको आवष्यकता र समष्याहरुलाई विश्लेषण गर्दा वडा नं १ को वारिखोर सडक निर्माण, लालुवाड, ऐपे, दरवानी हुदै गाम सेउलेवाङ् सडक निर्माण र स्तरउन्नती ( गा.पा. वाट २२ कि.मि.), वडा नं २ मा पानीखोला, वडा कार्यालय, चनीचौर, चिसापानी हुदै देउराली सम्मको सडक निर्माण र स्तरउन्नती, भुमेथाला ,काफलचौर, शिवज्योती पोभाके सम्मको सडक स्तरउन्नती, वडा कार्यालय देखि जुधुङ सम्मको सडक ग्रावेल, सडकनाली, कालोपत्रे गर्नुपर्ने आवष्यकता देखिन्छ । वडा नं ३ मा जुधुङखोला धाराखर्क सडकको स्तरउन्नोति र कालोपत्रे गर्नु पर्ने, सिमिरखोला र औसाधिखोलामा झोलुङगेपुलको निर्माण, वडा नं ४ मा गा.पा. कार्यालयवाट सिर्पसम्म जाने सडकमा मोटरेवल पुल निर्माण गर्नुपर्ने, नालि निर्माणसहित कालोपत्र गर्ने, झोलुङ्गे पुल ३ वटा निर्माण गर्नु पर्ने (गा.पा. स्वास्थ्य भवनदेखि हरबाङ जोड्ने, कोप्चेबगर, पेईजुङ गुना ), वडा नं ५ मा किलाचौर देखि विष्टपोखरा, किलाचौर देखि बडाचौर हुदै घरेली, बडाचौर देखि पाते गुम्चाल सम्मको सडक स्तर उन्नती, वडा नं ६ मा सुलिचौर देखि बागलुङ जोड्ने सडक , रोहिनीबाङ देखि गुम्चाल गाम सडक स्तर उन्नति , आलिबाङ गरगरे सडक मर्मत गर्नुपर्ने, साविकको ७, ८, र ९ मा आउने कच्चि बाटो स्तर उन्नती गर्नू पर्ने, फूल

बर्षनादेखि पाते गुम्चाल हुदै दिमस सम्म सडकको स्तरउन्नोती, गुम्चाल चौकी हुंदै खारासम्म, कुङग्री देखि दाङबासा सम्म पुग्ने नयाँ बाटो निर्माण, वडा नं ७ अन्तर्गत नाखोरे देखि निरा मा.वि हार्जङ सम्म सडकको स्तरउन्नती गर्नुपर्ने, ढुङ्गा उचाल्ले देखि भैसीछोपे सम्म, छरेखुङ चामाकाटा सडकाको स्तरउन्नती गर्नु पर्ने लगायतका सडक सम्वन्धी समष्याहरु देखिन्छ ।

### ६.२.२ आवास, वस्ति विकास तथा सार्वजनिक निर्माण

#### क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँपालिका क्षेत्रमा कुल ९४ वटा वस्तिहरु रहेको छन् र यी गाउँवस्तिहरु एकिकृतत नै रहेका छन् । यस गा.पा.मा परंपरागत घर निर्माण शैली रहेको छ । गा.पा.को प्रोफाईल अनुसार घर निर्माणको अवस्था हेर्दा २० प्रतिशत खरको छाना, ३० प्रतिशत ढुंगाको छाना र ५० प्रतिशत जस्ताको छाना भएको र ९०.७ प्रतिशत माटो वा ढुङ्गाको जग भएका घर निर्माण भएको देखिन्छ । निर्माण कार्यमा स्थानीय मौलिक प्रविधिको उपयोग गरी स्थानीय श्रोत, जनशक्ति र साधनको प्रयोग हुने गरेको छ । सार्वजनिक निर्माणको अवस्था हेर्दा गाउँपालिकाभित्र ४३ वटा सरकारी भवन निर्माण भएका छन् । २२ स्थानहरुमा स्थानीय खुद्रा बजार रहेका छन् । यस क्षेत्रका वासिन्दा सुनिलस्मृति गाउँपालिकाको केन्द्र रहेको बजार सुलिचौरलाई मुख्य बजारका रुपमा लिने गरेको देखिन्छ । लुङग्री गाउँपालिकामा रहेका सार्वजनिक भवन र वस्तिको संख्यालाई तलको टेवलमा संख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

| वडा | भवन संख्या | वस्ति संख्या |
|---|---|---|
| १ | १० | २० |
| २ | ४ | १३ |
| ३ | ६ | २० |
| ४ | २ | ६ |
| ५ | १० | २५ |
| ६ | ५ | ५ |
| ७ | ६ | ११ |
| जम्मा | ४३ | ९४ |

*श्रोत : लुङग्री गाउँपालिका, २०७८*

#### ख) समस्या तथा चुनौति

परम्परागत निर्माण विधि रहेको यस क्षेत्रमा आवासीय घरहरुको निर्माण मापदण्डअनुसार निर्माण हुन सकेको छैन । सुरक्षित आवास तथा बस्ती विकास उचित रुपमा हुन सकेको छैन । वस्तिहरुबीचको दुरी टाढा भएको र वस्ति एकीकरणको पहल भएको छैन । पूर्वाधार निर्माणको क्षेत्रमा विगत देखि नै पछाडी परेको यस क्षेत्रमा सार्वजनिक निर्माण आवश्यकता अनुसार हुन सकेको छैन । गा.पा मा न्यून आर्थिक गतिविधि हुने र पूर्वाधारको कम विकास भएका खुद्रा तथा ग्रामीण बजार मात्र रहेका छन् ।

### ६.२.३ विद्युत तथा वैकल्पिक उर्जा

#### क) विद्यमान अवस्था, संभावना र अवसर

वत्तीको प्रमुख श्रोत विद्युत र सौर्य उर्जा तथा खाना पकाउने उर्जाको प्रमुख श्रोत दाउरा रहेको यस क्षेत्रमा ३० प्रतिशत घरधुरीमा सोलार जडान भएको छ भने ९५ प्रतिशत भन्दा धेरै घरपरिवारमा खाना पकाउन दाउराको उपयोग हुने गरेको छ । तिब्र वहाव भएका जल विद्युत उत्पादनको प्रचुर संभावना बोकेका बाह्रै महिना बहने खोला तथा नदी रहेका छन् ।

### ख) समस्या तथा चुनौति

वत्तीको श्रोतको रुपमा विद्युतको मुख्य उर्जाको रुपमा उपयोग हुने गरेको भएता पनि पालिकास्तरमा विद्युतको राष्ट्रिय प्रसारण लाइनसँग पहुँच सबैतिर विस्तार हुन सकेको छैन । स्थानीयस्तरका जल विद्युत उत्पादनको संभावना रहेता पनि विद्युत आयोजनाबाट विद्युत हासिल गर्न सकिएको छैन । खाना पकाउने उर्जाको श्रोतका रुपमा परम्परागत उर्जाको रुपमा दाउराको उपयोग नै रहेको छ भने सुधारिएको चुल्हो तथा वैकल्पिक उर्जाको अभ्यास न्यून रहेको छ । वडाहरुमा विद्युत पुगेता पनि अझैपनि ३० प्रतिशत घरधुरीमा विद्युत सेवा पुगि सकेको छैन । खासगरी वडा नं २, ५, ६ र ७ नं वडाहरुका केहि घर र वस्तिहरुमा विद्युतिकरण नभएको अवस्था छ ।

## ६.२.४ सूचना तथा संचार प्रविधि

### क) विद्यमान अवस्था, संभावना र अवसर

सूचना तथा सञ्चारका साधनका रुपमा इन्टरनेट, मोवाइल फोन, हुलाक तथा पत्रपत्रिका रहेका छन् । गाउँपालिका क्षेत्रमा मुख्य संचारको माध्यमका रुपमा मोवाइल फोन नै रहेको छ । लुङ्ग्री गाउँ कार्यपालिका कार्यालय, ४ वटा वडा कार्यालय, ३ वटा स्वास्थ्य चौकी र ७ वटा विद्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ । गाउँपालिकाको आफ्नो वेबसाईट, प्रोफाईल र सामाजिक संजालको उपयोग हुने गरेको छ । सूचना प्रविधिको क्षेत्रमा पछिल्ला दिनमा तिव्र रुपमा विकास हुँदै गएको छ ।

### ख) समस्या तथा चुनौति

मोवाइल फोन तथा इन्टरनेट सेवाको गुणस्तर अत्यन्त न्यून रहेको यस क्षेत्रमा इन्टरनेट सेवाको उपयोग गर्ने जनसंख्या अत्यन्त न्यून रहेको छ । स्वास्थ्य संस्थाहरु तथा विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार हुन सकेको छैन । सूचना तथा सञ्चार प्रविधिसम्बन्धी स्थानीय ऐन बनिसकेको छैन । सबै वडा कार्यालय र सार्वजनिक स्थलहरुमा इन्टरनेट सेवा पुगेको छैन । गा.पा.का सवै वस्तिहरुमा मोवाईल नेटवर्क सजिलोसंग टिपेको छैन । गा.पा. को प्रशासकीय कार्यालयमा समेत मोवाईल नेटर्वको समष्या छ । गाउँपालिकास्तरमा सूचना प्रविधिसम्बन्धी जानकारीको अभाव रहेको छ । सूचना प्रवाहमा विद्युतीय सूचना प्रविधिको कमीका कारण ढिलाइ हुने गरेको छ । पत्र पत्रिका ढिलोगरी प्राप्त हुने गरेका कारण समाचार तथा सूचनाजन्य सामग्रीको महत्व कम हुन गएको छ । कतिपय वडा कार्यालय जस्तो वडा नं १ मा विद्युतको समष्याको कारण सोलारवाट ईन्टरनेट चलेको अवस्था छ ।

कार्यशालाबाट प्राप्त पूर्वाधार विकाससँग सम्बन्धित क्षेत्र तथा सो अर्न्तगतका उपक्षेत्रहरुको वस्तुस्थिति विश्लेषण **अनुसूची ६** मा प्रस्तुत गरिएको छ ।

## ६.३ लक्ष्य तथा उद्धेश्य

लुङग्री गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायबमोजिम रहेको छ ।

- सडक यातायात तथा सूचना प्रविधिमा पहुँच, विस्तार र सार्वजनिक निर्माण व्यवस्थित गर्नु

पूर्वाधार विकास क्षेत्रका उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- सडक विस्तार तथा यातायात सहज भएको हुनेछ ।
- सुरक्षित वस्ति, व्यवस्थित बजार तथा सार्वजनिक निर्माणका आधारहरु तयार भएको हुनेछ ।
- स्वच्छ उर्जाको विस्तार तथा सहज पहुँचभएको हुनेछ ।
- सूचना तथा संचार प्रविधिमा पहुँच अभिबृद्धि भएको हुनेछ ।

## ६.४ रणनीति तथा कार्यनीति

आवधिक विकास योजनाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँ विकासका सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी अभिबृद्धि गरी यस आवधिक विकास योजनाको प्राथमिकता तथा

रणनीति कार्यान्वयन गरिने छ । पूर्वाधार विकास क्षेत्रका लागि अवलम्बन गरिने रणनीति तथा कार्यनीतिहरू देहाय बमोजिम रहेका छन् ।

**तालिका६: पूर्वाधार विकासका लागि रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. सडक तथा यातायात** | |
| १. सडक यातायात सुविधामा सबैको पहूँच कायम गर्ने | १.१ सडक संजालले नसमेटिएका सबै वडाहरु र मुख्य वस्तिहरुलाई सडक सञ्जालमा आवद्ध गराइ वडाभित्रका सबै वस्ति तथा बजार केन्द्रलाई सडक संजालबाट जोडिनेछ ।<br>१.२ सडक निर्माणका क्रममा नेपाल सडक मापदण्ड २०७० को प्रावधानलाई कार्यान्वयन गरिनेछ ।<br>१.३ प्रदेश सरकार, संघीय सरकार, अन्य स्थानीय तह, विकास साझेदार संस्थाको सहयोगलाई स्थानीय सडक निर्माणमा अधिकाधिक रुपमा परिचालन गर्ने<br>१.४ स्थानीय सडक निर्माणबाट रोजगारी सृजनालाई प्राथमिकता दिइनेछ । |
| २. सडक यातायात सेवालाई सहज तथा व्यवस्थित गर्ने | २.१ निर्माणधिन सडकको गुणस्तर कायम गर्न तथा समयमा नै सम्पन्न गर्न आवश्यक पहल, समन्वय तथा सहजिकरण गरिनेछ ।<br>२.२ सडक निर्माणलाई दिगो तथा भुक्षयको रोकथाम गर्न बायो ईन्जिनियरिङ्ग अवधारणालाई आत्मसात गरिनेछ ।<br>२.३ सबै बस्तीसम्मको आवागमनलाई सहज गराउन आवश्यक संख्यामा पक्की पुल तथा झोलुङ्गे पुल निर्माण गरिनेछ ।<br>२.४ सडक यातायातको भाडादर तथा रुट निर्धारणलाई व्यवस्थित गरिनेछ । |
| **ख. आवास भवन तथा वस्ति विकास** | |
| १. सुरक्षित आवास, व्यवस्थित वस्ति विकास तथा सार्वजनिक निर्माण गर्न नीतिगत तथा व्यवहारिक अभ्यास गर्ने । | १.१ व्यवस्थित वस्ति विकासका लागि मापदण्डहरु विकास गरी कार्यान्वयन गरिनेछ ।<br>१.२ राष्ट्रिय भवन मापदण्ड कोड २०३, २०५ अनुसारका सार्वजनिक भवन निर्माण गरिनेछ ।<br>१.३ गाउँपालिका केन्द्रमा आवश्यक पूर्वाधार विकास गरिनेछ ।<br>१.४ छरिएका तथा जोखिममा रहेका वस्तिहरुलाई सेवा सुविधा सहित सुखारी एकीकृत वस्तिका रुपमा विकास गर्न संघ, प्रदेश तथा विकास साझेदार संस्थासँग समन्वय गरिनेछ ।<br>१.५ डकर्मीका लागि भुकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी तालिम दिइनेछ । |
| २. सार्वजनिक निर्माण तथा बजार क्षेत्र व्यवस्थित गर्ने । | २.१ व्यवस्थित बजार क्षेत्र निर्माणका लागि बजार उन्मुख क्षेत्रमा मापदण्ड कायम गरी सोही अनुसार पूर्वाधार निर्माण गरिनेछ ।<br>२.२ भौतिक विकास योजना तयार गरी बजार केन्द्रहरुको आधारभूत पूर्वाधार विकास गरिनेछ ।<br>२.३ बजार केन्द्र तथा ऐतिहासिक स्थलमा पार्क निर्माण तथा सामुदायिक भवन निर्माण गरिने छ ।<br>२.४ सार्वजनिक निर्माणको गुणस्तर कायम गर्न अनुगमनलाई प्रभावकारी गराइनेछ । |
| **ग. विद्युत तथा वैकल्पिक उर्जा** | |
| १. विद्युत सेवाको विस्तार तथा सहज उपयोगलाई अभिबृद्धि गर्ने | १.१ राष्ट्रिय प्रसारण लाईन विस्तार गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।<br>१.२ स्थानीयस्तरमा उत्पादन हुन सक्ने लघु, साना तथा मझौला खालका जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन तथा निर्माणका लागि आवश्यक वातावरण मिलाइनेछ ।<br>१.३ विद्युतिकरणवाट वन्चित भएका घरधुरीमा विद्युत सेवा प्रदान गरिने छ । |
| २. स्वच्छ ऊर्जाको पहुँच तथा उपयोग बृद्धि गर्ने | २.१ विद्युत सेवा तत्काल उपलब्ध हुन नसक्ने घरपरिवारमा सोलार सुविधा जडान कार्यलाई प्रवर्द्धन गरिनेछ ।<br>२.२ स्वास्थ्य संस्था र माध्यमिक विद्यालयमा पावर व्याकअपको व्यवस्था गरिनेछ ।<br>२.३ परम्परागत चुल्होको ठाउँमा सुधारिएको धुँवा रहित चुल्हो उपयोगलाई विस्तार गरिनेछ । |
| **घ. सुचना तथा सञ्चार** | |
| १. मोवाइल फोन तथा इन्टरनेट सेवाको पहुँच तथा गुणस्तरमा अभिबृद्धि गर्ने | १.१ मोवाइल फोन तथा इन्टरनेट सेवाको गुणस्तर बृद्धि गर्न सेवा प्रदायक कम्पनीसँग समन्वय तथापहल गरिनेछ ।<br>१.२ 4G सेवा संचालन सहितको टावर निर्माणका लागि नेपाल टेलिकमसंग पैरवी तथा |

| रणनीति | कार्यनीति |
|---|---|
| | समन्वय गरिनेछ ।<br>१.३ सबै वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा इन्टरनेट सुविधाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ ।<br>१.४ हरेक वडाका कम्तीमा एक स्थानमा र बढी सेवाग्राहीको उपस्थिति हुने क्षेत्रमा फ्रि वाइफाइ सेवा उपलब्ध गराइनेछ । |
| २. सूचना प्रविधिको प्रयोगलाई सेवा प्रवाह, शैक्षिक तथा संचारको लागि सहज तुल्याउने | २.१ बढी सेवाग्राहीको उपस्थिति हुने गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थालगायत विद्यालयमा क्रमशः सिसिटिभी क्यामेरा जडान गरिनेछ ।<br>२.२ गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयको सूचना तथा स्थानीय तथ्याङ्क व्यवस्थापनमा सूचना प्रविधिको उपयोग गरिनेछ ।<br>२.३ गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमासूचना प्रविधिमा आधारित भईसेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>२.४ स्थानीय विद्यालयहरुमा इन्टरनेटसहितको सूचना प्रविधिको उपयोग गरी पठनपाठनलाई प्रभावकारी गरिनेछ ।<br>२.५ अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन गर्न नेपाल टेलिकम र अन्य सेवा प्रदायक संस्थासँग समन्वय गरिनेछ ।<br>२.६ एफ एम रेडियोमार्फत गाउँपालिकाबाट हुने गरेका कार्यको जानकारी र जनतासँग अन्तरकृया गरिनेछ ।<br>२.७ सामाजिक संजालको उपयोग गरी सूचना प्रवाह तथा गुनासो सुनवाइ गरिनेछ ।<br>२.८ गाउँपालिकाबाट गरिने सेवा प्रवाहलाई सहज गराउन मोवाइल एपको उपयोगलाई प्रभावकारी रुपमा अवलम्बन गरिनेछ । |

## ६.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना)

आवधिक विकास योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, विकास साझेदार तथा गैसस, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा पूर्वाधार विकासका लागि देहायअनुसारको रणनीतिक कार्यक्रम संचालन गरिने छ ।

**तालिका ७: पूर्वाधार विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कूल लक्ष्य (०८२/८३) | | |
| **१. सडक तथा यातायात** | | | | | |
| १.१ सडक निर्माण कार्यक्रम | कि.मि. | १८८ | ३०० | ८८०००० | - कालोपत्रे ४ किमि ( किलाचौरदेखि एयरपोर्टसम्म)<br>- ग्राभेल ७७ किमि<br>- नयाँबाटो ७५ किमि |
| १.२ पक्की पुल निर्माण | संख्या | १ | ६ | २३०००० | - किलाचौर, लालुवाङ,...... |
| १.३ वायोइन्जिनिरिङ्ग प्रविधी र सडक किनार वृक्षारोपण कार्यक्रम | कि.मि. | ० | २० | ५००० | - सबै सडक |
| १.४ झोलुङ्गे पुल निर्माण | संख्या | १५ | २० | २०००० | - |
| १.५ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २५०० | - गाउँपालिकास्तर |
| **सडक तथा यातायात जम्मा** | | | | ११३७५०० | |
| **२. आवास, वस्ति विकास तथा सार्वजनिक निर्माण** | | | | | |
| २.१ बजार पूर्वाधार निर्माण तथा व्यवस्थापन | स्थान | ० | १ | २१००० | - किलाचौर |
| २.२ सुरक्षित आवास कार्यक्रम | वटा | ० | १०० | ३५००० | - संघीय सरकार तथा प्रदेश सरकारसँगको लागत साझेदारीमा |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कूल लक्ष्य (०८२/८३) | | |
| २.३ वाल उद्यान तथा मनोरंजन पार्क निर्माण कार्यक्रम | स्थान | ० | ७ | २००० | - सबै वडामा एक एक वटा |
| २.४ भूकम्प प्रतिरोधी भवन निर्माण तालिम | जना | ० | १४० | ६०० | - हरेक वडाका २० जनालाई |
| २.५ गाउँ कार्यपालिका भवन निर्माण | संख्या | ० | १ | ६०००० | - वडा नं. ४, किलाचौर |
| २.६ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २७०० | - सालवसाली कार्यक्रम |
| **आवास, वस्ति विकास,तथा सार्वजनिक निर्माणको जम्मा** | | | | **१२१३००** | |
| **३. विद्युत तथा उर्जा** | | | | | |
| ३.१ विद्युत लाइन विस्तार कार्यक्रम | कि.मि. | ० | १०० | ४५०० | - सबै वडामा विद्युत सेवा विस्तारमा लागत साझेदारी |
| ३.२ वजार क्षेत्रमा सडकबत्तीको व्यवस्था गर्ने | स्थान | ० | ७ | २००० | - सबै वडा केन्द्र वा प्रमुख वजार क्षेत्रमा |
| ३.३ स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | घरधुरी | ० | ५०० | ९००० | - बायोग्यास, सुधारिएको चुल्हो र सोलार |
| ३.४ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २००० | - गाउँपालिकाभर |
| **विद्युत तथा वैकल्पिकउर्जाजम्मा** | | | | **१७५००** | |
| **४ सूचना तथा संचार प्रविधि** | | | | | |
| ४.१ इन्टरनेट सेवा पहुँच विस्तार | वटा | १७ | ५६ | ३००० | - वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय |
| ४.२ फ्रि वाइफाइ कार्यक्रम | स्थान | ० | ७ | २५०० | - वडा कार्यालय |
| ४.३ डिजिटल गाउँपालिका कार्यक्रम | पटक | ० | ५ | ४००० | - सूचना प्रवाह तथा सेवा प्रवाहका लागि मोवाइल एप निर्माण<br>- डिजिटल प्रोफाइल अद्यावधिकरण<br>- डिजिटल सूचना पाटी<br>- सामाजिक सञ्जालको उपयोग |
| ४.४ सूचना संचार क्षमता विकास तालिम | जना | ० | १० | ५०० | - कार्यपालिका कार्यालय र वडा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधि र स्वास्थ्य संस्था कर्मचारी, विद्यालयका शिक्षक |
| ४.५ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २००० | - गाउँपालिकाभर |
| **सूचना र संचार प्रविधिको जम्मा** | | | | **१२०००** | |
| **पूर्वाधार क्षेत्रको कूल** | | | | **१२८८३००** | |

# परिच्छेदः ७
# वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन योजना

## ७.१ पृष्ठभूमि

नेपालको संविधानको भाग ३, धारा ३० ले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकलाई प्रत्याभूत गरेको छ भने प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्नु पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था रहेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारी सम्बन्धी अवधारणाको प्रभावकारी कार्यान्वयनमार्फत् विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । संविधानले वातावरण व्यवस्थापन, राष्ट्रिय वन नीति, कार्बन सेवा, वातावरण अनुकूलन संघको एकल अधिकार क्षेत्रभित्र राखेको छ भने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारका सूचीमा राखेको छ। संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। उपरोक्त संवैधानिक तथा नीतिगत कार्यसूचीको आधारमा समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास तथा प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी योजना तर्जुमा, कार्यान्वयन र नतिजाको मापन गर्नु पर्दछ ।

संविधान, संघ र प्रदेश र स्थानीय नीति र कानूनी प्रावधान एवम् दीगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न संघीय व्यवस्थामा स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ । वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन,जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीति सहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न विषय क्षेत्रगत योजनाका रुपमा यसको योजना तर्जुमा गरिएको छ । योजनामा उपरोक्त विषय क्षेत्रसँग सम्बन्धित संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनासमेत संलग्न गरिएको छ ।

## ७.२ वर्तमान अवस्था

### ७.२.१ वन तथा जैविक विविधता

#### क) विद्यमान अवस्था, संभावना र अवसर

लुङग्री गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतिमा पनि विविधता पाइन्छ । लुङग्री गाँउपालिका समुन्द्री सतह देखी करिव ९०० मिटर देखी २००० मिटर सम्मको भौगोलिक उचाईमा अवस्थित रहेको छ । यो गाउँपालिकामा न्यानो समशितोष्ण हावापानी देखी ठण्डा समशितोष्ण सम्मको हावापानी पाईन्छ । यहांको निम्नतम तापकम माईनस ५ डिग्रि छ भने अधिकतम तापकम ३२ डिग्री से. रहेको छ । यहांको औषत वर्षा १८४० मि.मि रहेको छ ।

लुङग्री गाउँपालिकाको कूल क्षेत्रफल १३५.२४ वर्ग किलोमिटर मध्ये करीव दुई तिहाई भूभाग वन जङ्गलले ढाकेको छ भने बाँकी भूभाग बस्ती वा आवादीले ओगटेको छ । गाउँपालिका क्षेत्रमा कृषि बनको रुपमा खेतबारी, सडक र खोलाको छेउछाउमा डालेघाँस, बाँस लगायतका विभिन्न जातका विरुवाहरु रहेका छन् । यहाँका सामुदायिक वनहरु वन संरक्षणको क्षेत्रमा काम गरिरहेका छन् । गाउँपालिका क्षेत्रमा रहेको वनजंगलवाट गाउँपालिकाभित्र बसोबास गर्ने र अन्य क्षेत्रका गरी करिव ३५०० घरधुरीले विभिन्न सामुदायिक वन जंगलबाट प्रत्यक्ष वा अप्रत्यक्ष्य फाईदा लिएका छन् । गाउँपालिकामा विभिन्न किसिमका जडिबुटी जन्य जातका विरुवाहरु जस्तैः टिमुर, दालचिनी, अलैची, सतुवा, पाँचऔले, गुराँस टिमुर, ओखर, सोम आदी उपलब्ध रहेका छन् । तेजपत्ता, वेल, वांस, सतुवा, पाँचऔले, गुराँस टिमुर, ओखर, सोम, अलैंचीको गैर वन उपजको व्यवसायिक खेतीको प्रचुर संभावना रहेको छ । लोपोन्मुख अवस्थामा पुगेका र औषधीका रूपमा प्रयोग हुने साज र खयर को जङ्गल पनि यहाँको विशेषता हो ।

निकासी जन्य काष्ठ र गैरकाष्ठजन्य वन पैदावारहरुमा सल्लो, साल, चिलाउनी, नागिने, रोझ्के, खसरुङ, उत्तीस, धैरा ,ओखर, बादरे, गुराँस, देवधार लगायतका विरुवाहरुलाई वृक्षारोपाण र संरक्षण गर्न आवष्यक छ । यसैगरी विभिन्न वन्यजन्तु एवं पंछीहरुमा मयुर, कालिज, राते, घोरल, मृग, कालिज, डाँफे, दुम्सी, स्याल, बाँदर, खरायो, र चराचुरुङ्गी यस क्षेत्रमा रहेको वन जंगलमा वासस्थान गर्दछन् । लुङग्री गाउँपालिकामा १० थरिका माछाका प्रजातिहरू, ४८ प्रजातिका घुमन्ते चरा, ५ प्रजातिका पुतली, साथै २ प्रजातिका घस्रने जन्तुहरू यहाँ पाइएका छन् ।

वन र हरियालीले जनजीवनमा दैनिक आवश्यक पर्ने काठ, घाँस, दाउराका अतिरिक्त भूक्षयको नियन्त्रणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । यसका साथै हरियाली, स्वच्छता तथा जैविक विविधतायुक्त हरियाली क्षेत्रले, गाउँ र वस्तीहरुलाई सुन्दर र रमणीय बनाउन सकेमा ग्रामीण तथा पर्यापर्यटनको विकास गर्न सकिने सम्भावना समेत रहेको छ ।

गाउँपालिका क्षेत्रमा १८ दर्तावाल फर्निचर उद्योग संचालनमा रहेको छ । यस क्षेत्रमा वन जंगलमा आधारित उद्योगधन्दा र व्यवसाय गर्ने संभावना भने प्रचुर रहेको छ । यस गाउँपालिकामा जडिबुटी तथा गैर काष्ठ तथा काष्ठ वन पैदावारको समुचित खेती र प्रवर्द्धन गरी वनजन्य उद्यमको विकास गरी जिविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना समेत रहेको छ ।

गाउँपालिका क्षेत्रमा कृषि तथा घरायसी प्रयोग बाहेक अन्य क्षेत्रबाट हुने कार्वन उत्सर्जन नगण्य रहेको छ । वन क्षेत्रमा विद्यमान यस सम्भावनालाई यथार्थमा रुपान्तरण गर्न वन, जैविक विविधता र संरक्षणसम्बन्धी प्राविधिक ज्ञान, सीपमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ख) समस्या तथा चुनौति

वातावरणीय सन्तुलन कायम राख्न सामान्यतः कुल क्षेत्रफलको कम्तीमा ४० प्रतिशत भूमिमा वन क्षेत्र ढाकेको हुनु पर्ने मान्यता रहेको छ । यो हिसावले गाउँपालिको अवस्था राम्रो देखिन्छ । तर खाली ठाउँ, भिर पाखा र पहिरो गएका जमिनमा वृक्षारोपण गर्ने र निजी वनमा नगदे वन पैदावार लगाउने कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । विभिन्न प्रजातीका विरुवाहरु र जडिवुटीजन्य विरुवाहरु जस्तो तेजपत्ता, वेल, वांस, सतुवा, पाँचऔले, गुराँस टिमुर, ओखर, सोम, ओखर, बादरे, गुराँस, सल्लो आदिको उचित संरक्षण हुन नसक्दा लोप हुने अवस्थामा रहेका छन् । वन, हरियाली, वातावरण र जलश्रोतहरुको व्यवस्थापन जनप्रतिनिधि, आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहेको छ ।

जलवायुजन्य विषम परिणाम (Climate Extremities) तथा अनिश्चितता (Climate Uncertainties) लाई सम्बोधन गर्न गाउँपालिका तथा स्थानीय नागरिकमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा वृद्धि, प्राकृतिक श्रोतहरूको दोहन र प्रदूषण, वन हरियाली तथा वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वातावरण ह्रासउन्मुख रहेको छ । वन तथा हरियाली विकास यसबाट यथोचित लाभ लिन नसक्नु, कृषियोग्य उर्वर जमीन अतिक्रमण गरी पूर्वाधार संरचना निर्माण हुनु, विकास कार्यहरू वातावरणमैत्री नहुनु लगायतका समस्याहरू यस क्षेत्रका थप समस्याका रुपमा रहेका छन् ।

वन र वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी वोधमा ह्रास तथा उदासिनता बढ्दो क्रममा रहेको छ । चरिचरन क्षेत्रको उचित व्यवस्था नहुँदा पशुपालन व्यवसायिक हुन सकेको छैन । दैनिक जिवनयापनका लागि काठ दाउराको उपलब्ध, निजी तथा सार्वजनिक जग्गामा जडिबुटी लगायत कृषि वन आधारित आयमूलक क्रियाकलाप संचालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

### ७.२.२ भू–संरक्षण तथा जलाधार व्यवस्थापन

#### क) विद्यमान अवस्था, संभावना र अवसर

यस गाउँपालिकामा खासगरी ५ वटा मुख्य खोलाहरु विभिन्न वडाका वस्तिहरु हुदै बगेर गएका छन् । लुङग्री गाउँपालिकामा अवस्थित जुटुङ खोला यस गाउँपालिकाको मुख्य आकर्षणको केन्द्र हो । यो रोल्पा जिल्लाको सिमिल्ठा फेंदीबाट सुरु भएर झण्डै १३ वटा साना ठूला खोलामा विस्तारित छ । यो नदि शुद्ध र प्राकृतिक पानीको अनुपम भण्डार हो । यस नदि को वरिपरि ४५० थरिका वनस्पतिहरू छन् ।

गाउँपालिकामा रहेका मुख्य खोलाहरुमा पधेरा खोला, पानीखोला, लाखुरेखोला, घरेली खोला, खरीखोला, सिस्नेखोला, साहुखोला, लिवाङ्गैरा, चिलुङ् खोला, फिरिजा खोला रहेका छन् भने मुख्य पोखरीमा लाखुराधारा रहेको छ । खानेपानी मुल एवं आयोजनामा भुमेथला खानेपानी, पानीखोला मगरथोक, लाखुरेखोला, साईवाङ् खानेपानी योजना, जैलेपोखरी, अमरपानी सिम्लेरी वेवरे, खरीखोला, औसारीखोला, दमैखोला, तल्लो वेवरे, सवरीपाखा, हुलेपाखा, सिस्नेखोला, कुडापानी मुहान, चिउरा पाखा खानेपानी, धानछहरे गोठहाल्न खानेपानी, मगरा खानेपानी मुहान, चादीखोला राङ्सी चक्की नहर मुहान, कुनापानी मुहान, भुल्के खानेपानी रहेका छन् ।

उपरोक्त खोलानाला तथा पोखरी, कृषि वन, वोटविरुवाको कारण जमीनको उर्वरशक्ति तुलनात्मक रुपमा उर्वर रहेको छ । हरियाली विस्तार र प्रवर्धन, भू तथा जलाधारको संरक्षण र व्यवस्थापनको माध्यमद्वारा गाउँपालिकाको आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने संभावना रहेको छ ।

सहकार्य र समन्वयको माध्यमद्धारा तिनै तहका सरकारले भूसंरक्षण तथा हरियाली व्यवस्थापन कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सकिने संभावना रहेको छ । जल, जमीन र हरियाली संरक्षण र व्यवस्थापनलाई भू तथा जलाधार व्यवस्थापनको अवधारणाबाट संचालन गरी उपरोक्त उपक्षेत्रमा प्रभावी नतिजा हासिल गर्न सकिने संभावना रहेको छ ।

#### ख) समस्या तथा चुनौति

जल, जमीन र हरियाली क्षेत्रको पहिचान, नक्शाङ्कन, संरक्षण र व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा हुन सकेको छैन । फलस्वरुप उक्त श्रोतको वैज्ञानिक व्यवस्थापन तथा दीगो संरक्षण हुन सकेको छैन । वस्ति र कृषि क्षेत्रमा तटबन्धन, नदी र खोला नियन्त्रण र हरियाली सम्बन्धी कार्यक्रम र बजेटको व्यवस्था नगण्य मात्रामा रहेको छ । हरियाली, जमीन, जलश्रोतको संरक्षण र व्यवस्थापन गरी पानीको भण्डारण तथा जमीनको उर्वराशक्ति बढाउनु आवश्यक रहेको छ । वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय परीक्षण पालना हुन सकेको छैन । सडक तथा पुल, सिंचाई कुलो तथा खानेपानी र भवन निर्माण लगायत भौतिक संरचना विकासमा संरक्षणलाई ध्यान दिएको पाईंदैन । भू तथा जलाधार संरक्षण र व्यवस्थापनलाई विकासका पूर्वाधार निर्माणको साझा विषयको रुपमा लिई प्राथमिकता अनुसार संचालन हुन नसक्नु, भूउपयोग, जलश्रोत र सार्वजनिक जग्गाको व्यवस्थापन योजना नहुनु, तिनै तहका सरकार र सरोकारवाला निकायहरु बीच समन्वय र निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चुनौतिको रुपमा रहेका छन् ।

### ७.२.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

#### क) विद्यमान अवस्था, संभावना र अवसर

यस गाउँपालिकामा जल, जमीन, वायु सामान्यतः स्वच्छ रहेको छ । प्लाष्टिकजन्य सामाग्रीको प्रयोग र प्रदूषणको स्थिति प्रारम्भिक अवस्थामा रहेको छ । तसर्थ प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई समयमै प्रतिस्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ । इन्धनको उपयोगमा एलपी ग्यासको प्रयोग बढ्दै गएता पनि यस गाउँपालिकामा अझैपनि करीव ९५ प्रतिशत घरपरिवारले इन्धनको प्रमुख स्रोतको रुपमा दाउराको प्रयोग गरिरहेको अवस्था छ । गाउँपालिकामा खासगरी वजार क्षेत्रमा निजी घर तथा संस्थागत फोहोर संकलनको लागि कम्पोष्ट विन, पिट, ल्याण्डफिल साइडको वेलैमा पहिचाहन गर्नै आवश्यकता देखिएको छ । संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्द्धन सम्बन्धी ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार निर्माण हुने क्रममा रहेका छन् ।

#### ख) समस्या तथा चुनौति

गाउँपालिका क्षेत्रमा प्लाष्टिकजन्य सामाग्री तथा बोतलहरुको प्रयोग बढ्दै गएको छ । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतल गर्दा फोहोरमैला र वातावरणीय प्रदूषण बढ्दो क्रममा रहेको छ । कुहिने तथा नकुहिने फोहोरमैलाको वर्गीकरण, नकुहिने फोहोरको पुनः प्रयोग र फोहोर प्रशोधन तथा व्यवस्थापन गर्ने बानी, व्यवहार र पूर्ण सरसफाइको नियमित अभ्यास गर्नु पर्ने देखिन्छ । फोहोर वर्गीकरण, पुनःप्रयोग प्लाष्टिक, सिसा तथा बोतलको उपयोग निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु जलाउने अभ्यास रहेको हुँदा वायु प्रदुषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित अघि बढ्नुपर्ने देखिन्छ । कृषि भूमिमा जैविक मल प्रयोग घट्दै गएको भने रासायनिक मलको प्रयोग बढ्दै गएको छ । यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ । यसैगरी कृषि उत्पादनमा विषादीको प्रयोग पनि बढ्दै गएको छ । फलस्वरुप मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ । स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन प्रभावकारी नहुँदा प्रदूषण बढ्दै गएको छ । खाली स्थान, खोला खोल्सी, नहर र कृषि क्षेत्रमा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर खोलामा बगाउने चलन रहेको हुँदा जल प्रदूषण पनि बढ्दो क्रममा रहको छ । यसलाई व्यवस्थापन गर्न राजनैतिक नेतृत्व, निर्वाचित जनप्रतिनिधि र समुदायमा सचेतना र क्रियाशिलतामा हुनुपर्ने देखिन्छ ।

### ७.२.४ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

#### क) विद्यमान अवस्था, संभावना र अवसर

महाभुकम्प २०७२ पश्चात् निजी आवास तथा सार्वजनिक भवन निर्माणमा भूकम्प प्रतिरोधी संरचना र प्रविधिको अभिबृद्धिसँगै भूकम्पीय जोखिम दृष्टिकोणले सुरक्षित निर्माण संस्थागत हुँदै गएको छ । यस गाउँपालिकामा तत्कालिन भुकम्पवाट क्षति भएका घरहरु ९५ प्रतिशत निर्माण सम्पन्न भई सकेका छन् भने अरु घरहरु निर्माण सम्पन्नको कममा रहेका छन् ।

गाउँपालिका प्रमुखको संयोजकत्वमा स्थानीय विपद् व्यवस्थापन समिति गठन र संचालन उन्मुख रहेको छ । गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य संस्था र विद्यालय बीच विपद् पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धमा समन्वय र सहकार्य भइरहेको छ ।

गाउँपालिकावाट समुदायमा आधारित विपद् जोखिम जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नेपाल रेडक्रस सोसाइटी र अन्य संघ/संस्था मार्फत तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना गरिएको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापन सम्बन्धी परम्परागत ज्ञान, सीप र सचेतनामा बृद्धि हुँदै गएको छ । यस गाउँपालिकामा ५ मुख्य खोला र २० भन्दा वढी साना खोलाहरु रहेकार ३ वटा सार्वजनिक पोखरी रहेका छन् र यसबाट सिंचाई सुविधा विस्तार गर्न तथा खडेरी न्युनीकरण गर्न तथा अग्नी नियन्त्रणको लागि पानीको श्रोत प्रयोग गर्न सकिन्छ ।

#### ख) समस्या तथा चुनौति

यस गाउँपालिका अन्तरगत मुख्य जोखिमयुक्त (संवेदनशील) स्थानमा बसोबास गरेका परिवारहरू वडा नं. १, ३ र ५ .मा रहेका छन् । गाउँपालिका को जोखिम युक्त वस्तिहरुमा सिमढिक, जुटुङ खोला र रखम्वे खोलाको आसपासमा रहेका वस्तिहरु रहेका छन् । यसैगरी संवेदनशिल वस्तिहरुमा जनता प्रा.वि वलाले, गढीवारे वलाले, जलकिनी सेवार, र जेकुल खोला, मगरखोला, खानिवाङ, किलाचौर रुक्सिखोलाको आसपारका वस्तिहरु जस्तोसेरा वस्ति, साघुचौर तिमर्घा वस्ति आदि रहेका छन् । खम्वे खोलाको वार्षायामको वहावको कारण खेतहरु वगरमा परिणत भएका छन् भने पुनिसरा पहिरोको कारण ठूलो क्षति गरेको छ । गत वर्ष विभिन्न विपद्को अवस्था हेर्दा यसको कारणले १६० घरपारिवार नराम्रो संग प्रभावित भएको देखिन्छ ।

पहिरोको जोखिममा रहेका मुख्य सडकहरुमा भलेखर्क सडक र लम्चुति आमवोट सडक रहेका छन् । यसैगरि वाढी पहिरोको जोखिममा रहेका र तटवन्धनको आवष्यक पर्ने क्षेत्रहरुमा रातामाटा खोला तटवन्धन, साभो जम्जा र सुकेखोला तटवन्धन, जतुङ्खोला तटवन्धन आदि रहेका छन् ।

वडा नं १ को विपद जोखिमको अवस्था विष्लेषण गर्दा छिउदर, स्काडुनमा घरहरु पहिरोको कारण पूर्ण रुपमा क्षती भएको, जनकल्याण प्रा.वि पहिरोले क्षति भएको, गत बर्ष (वि.सं.२०७७ ) ऐपे बस्तीमा २ जना वालकको

पहिरोले को कारण पुरिएर मृत्यु भएको, मगरा खोलाको कारण स्थानीइ विद्यालय पहिरोको जोखिममा रहेको छ । वडा नं २ अन्तरगत खालावस्ती, डांडा टोल, आर्यटोल, मुखिया टोल, जोगीथरयतका बस्ती, सार्कि टोल, सिम भञ्याङ सडक पहिरोको जोखिम छ । वडा नं ३ अन्तर्गत जुधुङखोलाले नहर र खेतलाई क्षति पुर्‍याएको, लामेबगर, सिभखोला, औसारीखोलामा नदि कटानको कारण खेत क्षति भएको, देउराली र भेलचौर पहिरो गएकको छ । वडा नं ४ मा बजेरा बस्तीमा २० घर पहिरोको जोखिममा, वडा नं ५ मा सेवारमा १२५ घरधुरी पहिराको जोखिममा रहेको, पिपलचौर दलितबस्ती २० घरधुरी जोखिममा रहेको, बस्ती मुनिबाट बाटोजादा समस्या भएको, किलाचौर बजार एरिया पहिरोका जाने जोखिममा रहेको, वडा नं ६ मा नाम्गी बस्ती, पाते गुम्चालको लरबाङ बस्तीमा पहिरोको कारण क्षती पुगेको, यसैगरी चौकी देखि कमरेपानी सम्म र तल्लो गुम्चाल कछेरा पहिरोकारण सडक र वस्ति दुवैलाई जोखिम रहेको छ । वडा नं ७ मा पल्लीबन, भुमेथान, झरीबाङ, मुख्यटोल बस्तीहरु पहिरो कारण जोखिममा रहेका छन् ।

यस गाउँपालिकामा प्रकोपको अवस्था हेर्दा खासगरी आगलागी, हावाहुरी, चट्याङ, भूकम्प, हिमपात, असिना। खडेरी तथा असिना प्रमुख प्रकोपको रुपमा रहेका छन् । यी मध्ये चट्याङ, हावाहुरी र खडेरी, वार्षिक रुपमा दोहोरिईरहने प्रमुख प्रकोपको रुपमा रहेका छन् भने अन्य प्रकोपहरुको आवृत्ति पनि उच्च रहेको छ । नेपालका अन्यक्षेत्रमा जस्तै यस गाउँपालिका क्षेत्रमा एकातिर पनि विपद्‌जन्य घटनाका आवृत्ति (frequency) तथा सघनता ( intensity) बढ्दै गएको छ भने अर्कोतिर विपद्‌सम्बन्धी प्रर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ तथा विकास प्रक्रिया विपद् उत्थानशील हुन सकेको छैन । भूउपयोग योजना तर्जुमा भई सो बमोजिम वस्ती विकास र भौतिक विकास तथा वैज्ञानिक रुपमा भूमिको उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो संचालनमा जोखिम देखिएको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कमी हुनु विपद् व्यवस्थापनमा गाउँपालिकाको प्रमुख चुनौतिको रुपमा रहेको छ । विभिन्न प्रकारका विपद्‌हरुलाई सम्वोधन गर्न यस गाउँपालिकाले स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थनशिल योजना तयारीको कार्यलाई अगाडी वढाउनु पर्ने आवश्यकता छ ।

विभिन्न प्रकारका विपद्‌हरुको जोखिमको समस्या रहेको यस गाउँपालिकामा विपदको समय र पछि सुरक्षित हुनका लागि सुरक्षित र सामुदायिक आश्रय स्थल नहुनु र विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकारका लागि स्थानीय तथा समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ। गाउँपालिकामा आपतकालिन अवस्थाको लागि स्थापना भएको Community Rapid Response Team को व्यवस्थापन र प्रभावकारी सञ्चालन गर्नुपर्ने आवश्यक छ । गाउँपालिकामाखोज उद्धार तालिम प्रदानको साथै स्थानीय प्रतिकार कार्यदल निर्माण र खोज उद्धारका लागि सामग्रीको भण्डारण शुरु गर्नु पर्ने आवश्यकता छ ।

गाउँपालिकामा भविष्यका दिनहरुमा आउन सक्ने सम्भावित रोग संक्रमण तथा महामारीको विरुद्ध रोकथाम तथा उपरचारात्मक तयारी गर्नु जरुरी छ । यसको लागि गाउँपालिकाको प्रकोप कोषको व्यवस्थापनको साथै पुर्व तयारीको लागि आवश्यक स्वास्थ्य उपकरणहरु, उद्धार सामग्री, उद्धार भवन, स्वास्थ्यकर्मी लगायत अन्य श्रोत सामग्रीको पनि समयमा नै वन्दोवस्त गर्नुपर्ने देखिन्छ । हालसालै विश्यव्यापी रुपमा देखिएको कोविड १९ को संक्रमणवाट सृजित समस्यावाट हरेक पालिकाहरु प्रभावित हुन थालेवाट यस्ता रोगहरुसंग जुध्नको लागि आवश्यक कानुन, नीति, योजना र श्रोत साधनको तयारी समयमा नै गर्नुपर्ने रहेछ भन्ने ज्ञान भएको छ । कोभिड १९ को संक्रमण देश र समाजमा औषधी वा खोप उपलव्ध नहुंदासम्म लामो समयसम्म रहन सक्ने स्वास्थ्य विज्ञहरुवाट आकलन गरिएको सन्दर्भमा गाउँपालिकाले वेलैमा यस रोगको रोकथाम, प्रतिकारात्मक तथा उपचारात्मक विधीको अवलम्वन गर्नु आवश्यक छ ।

यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिम उच्च तर जलवायु परिवर्तन अनुकुल कृषि बाली तथा प्रणालीको विकास र विस्तार गर्न अवश्यक देखिन्छ ।

कार्यशालाबाट प्राप्त वन, वातावरण तथा विपद व्यवस्थापनसँग सम्बन्धित क्षेत्र तथा सो अर्न्तगतका उपक्षेत्रहरुको वस्तुस्थिति विश्लेषण **अनुसूची ७** मा प्रस्तुत गरिएको छ ।

## ७.३ लक्ष्य तथा उद्देश्य

यस गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको लक्ष्य तथा उद्धेश्य देहायअनुसार रहेको छ ।

- जमीन, हरियाली र जलश्रोतको दीगो व्यवस्थापन र समुत्थानशिलता सुनिश्चित गर्नु

गाउँपालिकाको वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्धेश्यहरु देहायअनुसार रहेका छन्:

- वन तथा हरियाली क्षेत्रमा बृद्धि भएको हुनेछ ।
- जल, जमीन तथा जलाधार क्षेत्रको संरक्षण तथा उपयोगमा बृद्धि भएको हुनेछ ।
- पर्यावरणीय स्वच्छता, जलवायु परिवर्तन अनुकुलन क्षमता र सुन्दरतामा अभिबृद्धि भएको हुनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा विपद्‌बाट हुने क्षति कम भएको हुनेछ ।

## ७.४ रणनीति तथा कार्यनीति

वन, वातावरण र विपद् व्यवस्थापन विषय क्षेत्र योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम र आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

**तालिका८: वन, वातावरण र विपद् व्यवस्थापनका लागि रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. वन व्यवस्थापन** | |
| १. सार्वजनिक खाली जग्गा भएका वडाहरुमा वृक्षारोपण गर्ने । | १.१ प्रत्येक वडामा सार्वजनिक खाली जग्गा वृक्षारोपण गरी वन र हरियाली क्षेत्र विस्तार गरिनेछ ।<br>१.२ सडक तथा नहर कुलोको दायाँबाया, खोला किनार, विद्यालय, स्वास्थ्य तथा अन्य सार्वजनिक स्थानमा वृक्षारोपण गरी हरियाली कायम गरिनेछ ।<br>१.३ स्थानीय स्तरमा नर्सरी स्थापना व्यवस्थापन गरी खाली सार्वजनिक तथा निजी जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।<br>१.४ वातावरणीय परीक्षण मूल्यांकन र त्यसका सिफारिशहरुको कार्यान्वयन गरी संरचना निर्माणमा वातावरणीय पक्षको सुनिश्चिता गरिनेछ।<br>१.५ वन, हरियाली र वनमा आधारित उद्यम प्रवर्द्धन र विकासका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित कार्यालयसँग समन्वय र सहकार्यमा अभिबृद्धि गरिनेछ ।<br>१.६ गाउँपालिकामा रहेका सामुदायिक वनका सम्पूर्ण वन क्षेत्र पहिचान गरि वनको सम्पुर्ण क्षेत्र र व्यक्तिको जग्गालाई छुट्याईने छ ।<br>१.७ सम्पूर्ण वन क्षेत्रको पहिचान गरि खालि रहेको नाङ्गो डाडाँहरुमा बराबरको दरले काठजन्य विरुवा, जडिवुटी जन्य विरुवा, घाँसजन्य विरुवाको वृक्षारोपण कार्यलाई तिव्र गतिमा अगाडि बढाइने छ<br>१.८ वन क्षेत्रहरुमा जडिवुटी तथा नगदेवालिहरुको संरक्षण तथा वृक्षारोपण गरि उपभोक्ताहरुलाई छोटो समयमै लाभ दिने खालको कार्यलाई अगाडि बढाइने र गा.पा. अन्तरगतका सम्पूर्ण वन क्षेत्रको हावापानिको पहिचान गरि विरुवाहरुलाई संरक्षण तथा वृक्षारोपण कार्यलाई तिव्र रुपमा अगाडि बढाइने छ ।<br>१.९जुनसुकै प्रकारको वन क्षेत्रमा समेत घाँसजन्य विरुवाहरु रोपी उपभोक्ताहरुलाई घाँसमा आत्मनिर्भर बनाई पशुपालन कार्यमा लाग्नका निमित्त उत्प्ररित गर्ने कामलाई अगाडि बढाउनेछ । |
| २. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने | २.१ स्थानीय लक्षित समुदायको साझेदारी र निजी क्षेत्रसँग समन्वय गरी प्राविधिक रुपमा संभाव्य जडिबुटी र अन्य वनजन्य प्रजातीहरुको खेती गरी वन्यजन्य उद्यमको विकास गरिनेछ ।<br>२.२ सार्वजनिक तथा निजी जग्गामा जडीबुटी अन्य वन प्रजातीको व्यवसायिक खेती प्रवर्द्धन र विस्तार गरिनेछ ।<br>२.३ वन तथा जडिबुटीमा आधारित आयमूलक कार्यक्रम संचालन गर्न महिला, युवा तथा लक्षित वर्गलाई प्रोत्साहन अनुदान मार्फत् आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल प्रदर्शन गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।<br>२.४ डिभिजन तथा सवडिभिजन बन कार्यालयको प्राविधिक तथा अन्य सहयोगमा गाउँपालिकामा क्षेत्र वहुउद्देश्यीय वन नर्सरी स्थापना गरी विरुवा उत्पादन र वितरण सहज बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **ख. भू संरक्षण तथा जलाधार व्यवस्थापन** | |
| १. जमीन र जलश्रोतको संरक्षण र व्यवस्थापन गरी भूमिको उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउने | १.१ स्थानीय समुदाय, संघ तथा प्रदेश सरकार, संघ/संस्थासँग सहकार्य र साझेदारीमा नदी नियन्त्रण तथा संरक्षण र संरक्षण पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ सडक तथा नहर कुलोको दायाँबायाँ, खोला किनारमा बायोइञ्जिनियरिङ्ग प्रविधि प्रवर्द्धन गरी सडक, पुल, नहर, कुलो र बाँध दिगो संरक्षणको व्यवस्था गरिनेछ ।<br>१.३ भूसंरक्षण, हरियाली तथा जलश्रोत व्यवस्थापन बारे समुदायमा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी यस सम्बन्धी कार्यलाई दिगो बनाइनेछ । |
| २. भू-संरक्षण र जलाधार व्यवस्थापन अवधारणा अनुसार भूउपयोग, संरक्षण भूमि तथा जलश्रोत व्यवस्थापन कार्य संचालन गर्ने | २.१ राष्ट्रिय भूउपयोग नीति अनुसार स्थानीय भूउपयोग नीति तयार र भूउपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ ।<br>२.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी भौतिक विकास र संरचना निर्माणको कार्य संचालन गरिनेछ ।<br>२.३ भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र हरियाली प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।<br>२.३ जलवायु परिवर्तनलाई तल्लो तहवाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिने<br>२.४ जलवायु परिवर्तनको न्युनिकरणका लागि जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरि हरित अर्थतन्त्रको प्रर्वद्धन गर्न पहल गरिने<br>२.५ जलउत्पन्न प्रकोपलाई नियन्त्रणमा लिनका निमित्त तथा खोल्साका किनारमा बाँस रोप्ने, घेरवार तथा ग्याविन तारजालीवाला पर्खाल लगाएर भूक्षय हुनबाट रोक्नुका साथै नदिनालाहरुलाई सधै प्रदुषणरहित र वनजंगललाई सधै हराभरा राख्ने कार्य गर्ने |
| **ग. वातावरणीय स्वच्छता तथा फोहोरमैला व्यवस्थापन** | |
| १. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा प्रविधि र स्वच्छता अभिबृद्धि गर्ने | १.१ गाउँपालिका भित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ।<br>१.२ कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नहुहिने फोहोरको पुन:प्रयोग, प्रशोधन र खाडलमा व्यवस्थापन गरिनेछ ।<br>१.३ सार्वजनिक स्थान र सडकको दायाँबायाँ वरपिपल, सल्ला, समी, लिचि, आदी जस्ता विरुवा रोपणलाई अभियानका रुपमा संचालन गरी वातावरण स्वस्छता कायम गरिनेछ ।<br>१.४ विद्युत, वायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता स्वच्छ उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशिल प्रयासहरुलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरिनेछ । |
| २. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तन प्रक्रियाबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने | २.१ जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ ।<br>२.२ टोलस्तरीय प्रतिस्पर्धामूलक कार्यक्रम सञ्चालन गरी समुदाय र घरआँगन सरसफाइको अभियान सञ्चालन गरिनेछ ।<br>२.३ टोलस्तरीय समिति तथा संस्थाहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाई कार्यलाई नियमित रुपमा सञ्चालन गरिनेछ । |
| ३. विकास निर्माण तथा उद्यम विकास र श्रोत | ३.१ विकास निर्माण, उद्यम व्यवसाय, श्रोतको उपयोग कार्यमा कानून तथा नियमअनुसार वातावरणीय प्रभाव अध्ययन व्यवस्था पालना तथा |

| रणनीति | कार्यनीति |
|---|---|
| परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था पालना अभिबृद्धि गर्ने | अध्ययनबाट सिफारिस संरक्षणका कार्यहरुको अनिवार्य कार्यान्वयनको व्यवस्था गरिनेछ ।<br>३.२ वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कानून बारे निर्वाचित जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्यमी र व्यवसायी तथा स्थानीय समुदाय अभिमुखीकरण तथा सचेतना अभिबृद्धि गरिनेछ ।<br>३.३ प्रदूषण (माटो, वायु, जल आदि) तथा यसको रोकथाम र व्यवस्थापनका उपायबारे स्थानीय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ । |
| **घ. विपद् जोखिम व्यवस्थापन** | |
| १. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन अवधारणा लाई सबै विषय क्षेत्रमा मूलप्रवाहीकरण गर्ने | १.१ समुदाय तथा सरोकारवालासँगको साझेदारी, सहकार्य र समन्वयमा विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्य संचालन गरिनेछ ।<br>१.२ वस्ती/टोलमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ ।<br>१.३ समिति तथा कार्यदलहरूलाई तालिमलगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.४ स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ ।<br>१.५ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ ।<br>१.६ स्थानीय सरकारको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन, स्वास्थ्य र महामारी रोग संक्रमण सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी संचालन गरिनेछ ।<br>१.७ प्रमुख वस्तीहरूमा उद्धार सामग्रीहरुको भण्डारण गरी नियमित अद्यावधिक गरिनेछ<br>१.८ बायोइन्जिनिङ्ग प्रविधि प्रवर्द्धन नदी तटबन्धन, सडकको ढललाई स्थरीकरण गरी दिगोपना कायम गरिनेछ ।<br>१.९ विकासका निर्माणका गतिविधि सञ्चालन गर्दा विपद् जोखिमका अवधारणालाई सम्बोधन गरिनेछ ।<br>१.१० हाल देखापरेको कोभिड १९ र भविष्यमा देखापर्न सक्ने अन्य स्वास्थ्य सम्वन्धी अन्य महामारी रोगहरुको विरुद्ध पूर्व तयारी, रोकथाम, प्रतिकार तथा उपचार सम्वन्धी कानुनीहरुको व्यवस्था गरिने छ । |
| २. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धि गर्ने | २.१ गाउँपालिका, टोल विकास समिति, गैसस र नागरिक समाज संस्था र निजी क्षेत्रको समेत योगदान समावेश गरी स्थापित स्थानीय विपद व्यवस्थापन कोष बृद्धि र परिचालन गरिनेछ र वडास्तरमा आकस्मिक कोषको व्यवस्था गरिनेछ ।<br>२.२ टोल टोलमा विद्यार्थी र समुदायलाई मनोसामाजिक सहयोग प्रशिक्षण अभियानका रुपमा संचालन गरिनेछ ।<br>२.३ रेडक्रसको उपशाखाको संस्थागत क्षमता अभिबृद्धिमा सहयोग गरिनेछ ।<br>२.४ गैर सरकारी संस्था, संचार माध्यम तथा समुदायमा आधारित संस्था लगायत नागरिक समाज संस्थाहरुसँग सहकार्य गरी विपद पूर्व तयारी, जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।<br>२.५ सामुदायिक भवन भएका स्थान तथा प्रमुख वस्तीको उपयुक्त स्थानमा स्थान पहिचान गरी न्यूनतम पूर्वाधार सहित सामुदायिक आश्रयस्थलहरू निर्माण गरी आपत्कालका लागि सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ । |
| ३. जलवायु परिवर्तन अनुकुलनलाई विपद् जोखिम न्यूनीकरण | ३.१ गाउँपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनसँग एकीकृत गरी विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी संयन्त्र र कार्य संचालनको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| तथा व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | ३.२ गाउँपालिकाको विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन र नतिजा अनुगमन गरिनेछ ।<br>३.३ जलवायु परिवर्तन अनुकुलनका लागि पानी संलकन प्रविधि, सुख्खा पोखरी, कृषि उत्पादन प्रविधिको विकास र विस्तार गरिनेछ ।<br>३.४ जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायको अगुवाको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । |

## ७.५ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वयन योजना)

गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको अपेक्षित नतिजा प्राप्त गर्नस्थानीय वन समुदाय, उपभोक्ता समिति, संजाल, संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकार सम्बन्धित निकायसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा वन,वातावरण र विपद् व्यवस्थापनका लागि देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

## तालिका९: वन, वातावरण र विपद् व्यवस्थापनका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कूल लक्ष्य (०८२/८३) | | |
| **१. वन तथा जैविक विविधता** | | | | | |
| १.१ वृक्षारोपण कार्यक्रम र उन्नत घांसपातको व्यवस्था | रोपनी | १० | २०० | ४००० | –प्रत्येक वडाको सार्वजनिक स्थानमा बृक्षारोपण गर्ने (१४ रोपनी)<br>–वडा समितिको कार्यालय, विद्यालय र अन्य कार्यायलहरुमा हरीयाली कायम गर्ने<br>–चरन क्षेत्रमा उन्नत घांसपातको व्यवस्था<br>–सडक दायावायाँ वृक्षारोपण र पहिरो गएका स्थलहरुमा |
| १.२ सामुदायिक बन उपभोक्ता क्षमता बिकास कार्यक्रम | संख्या | ० | ४१ | ४५०० | –सामदायिक वन अग्निरेखा व्यवस्थापन<br>–पालिकास्तरीय सामुदायिक वनको वैठक भवन निर्माण<br>–वन उपभोक्ता समुहहरुलाई नविनतम कार्य गर्ने अन्य पालिकाहरुको अध्ययन भ्रमण गराउने (५ पटक)<br>–स्थानीय वन महासंघको क्षमता विकास कार्यक्रम (आवश्यकता अनुसार)<br>–वन वातावरण सम्वन्धी प्राविधिक जनशक्ति क्षमता विकास |
| १.३ उच्च मूल्यका मसलाजन्य तथा जडीवुटी उत्पादन कार्यक्रम | संख्या | ० | ५ | ८०० | –निजी क्षेत्रलाई जटिवुटि जन्य विरुवाहरु लगाउन प्रोत्साहन र वजारीकरणमा सहयोग<br>–जटीवुटी तथा सुगन्धित वनस्पतिको संभाव्यता अध्ययन र पकेट क्षेत्र व्यवस्थापन |
| १.४ बन पैदावर संकलन केन्द्र र प्रशोधन केन्द्र निर्माण | वटा | ० | २ | १४०० | –वन तथा गैर वन (जडिवुटिं) उत्पादन सम्वन्धी प्रशोधन केन्द्र तथा उद्योग व्यवसाय सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन<br>–स्थानीय रोजगारी र गरिवी न्यूनीकरण सम्वन्धी कार्यक्रमहरु सञ्चालन |
| १.५ जैविक विविधता संरक्षण गुरुयोजना बिकास | पटक | ० | १ | १५०० | –सामुदायिक तथा र सार्वजनिक जमिनको वैज्ञानिक नाप र लगत संकलन सम्वन्धी अध्ययन |
| १.६ वन, वातावरण र हरियाली प्रवर्द्धन सचेतनामुलक कार्यक्रम | पटक | २ | २४ | १४०० | –डिभिजन वन कार्यालय, स्थानीय समुदाय र संघ/ संस्थाको सहकार्य<br>–वृक्षारोपण र डढेलो सम्वन्धी जन चेतनामुलक कार्यक्रमहरु सञ्चालन |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| १.७ बन पैदावर, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कानून तर्जुमा | गोटा | ० | २ | २००० | –सामुदायिक वन पैदावार उपयोग सम्वन्धी छाता कानुन तयारी<br>–स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कानुनको तयारी |
| १.८ वहुउद्देश्यीय वन नर्सरीको स्थापना र संचालन कार्यक्रम | वटा | ० | २ | १२०० | –सव डिभिजन वन कार्यालयसँगको समन्वय र सहकार्य गर्ने |
| १.९ बाँदर धपाउने, फौजी किरा तथा सलह किरा रोकथाम कार्यक्रम | वटा | ० | २ | १२०० | –गाउँपालिका स्तरीय |
| **वन र जैविक विविधता जम्मा** | | | | **२१०००** | |
| **२. भूमि तथा जलाधार व्यवस्थापन** | | | | | |
| २.१ भू-उपयोग नीति, योजना तथा क्षेत्र निर्धारण र कार्यान्वयन | पटक | ० | १ | १००० | –गाउँपालिका स्तरिय |
| २.२ पानी मुहान/श्रोत संरक्षण | स्थान | १० | ३० | ९५०० | –पोखरी संरक्षण, मर्मत र निर्माण (एक वडा एक पोखरी निर्माण अभियान) ७ स्थान<br>–सवै खानेपानी मुलहरुमा वृक्षारोपण, तारजाली र संरक्षण (२० स्थान)<br>–सिमसार क्षेत्रको उचित संरक्षण (३ स्थान) |
| २.३ भुसंरक्षण सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | १० | ६०० | –गाउँपालिका भरी<br>–विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा |
| २.४ सार्वजनिक जग्गाको तारजाली र संरक्षण | रोपनी | ० | २०० | ५३०० | –गाउँपालिकावाट स्वीकृत आयोजनावाट गर्ने |
| २.५ भुसंरक्षण सम्बन्धी सचेतना कार्यक्रम | गोटा | ० | १० | ३५०० | –समढिक, जुटुङ खोला र खम्वे खोलाको आसपासमा रहेका वस्तिहरु, जमिनहरु, वन क्षेत्रहरु र पुनिसरा पहिरोको ले क्षति गर्ने वस्ति क्षेत्रमा |
| २.६ तार जालि र तटवन्ध व्यवस्थापन | गोटा | ० | १५ | १९००० | पधेरा खोला, पानीखोला, लाखुरेखोला, घरेली खोला, खरीखोला, सिस्नेखोला, साहुखोला, लिवाङगैरा, चिलुङ् खोला, फिरिजा खोला लगायतका क्षेत्रहरुमा |
| **भूमि तथा जलाधार व्यवस्थापनको जम्मा** | | | | **३८९००** | |
| **३. वातावरण तथा स्वच्छता** | | | | | |
| ३.१ गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम | वडा | ० | ७ | ५०० | –प्लाष्टिक निषेध, फोहोर मैला वर्गीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित वडा तथा टोल सरसफाई प्रतिस्पर्धा गराउने र पुरस्कृत गर्ने |
| ३.२ वातावरण संरक्षण प्रवर्द्धनात्मक कार्यक्रम | पटक | ० | ७ | ६००० | –एक वडा एक ग्रिन पार्क निर्माण तथा संचालन<br>–प्लाष्टिक मुक्त गाउँपालिका घोषणा अभियान |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | | | | –सरसफाई सम्बन्धी सरोकारवालाहरुको अध्ययन भ्रमण कार्यक्रम |
| ३.३ फोहोर व्यवस्थापन ल्याण्डफिल साइट डिपिआर तयारी, निर्माण र संचालन | स्थान | ० | १ | ५००० | –मुख्य बजार क्षेत्रहरु र सार्वजनिक स्थानमा डष्ट विन, कम्पोष्ट विन र खाडलको व्यवस्था गर्ने<br>–गाउँपालिकाको निर्णय अनुसार अध्ययनले उपयुक्त ठानेको स्थानमा ल्याण्डफिल साइट निर्माण गरिने |
| ३.४ फोहोर संकलन र व्यवस्थापनका लागी सवारी साधन खरीद | वटा | १ | २ | ५००० | –गाउँपालिका कार्यालयमा (१ फोहोर संकलन गाडी) |
| ३.५ ढुंगा, गिटी, वालुवा लगायत खनिजजन्य पदार्थहरुको उत्खनन् र विकिवितरण सम्वन्धी कानुनको तयारी | वटा | ० | १ | ३०० | –गाउँपालिका स्तरीय |
| ३.६ विकास निर्माण कार्यको विभिन्न किसिमका वातावरणीय अध्ययन | वटा | ० | ५ | १५०० | –गाउँपालिका स्तरीय |
| **वातावरण व्यवस्थापनको जम्मा** | | | | **१८३००** | – |
| **४. विपद् व्यवस्थापन** | | | | | |
| ४.१ गाउँपालिका स्तरको विपद् व्यवस्थापन समिति गठन र क्षमता अभिबृद्धि कार्यक्रम | पटक | ० | ५ | ८०० | –समिति गठन तथा पुर्नःगठन, खोज उद्धार सामग्री, कृत्रिम अभ्यास, प्राथमिक उपचार तथा खोज उद्धार तालिम<br>–विपद् व्यवस्थापन समितिलाई तालिम लगायत क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन |
| ४.२ विपद् जोखिम क्षेत्र नक्साङ्कन र विपद् पूर्व सूचना उपकरण जडान कार्यक्रम | संख्या | ० | १ | १५०० | –आगलागी, पहिरो, बाढी संवेदनशील क्षेत्रमा |
| ४.३ सामुदायिक आपत्कालीन आश्रयस्थल, क्वारेन्टाईन तथा आईसोलेसन सम्बन्धित पूर्वाधारसहितको बहुउद्देश्यीय भवन निर्माण | वडा | | ७ | ३००० | –पालिकास्तर एवं सबै वडामा आपतकालिन प्राथमिक उपचार केन्द्र, रक्त संकलन केन्द्र, आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन तथा भण्डारण |
| ४.४ विपद् पूर्व तयारी कार्यक्रम | स्थान | ० | ७ | १४०० | –गाउँपालिका स्तरमा र हरेक वडाहरुमा विपद व्यवस्थापन जनचेतनामुलक कार्यक्रम सहित<br>–सडक दुर्घटना सचेतना |
| ४.५ वडामा विपद व्यस्थापन समिति गठन | वडा | ० | ७ | ३५० | –सवै वडामा |
| ४.६ सामुदायिक विपद् रेस्पोन्डर स्वयंसेवक व्यवस्थापन र परिचालन कार्यक्रम | जना | ० | ७ | ५०० | –सवै वडामा |

| रणनीतिक कार्यक्रम तथा | इकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| ४.७ महामारीजन्य रोग तथा अन्य विपद्को प्रतिकार्यका लागि आकस्मिक कोषको स्थापना र सञ्चालन | वटा | १ | १ | १०००० | –गाउँपालिका स्तरीय<br>–विपद्मा परेका घरपरिवारहरुलाई रोजगारीमा प्राथमिकता दिईने |
| ४.८ स्थानीय विपद् तथा वातावरण उत्थानशिल योजना तयारी | वटा | ० | १ | ७०० | –गाउँपालिका<br>–चट्याङ् लगायत बहुविपद् प्रतिरोधी घर, विद्यायल, अस्पताल तथा अन्य संरचना निर्माणका लागि स्पष्ट नीतिगत व्यवस्था गर्ने |
| ४.९ हेलिप्याड निर्माण र व्यवस्थापन | वटा | १ | ४ | १५००० | –सवै वडाहरुम क्रमशः सवै वडाहरुमा राख्दैजाने |
| **विपद् व्यवस्थापनको जम्मा** | | | | **३३२५०** | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापनको जम्मा** | | | | **१११४५०** | |

# परिच्छेदः ८
# सुशासन तथा संस्थागत विकास योजना

## ८.१. पृष्ठभूमि

स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहकोलागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ। स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र संघीयता अनि राज्य प्रणालीको सुदृढ हुन सक्दछ। तीनै तहको सरकारहरुले बिधिको शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्यतथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउनु आवश्यक छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहका सरकारहरुबाट सम्पादन हुने सवै काम तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई नागरिकप्रति उत्तरदायी हुने अपेक्षा गरेको छ। पञ्चवर्षीय (आवधिक) योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत बिकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरुलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ।

## ८.२. वर्तमान अवस्था

राज्यको पुनःसंरचना पश्चात् नयाँ गठन भएको यस लुङ्ग्री गाउँपालिकाको संस्थागत विकास प्रयासको शुरुवात भएको छ। गाउँपालिकाको संगठन संरचनाको खाका निर्माण, जनशक्तिको व्यवस्था प्रमुख समस्याको रूपमा रहेको छ। सेवा प्रवाहको केन्द्रको रूपमा रहेका वडा समितिको कार्यालयहरूको भौतिक संरचना (भवन) र जनशक्तिको व्यवस्था, गाउँपालिकाको केन्द्रीय भवन, कर्मचारी, मेसिन औजारको व्यवस्था तत्कालका प्रमुख जिम्मेवारी हुन्। हालको अवस्थामा गाउँपालिकाभित्र रहेका सरकारी, गैरसरकारी निकाय र निजी क्षेत्रसँगको साझेदारी, समन्वय र सहकार्य निकै चुनौतीको रूपमा रहेको छ।

### ८.२.१ सुशासन, ऐन नियम तथा जवाफदेहिता

#### क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँसभा र कार्यपालिकाबाट १८ वटा विभिन्न ऐन, नियम तथा विनियम र कार्यविधि तर्जुमा भई कार्यान्वयनको अवस्थामा रहेका छन्। सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने गरिएको छ। योजना अनुगमन तथा मूल्यांकन समिति समावेशी रहेको छ। गा.पा. को मासिक रुपमा आय व्ययका विवरण सार्वजनिक गर्ने गरिएबाट गाउँपालिका सुशासन कायम गर्ने तर्फ क्रमशः अग्रसर भएको संकेत पाइन्छ। गाउँपालिकामा सूचना अधिकारी तोकिएको, सार्वजनिक सुनुवाइ हुने गरेको तथा सो का लागि वजेट समेतको व्यवस्था गर्ने गरिएको छ। केही वडाहरुमा सुझाव पेटिका राखिएको छ। गा.पा.मा केही गैर सरकारी संस्थाहरुले महिला समुह, वाल क्लव र युवा क्लव गठन गरेर योजन प्रकृयामा वडा कार्यालयलाई सहयोग गरेका छन्। वडा स्तररीय छलफलको आधारमा विभिन्न सामुदायिक संस्थाको अवस्था विश्लेषण गर्दा वाल क्लवको संख्या ३०, आमा समुहको संख्या ४५, टोल विकास संख्याको संख्या ३३, युवा क्लवको संख्या २२ देखिन्छ। हुरेक भन्ने गैरसरकारी संस्थाले केही वडाहरुमा सुशासनको क्षेत्रमा काम गरेको छ। अर्धवार्षिक सार्वजनिक सुनुवाइ र अर्धवार्षिक योजना कार्यान्वयनको मुख्य सरोकारवालाको सहभागितामा समिक्षा हुने गरेको एवं संचालित आयोजना तथा कार्यक्रमको प्रक्रिया अनुगमनको कार्य हुने गरेको छ।

#### ख) समस्या तथा चुनौति

कार्यपालिका कार्यालय, वडा समितिको कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार कर्मचारीको पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाई देखिएको छ। नतिजामुखी योजना तर्जुमा अभ्यासको कमी, प्राथमिकता निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम धेरै संख्यामा रहेको कारण आयोजना तथा कार्यक्रमको गुणस्तर कायम गर्न सकिएको छैन। ज्ञान, सीप, ढाँचा तथा अनुभवको कमीको कारण आन्तरिक आयको शिर्षकगत अनुमान गरी राजस्व संकलन गर्न र सो अनुसारको

अभिलेख राख्न नसकेको अवस्था छ। गाउँपालिकाको ध्यान राजस्व कसरी बृद्धि गर्ने भन्दा पनि खर्च गर्ने तिर बढी ध्यान गएको अवस्था विद्यमान छ।

सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, निजी क्षेत्र र समुदायको साझेदारी हुन सकेको छैन । गाउँपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिपिआर, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, भएका कार्यको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक निजी र गैसस लागयतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने व्यवस्था आवश्यकता अनुसार मिलाउन नसकेको अवस्था छ । वडा कार्यालयमा नागरीक वडापत्र प्रचुर संभावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई परिचालन गर्न सकिएको छैन ।

## ८.२.२ संस्थागत संरचना तथाा मानव संसाधन विकास

### क) विद्यमान अवस्था, संभावना र अवसर

गाउँपालिकामा ५९ जना कर्मचारी कार्यरत रहेका छन् । गाउँ कार्यपालिकाले ५ वटा विषयगत समितिको व्यवस्था गरेको एवं ती विषयगत समितिको क्रियाशीलतामा बृद्धि भएको छ । आवश्यक क्षमता विकासका तालिमहरु संचालन हुनु, विद्युतीय उपकरणहरुको प्रयोगमा बृद्धिजस्ता संस्थागत क्षमता सुदृढीकरण हुँदै गईरहेको छ । गा.पा.को कार्यपालिकाको वैठक नियमित वस्ने र आवष्यक निर्णय गर्ने गरिएको छ।

### ख) समस्या तथा चुनौति

पूर्वाधारका हिसावले गाउँपालिकाको प्रशासकीय भवन निर्माण नहुनु, कर्मचारी समायोजनपश्चात संगठन संरचना अद्यावधिक नहुनु र कार्य विवरण स्पष्ट नहुनु, दरवन्दी अनुसार कर्मचारी नियुक्त नहुनु, वडा समितिको कार्यालयहरुमा आवश्यक सुविधा उपलव्ध नहुनु एवं गाउँ सभासंग सम्बन्धित समितिहरु गठन नहुनु मुख्य समस्याको रुपमा रहेको छ । यसैगरी जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी थप कार्यक्रम संचालन नहुनु पनि समस्याको रुपमा देखा परेको छ।

## ८.२.३ वित्तीयश्रोत परिचालन

### क) विद्यमान अवस्था, संभावना र अवसर

यस गाउँपालिका क्षेत्रमा विविध क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी प्रयास भएको छ । श्रोत परिचालनका लागि विभिन्न श्रोतहरुको पहिचान गरी श्रोतको अनुमान गरिएको परिस्थितिमा श्रोत परिचालनका लागि विशेष रणनीति अख्तियार गर्नुपर्ने देखिन्छ ।

विगत तीन आ.व.मा परिचालन भएका राजश्व वा आम्दानीका मुख्य स्रोतहरु (रकम रु. हजारमा)

| क.सं. | राजश्व शिर्षक | आम्दानी | | |
|---|---|---|---|---|
| | | आ.ब. ७४।७५ | आ.ब. ७५।७६ | आ.ब. ७६।७७ |
| १ | आन्तरिक आय | ६७१.७२० | ८७१.२३४ | १००९.३७६ |
| २ | राजश्व बाँडफाँड (संघीय सरकार) | | ६७८०० | ५३६४५ |
| ३ | राजश्व बाँडफाँड (प्रदेश सरकार) | | ३४१२ | ४३४७ |
| ४ | संघीय सरकारबाट प्राप्त प्राकृतिक स्रोत रोयल्टी | | | ० |
| ५ | संघीय सरकार अनुदान | | | २२०७३७ |
| | समानिकरण अनुदान | १८४१९० | ७८५०० | ८७५०० |
| | शसर्त अनुदान | ६४७९१.८ | ९८५६० | १३३२३७ |
| | विषेश अनुदान | ४६३९८.२ | | ० |
| | समपुरक अनुदान | ० | | ० |
| | अन्य अनुदान (सामाजिक सुरक्षा) | ३४१२७.३ | | ६१०३२ |
| ६ | प्रदेश सरकार अनुदान | ० | | ३७६०१००० |
| | समानिकरण अनुदान | ० | | ४१५१००० |

| क.सं. | राजश्व शिर्षक | आम्दानी | | |
|---|---|---|---|---|
| | | आ.ब. ७४।७५ | आ.ब. ७५।७६ | आ.ब. ७६।७७ |
| | शसर्त अनुदान | ० | ९५३७४ | ८०००००० |
| | विषेश अनुदान | ० | ९६०० | १४२००००० |
| | समपुरक अनुदान | ० | ३६८९ | ११२५०००० |
| ७ | अन्य आन्तरिक अनुदान (सडक बोर्ड...... लगायत) | | | ० |

श्रोत : लुङ्ग्री गाउपालिका, २०७७

विगत तिन आ.व.मा प्राप्त तल उल्लेखित अनुदानबाट भएको खर्चको विवरण (रकम रु. हजारमा)

| अनुदानको किसिम | आ.ब. ७४।७५ | | आ.ब. ७५।७६ | | आ.ब. ७६।७७ | |
|---|---|---|---|---|---|---|
| | प्राप्त रकम | खर्च रकम | प्राप्त रकम | खर्च रकम | प्राप्त रकम | खर्च रकम |
| संघीय सशर्त अनुदान | ६९३०३ | ६४७९१।९ | ९८५६० | ८७८०९।२३ | १३१३६९ | १०९२७० |
| संघीय समपूरक अनुदान | | | | | ० | ० |
| संघीय विशेष अनुदान | ४६३९८।२ | | ० | ० | ० | ० |
| प्रदेश सशर्त अनुदान | ० | | ९५३७४ | ८७९०९।२३ | ८००० | ७९३२ |
| प्रदेश समपूरक अनुदान | ० | | ३६८९ | ३६८९ | ० | ० |
| प्रदेश विशेष अनुदान | ० | | ९६०० | ३४०८।२ | १४२०० | ४७५७ |

श्रोत : लुङ्ग्री गाउपालिका,२०७७

## ख) समस्या तथा चुनौति

गाउँपालिकाको अधिकारक्षेत्र भित्रको आन्तरिक आयको श्रोतहरु पर्याप्त नरहनु, आन्तरिक आयको संभावनाको तुलनामा सङ्कलन न्यून रहनु, निजी क्षेत्र, सहकारी र सरकारी क्षेत्रको समन्वयात्मक लगानीमा कमी रहनु, ऐलानी पर्ती जग्गाको लगत सङ्कलन यथेष्ठ र व्यवस्थित नहुनु, जस्ता समस्या विद्यमान छन् । यसैगरी संघ र प्रदेशको अनुदान पर्याप्त नहुनु, ऐनमा भएको व्यवस्था अनुसार करको दायरा विस्तार गर्न नसक्नु, साना उद्योगी/व्यवसायलाई दर्ता प्रक्रियामा आउन बाँकी रहनुजस्ता समस्या चुनौतीको रुपमा रहेका छन् ।

## ८.२.४ योजना व्यवस्थापन

## क) विद्यमान अवस्था, संभावना र अवसर

लुङ्ग्री गाउँपलिकाको पञ्चवर्षीय योजना (आवधिक योजना) बन्ने क्रममा रहेको छ । संचालित योजनाहरुको नियमित अनुगमन तथा मूल्यांकन हुने गरेको छ । गाउँपालिकामा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भएको छ । गाउँपालिकाले तर्जुमा गरेको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक प्रगति विवरण प्रकाशन हुनु सकारात्मक रुपमा रहेको छ। वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यविधि स्वीकृत भएको वार्षिक तथा आवधिक योजना तर्जुमा प्रकृयालाई व्यवस्थित गर्न ५ वटा विषय क्षेत्रगत योजना तर्जुमा समिति गठन भएको, वस्तीस्तरवाट प्राथमिकीकरण गरी वार्षिक योजना तर्जुमा गर्ने गरिएको, वडा तथा गापा स्तरिय अनुगमन सुपरिवेक्षणका समिति गठन गरिएको, विकास योजना, कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि र स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि स्वीकृत गरी प्रयोगमा ल्याईएको, पटके योजनाहरुको अनुगमन गरी प्रतिवेदन पेश भएको, संघ तथा प्रदेश स्तरवाट विविध योजनाहरु गाउँपालिकामा संचालन भएको र सो संचालन गर्न गाउँपालिकाले सहजीकरण गरिरहेको अवस्था विद्यमान छ ।

## ख) समस्या तथा चुनौति

लुङ्ग्री गाउँपालिकामा योजना तर्जुमाका लागि क्षमता विकास सम्बन्धी गुरुयोजना नबन्नु, वार्षिक योजना तर्जुमा प्रणालीबारे सबैलाई जानकारी नहुनु, उपभोक्ता समितिको क्षमता अभिबृद्धिका कार्यक्रमहरु कमै संचालन हुनु मुख्य समस्याको रुपमा देखिन्छ । यसैगरी वडा/टोल वाट सिफारिस योजनाहरु बजेट सिमा भन्दा वढी हुने गरेको, केही उपभोक्ता समिति गठन र सम्झौतामा ढिलाई हुने गरेको, केही योजना कार्यान्वयन र उपभोक्ता समिति संग सम्झौता आर्थिक वर्षको अन्त्य तिर हुने गरेको, उपभोक्ता समितिहरुमा योजना कार्यान्वयन र अभिलेखीकरण र निर्णय लेखन क्षमतामा कमी, जनश्रमदानमा उपभोक्ता समिति निष्कृय हुने गरेका, योजना कार्यान्वयन प्रभावकारी रुपमा संचालनमा व्यापक जनसहभागिता तर्फ उपभोक्ताहरु उत्सुक नरहेको, योजना वडा तथा टोल स्तरमा योजना बजेट निर्धारण गर्दा आवश्यक ज्ञान शिप कमी भएर यथार्थ भन्दा फरक हुने गरेको जस्ता चुनौतिहरु रहेका छन् ।

कार्यशालाबाट प्राप्त सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित क्षेत्र तथा सो अन्तर्गतका उपक्षेत्रहरुको वस्तुस्थिति विश्लेषण **अनुसूची ९** मा प्रस्तुत गरिएको छ ।

## ८.३ लक्ष्य तथा उद्देश्य

यस लुङ्ग्री गाउँपालिकाको सुशासन तथा संस्थागत विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- गाउँपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर बृद्धि गर्नु

गाउँपालिकाको सुशासन तथा संस्थागत विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- स्थानीय ऐन, नियम, कार्यविधि तर्जुमा तथा पालनामा बृद्धि भएको हुनेछ ।
- जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाको संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ ।
- आन्तरिक तथा वाह्य श्रोत परिचालन क्षमतामा अभिबृद्धि भएको हुनेछ ।
- नतिजामूलक योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको संस्थागत विकास भएको हुनेछ ।
- सामाजिक जवाफदेहीताका र सुशासन अभिवृद्धि हुनेछ ।

## ८.४ रणनीति तथा कार्यनीति

दीर्घकालीन सोचतर्फ उन्मुख भई गाउँ विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न सुशासन तथा संस्थागत विकास क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ ।

**तालिका १०: सुशासन तथा संस्थागत विकासका लागि रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. कानून, नीति तथा सुशासन** | |
| १. स्थानीय नीति, कानून निर्माण, प्रवोधीकरण तथा प्रभावकारी कार्यान्वयन गर्ने | १.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण र कार्यान्वयनका साथै तर्जुमा गरिएका ऐन, नियम तथा कार्यविधिहरुको प्रकाशन, छलफल र प्रवोधीकरण( अभिमूखीकरण) गरी परिपालनामा अभिबृद्धिका साथै आवश्यकता अनुसार अद्यावधिक तथा परिमार्जन गर्दै लगिनेछ ।<br>१.२ गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी यस सम्बन्धमा पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।<br>१.३ सूचना अधिकारीको क्षमता अभिबृद्धि मार्फत सर्वसाधारणमा सूचनाको पहुँच बृद्धि गरिनेछ ।<br>१.४ स्थानीय तहको ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ । |
| २. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गरी सेवा प्रवाह प्रभावकारी, सहज र सेवाग्राहीमैत्री बनाउने | २.१ गाउँपालिकामा सुशासन तथा जवाफदेहिता अभिवृद्धिकालागि कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२.२ गाउँ कार्यपालिका कार्यालयतथा वडा समितिको कार्यालहरुमा नागरिक बडापत्रको व्यबस्था गर्नुका साथै वडाका प्रत्येक टोलहरुमा नागरिक बडापत्र सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. सूचनाप्रविधिमैत्री सेवा | ३.१ शाखा, उपशाखा तथा वडा समितिको कार्यलयमा कम्प्यूटर र सूचना प्रविधि |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रवाह अभिवृद्धि र गाउँपालिकाको सूचना व्यवस्थापन गर्ने | उपकरण, भौतिक सामग्री र कर्मचारीको व्यवस्थापन गरिनेछ ।<br>३.२ व्यक्तिगत घटनादर्ता तथा व्यवस्थापन, राजश्व संकलन तथा अभिलेखन, योजना अभिलेखन तथा व्यवस्थापन, जिन्सी व्यवस्थापन, सामाजिक सुरक्षा जस्ता विवरण सूचना प्रविधिमा आधारित हुने व्यवस्थाको विकास गरिनेछ।<br>३.३ राष्ट्रिय विद्युतिकरण, भरपर्दो दुरसंचारको व्यवस्थामा कार्यक्रम संचालन गरिने छ ।<br>३.४ वडा समितिको कार्यालयको समेत वहुचर्चित फेसवुक पेजको सुचारु गरिने छ ।<br>३.५ नयाँ कर्मचारी भर्ना गर्दा सूचना प्रविधि सम्वन्धी क्षमतालाई आधारभूत क्षमतामा समावेश गरिनेछ ।<br>३.३ कर्मचारी तथा जनप्रतिनिधिलाई क्रमशः सूचना प्रविधिमा क्षमता विकास गर्दै लगिनेछ । |
| **ख. संगठन तथा क्षमता विकास** | |
| १. गाउँ कार्यपालिका,न्यायिक समिति तथा वडा समितिको कार्यालयको संगठन विकास, क्षमता विकास तथा कार्य जिम्मेवारी निर्धारण गर्ने । | १.१ गाउँ कार्यपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यविभाजन र कार्यसम्पादन नियमावली अनुसार संगठन संरचना, दरबन्दी र तह निर्धारण गरिनेछ ।<br>१.२ संगठन संरचना अनुसार विषय क्षेत्र समिति, शाखा, इकाई तथा वडा समितिको कार्यालय तथा कर्मचारीको कार्यविवरण तयार कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>१.३ कार्यालयमा एकीकृत सेवा लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ।<br>१.४ संगठन तथा क्षमता विकास रणनीति सहित गाउँपालिकाको विस्तृत क्षमता विकास रणनीति तथा योजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>१.५ दरबन्दी अनुसार आवश्यक दक्ष कर्मचारी पदपूर्तिको लागि अन्तर तह समन्वय तथा पहल गरिनेछ ।<br>१.६ न्यायिक समिति कार्यकक्ष तथा ईजलास स्थापना तथा व्यवस्थापन गरिने छ ।<br>१.७ प्रत्येक वडामा मेलमिलापकर्ताको व्यवस्थापन गरी परिचालन गरिने छ । |
| २. समुदायमा आधारित संस्था तथा नागरिक समाजको क्षमता अभिबृद्धि गर्ने | २.१ गैसस तथा नागरिक समाज परिचालनको कार्यविधि निर्माण गरी सो अनुसार गैसस, समुदायमा आधारित संस्था तथा नागरिक समाज परिचालन गरिने छ ।<br>२.२ टोल विकास संस्था गठन, परिचालन र व्यवस्थापन सम्वन्धी कार्यविधि निर्माण तथा कार्यान्वयन गरिनेछ ।<br>२.३ स्थानीय आमा समूह, बाल क्लव, किशोर किशोरी क्लव, सहकारी आदिको क्षमता विकासका लागि कार्यक्रम संचालन तथा आवश्यकता अनुसार अनुदान सहयोग गरिनेछ ।<br>२.४ एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संजाल निर्माण र क्षमता विकास गरिनेछ । |
| ३. जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तथा प्रोत्साहन गर्ने | ३.१ जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास सम्वन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>३.२ वार्षिक रुपमा जनप्रतिनिधि तथा कर्मचारीका लागि संचालन गर्ने गरी क्षमता विकासका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>३.३ क्षमता विकास कार्यक्रम तर्जुमा गर्दा ज्ञान, शिप तथा सोच एवं व्यवहार परिवर्तन सम्वन्धी तालिम, गोष्ठी एवं अवलोकन उत्कृष्ट स्थानीय तह अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।<br>३.४ कार्यविधि निर्माण गरी प्रत्येक वर्ष उत्कृष्ट कर्मचारी तथा उत्कृष्ट वडा प्रोत्साहन कार्यको व्यवस्था गरिनेछ । |
| ४. सरकारी सम्पत्तिको | ४.१ गाउँपालिकाको स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ति ( |

| रणनीति | कार्यनीति |
|---|---|
| अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने | जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि व्यवस्थापन गरिनेछ ।<br>४.२ स्वामित्वमा रहेका तथा अन्य सरकारी तथा सार्वजनिक सम्पत्ति कार्यविधि निर्माण गरी सार्वजनिक हित तथा आयस्रोतको लागि परिचालन तथा व्यवस्थापन गरिनेछ ।<br>४.३ कार्यविधि तर्जुमा गरी गाउँपालिकाको सम्पत्ति भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>४.४ गाउँपालिका क्षेत्रको सरकारी जग्गाहरु पहिचान गरी हालसाविक गरिनेछ । |
| **ग. श्रोत परिचालन तथा व्यवस्थापन** | |
| १. आन्तरिक राजस्व/आन्तरिक आय बृद्धिमा जोड दिने | १.१ राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.२ आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन तथा विश्लेषण गरी राजश्व सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>१.३ कार्यविधि निर्माण गरी प्रत्येक वर्ष कम्तिमा तीन जना उत्कृष्ट करदाता प्रोत्साहन गरिनेछ ।<br>१.४ वार्षिकरुपमा प्रत्येक वडा तथा पालिकास्तरमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ<br>१.५ सम्पत्ति कर सम्वन्धी कार्यविधि तर्जुमा गरी लागु गरिनेछ । |
| २. राजश्व प्रशासन तथा संगठन विकास गर्ने | २.१ सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>२.२ राजस्व परामर्श समितिको क्षमता विकास गरि सक्रियता अभिबृद्धि गरिनेछ।<br>२.३ राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा सुधार गरिनेछ ।<br>२.४ कार्यपालिका कार्यालय तथा वडा समितिको कार्यालयमा राजश्व संकलन, अभिलेखन तथा व्यवस्थापन सूचनाप्रविधिमैत्री गरिनेछ । |
| ३. गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघ सरकारका निकायसँग साझेदारी विकास गर्ने | ३.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा नेपाल सरकारका सम्बन्धित निकायसँग नियमित वैठक, छलफल र संचार समन्वय र साझेदारी गरी स्रोत परिचालनमा बृद्धि गरिनेछ ।<br>३.२ अन्य स्थानीय तहसँग सहकार्य तथा सहयोगका लागि नीति तथा कार्यविधि तर्जुमा गरिनेछ ।<br>३.३ समपुरक एवं विशेष अनुदान बृद्धिका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले निर्धारित गरेका आधार अनुसार विस्तृत परियोजना प्रतिवेदन तथा प्रस्ताव तयार गरी संघ तथा प्रदेश सरकार समक्ष पेश गरिनेछ । |
| ४. वित्तिय अनुशासन तथा नियन्त्रणमा जोड दिने | ४.१ आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>४.२ आन्तरिक लेखा परीक्षण शाखा स्थापना, संचालन तथा प्रभावकारी व्यवस्थापन गरिनेछ ।<br>४.३ बेरुजु असुली तथा न्यूनीकरणका लागि कार्ययोजना निर्माण गरी सो अनुसार कार्य गरिनेछ ।<br>४.४ कार्यपालिका कार्यालय, वडा तथा उपभोक्ता समिति तहमा आन्तरिक नियन्त्रण प्रणाली तथा वित्तिय अनुशासन सम्वन्धी अभिमुखीकरण तथा अन्तरक्रिया नियमित रुपमा संचालन गरिनेछ । |
| **घ. विकास व्यवस्थापन** | |
| १. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकनलाई प्रभावकारी वनाउने | १.१ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्वन्धी नमुना कार्यविधि/निर्देशिका नयाँ परिवेश अनुसार अद्यावधिक एवं अनुमोदन गरी प्रभावकारी कार्यन्वयन गरिनेछ ।<br>१.२ उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्वन्धी कार्यविधि अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गरीनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ आयोजना बैंक सम्बन्धी कार्यविधि तयार गरी योजना बैंक तयार गरिनेछ<br>१.४ डिपिआर तयार तथा संभाव्यता अध्ययन आयोजना बैंक समावेश अयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ ।<br>१.५ आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरी कार्यान्वयन गरिने छ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्यांकनलाई सूचनामा आधारित र नतिजामूलक बनाउने | २.१ गाउँ वस्तुस्थिति विवरण नियमित रुपमा अद्यावधिक तथा परिमार्जित गर्दै लगिनेछ ।<br>२.२ कार्यविधी निर्माण गरी प्रत्येक वर्ष स्थानीय आवश्यकताका आधारमा ( जनसंख्या, भौगोलिक अवस्था, विकास एवं गरिवी आदि) वडागत तथा विषयगत बजेट सिमा निर्धारणको अभ्यास गरिनेछ ।<br>२.३ आवधिक योजना तर्जुमा र मध्यमकालिन खर्च संरचना तर्जुमा गरी नतिजामूलक ढाँचामा बार्षिक योजना तर्जुमा कार्यलाई ठोस उपलब्धीमूलक बनाइनेछ ।<br>२.४ नतिजामूलक प्रक्रिया अनुसार नीति, योजना तथा कार्यक्रमको नियमित, बार्षिक, मद्यावधी र आवधिक अनुगमन तथा मूल्याङ्कन अनुगमन गरिनेछ ।<br>२.५ चौमासिक र बार्षिक समीक्षा तथा प्रमुख आयोजनाको तेश्रो पक्षबाट प्रभाव मूल्याङ्कन गरिनेछ । |
| ३. सहभागिमूलक योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिने | ३.१ बार्षिक योजना तथा बजेट कार्यविधि तयार गरी सहभागितामूलक र समावेशी प्रक्रिया अनुसार वस्ति तथा वडा हुदै विषयगत समिति मार्फत योजना तथा बजेट तर्जुमा गरी कार्यपालिका र सभामा छलफल तथा स्वीकृत गरिनेछ ।<br>३.२ सवै स्तरका छलफल तथा योजना तर्जुमा प्रकृयामा लक्षित वर्ग सहित नागरिक समाजको प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गरिनेछ ।<br>३.३ वस्ति तहदेखिनै योजना तथा बजेटहरु स्पष्ट जानकारी दिई स्थानीय गौरबका, ठोस तथा उपलब्धीमूलक योजना छनौट गर्ने वडा भित्र संचालन गरिने योजनाका लागि बजेट सिमा भित्रकाआयोजना/कार्यक्रममा वडाको प्राथमिकता अनुरुप बजेट विनियोजनको व्यवस्था गरिनेछ । |
| ४. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिबृद्धि गर्ने | ४.१ कार्यविधि तयार गरी विकास साझेदार, गैसस तथा समुदायमा आधारित संस्थासंग नियमित वैठक तथा अन्तरक्रिया संचालन गरिनेछ ।<br>४.२ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्रबारे अर्न्तक्रिया गरिनेछ।<br>४.३ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रदेश र संघीय सरकारका निकायसँग समन्वय तथा साझेदारीमा योजना तर्जुमा र कार्यान्वयन गरिनेछ । |

## ८.५ प्रमुख रणनीतिक कार्यक्रम (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा सुशासन तथा संस्थागत विकासका लागि देहायअनुसारको रणनीतिक कार्यक्रम संचालन गरिने छ ।

**तालिका ११: सुशासन तथा संस्थागत विकासका लागि संचालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| रणनीतिक कार्यक्रम | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कूल लक्ष्य (०८२/८३) | | |
| **१. सुशासन, ऐन नियम तथा जवाफदेहिता** | | | | | |
| १.१ ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण तथा प्रवोधीकरण कार्यक्रम | संख्या | १८ | ६५ | २८०० | - तयार भएका ऐन, नियम, कार्यविधिहरुको प्रवोधीकरण जानकारी, अभिमुखीकरण ( प्रत्येक वडामा २ पटक र |

| रणनीतिक कार्यक्रम | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७७/७८) | कूल लक्ष्य (०८२/८३) | | |
| | | | | | गापामा १ पटक) |
| १.२ सुशासन तथा जबाफदेहिता प्रवर्द्धन कार्यक्रम | बर्ष | १ | ४ | १५०० | - सार्वजनिक सुनुवाइ कार्यक्रम (गा.पा. र वडा स्तरमा वार्षिक ३ पटक)<br>- नागरिक वडापत्रको व्यवस्थापन र नियमित (प्रत्येक वर्ष १ पटक अद्यावधिक गर्ने, नगरपालिकाको वेवसाईट्समा राख्ने, कार्यालय तथा सार्वजनिक स्थानमा राख्ने, रेडियोमा बर्षमा १२ हप्ता प्रसारण),<br>- सेवाग्राही सन्तुष्टी मापन कार्यविधि निर्माण र कार्यान्वयन |
| १.३ सेवाग्राही प्रतीक्षा कक्ष व्यवस्थापन (वडा तथा गा.पा) | वटा | ० | ८ | ५५०० | - गा.पा र सवै वडा -फर्निचर, खानेपानी, सौचालय, सुचना प्रबाहको लागि स्मार्ट टि.भी.<br>- स्तनपान कक्ष गा.पा तथा वडा कार्यालयहरुमा क्रमश: राख्दै जाने |
| १.४ सूचना प्रविधिमैत्री शासन प्रवर्द्धन | वडा | ० | ८ | १००० | - सवै वडामा र गापामा |
